CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपति प्रत्यभिज्ञा

प्रा.चूडानाथ भट्टराय

नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपति-प्रत्यभिज्ञा

प्रा. चूडानाथ भट्टराय

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपति-प्रत्यभिज्ञा

लेखक : प्रा. चूडानाथ भट्टराय

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

सर्वाधिकार : नेपाल प्रज्ञा-प्रतिष्ठानमा

संस्करण : पहिलो, वि.सं. २०३५
: दोस्रो, वि.सं. २०७८ (१,२०० प्रति)

कम्प्युटर सज्जा : रञ्जन घिमिरे

आवरण सज्जा : सीताराम राई

मूल्य : रु. १४५/-

मुद्रक : प्रज्ञा छापाखाना
कमलादी, काठमाडौँ

ISBN : 978 -9937-761-10-9

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवं प्रवर्धन गर्दै तत्‌विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जनआन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवं नाट्य-सङ्गीत विधालाई छुट्याई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, साहित्य, संस्कृति, धर्म, दर्शन, सामाजिक शास्त्र आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्‌का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेका छन् । यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ । यसरी स्पष्ट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवं ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ ।

गङ्गा प्र. उप्रेती

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन/अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो। नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्ने नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो। नेपाल प्रज्ञा-प्रतिष्ठान स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन/अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्वसामु नेपाललाई चिनाउने काममा लागिरहेको छ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभाग छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आआफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन्। युगअनुसार नेपालीहरूका बिच आपसी सद्भाव बढाएर नेपालको अस्मितालाई कायम राखिराख्न सघाउ पुऱ्याउने खालको अध्ययन/अनुसन्धानमा नेपाल प्रज्ञा-प्रतिष्ठान निरन्तर रूपले अगि बढिरहेको छ।

यस प्रज्ञा-प्रतिष्ठानले केन्द्रीय र विभागीय परियोजनाअन्तर्गत सम्बद्ध विषयका विद्वान्/विदुषीहरूद्वारा तयार गरिएका अनुसन्धान प्रतिवेदनहरूलाई पुस्तकाकार कृतिका रूपमा प्रकाशन गर्ने एवम् विगतमा विभिन्न कालखण्डमा प्रकाशित तर हाल अप्राप्य अवस्थामा रहेका महत्त्वपूर्ण ग्रन्थहरूलाई आवश्यकता र औचित्यका आधारमा पुनः प्रकाशन गर्ने नीति लिएको छ। यसै सन्दर्भमा पौरस्त्य दर्शनका विशिष्ट विद्वान् प्रा. चूडानाथ भट्टराय (वि.सं. १९७५-२०५३) द्वारा लिखित र तात्कालिक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित 'पशुपति-प्रत्यभिज्ञा' नामक ग्रन्थलाई पुनः प्रकाशन गरिएको छ। यसबाट तन्त्रको विषयवस्तु, पशुपति दर्शन, शैव

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दर्शन, सेश्वर दर्शन, गोरक्ष सम्प्रदाय र प्रत्यभिज्ञा-परिदर्शनका बारेमा अध्ययन/अनुसन्धान गर्न इच्छुक सर्वसाधारण पाठकदेखि विद्वान्/विदुषीहरूसमेत लाभान्वित हुने अपेक्षा गरिएको छ । यस्तो महनीय ग्रन्थका लेखक कीर्तिशेष चूडानाथ भट्टरायप्रति उच्च सम्मानसहित भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । पुराना महत्त्वपूर्ण ग्रन्थहरूको पुनः प्रकाशन गर्ने कार्यमा तन्मयतापूर्वक लाग्नुभएका सदस्य सचिव एवम् दर्शनशास्त्र विभाग प्रमुख प्रा. जगत्प्रसाद उपाध्यायलाई हार्दिक धन्यवाद दिन्छु । यस पुस्तकलाई पुनः प्रकाशन गर्ने सन्दर्भमा भाषासम्पादनसहित सुसाङ्ख्य टङ्कन गर्ने टेकनाथ पाण्डेय, तन्त्रका संस्कृत श्लोकहरूको शुद्धाशुद्धि हेरिदिने डा. माधव लामिछाने, सुसाङ्ख्य सज्जा गर्ने ना.सु. रञ्जन घिमिरे, आवरण सज्जा गर्ने सीताराम राईलगायत योजना तथा कार्यक्रम एवम् प्रकाशन शाखासँग सम्बद्ध समस्त कर्मचारीलाई साधुवाद प्रदान गर्दछु ।



(डा. जगमान गुरुङ)
उपकुलपति
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रथम संस्करणको प्रकाशकीय

भूमिका

श्री पशुपतिनाथ विराजमान हुनुभएको देशका निवासी नेपालीहरूले पाशुपत दर्शनसित परिचित हुनु उनीहरूको कर्तव्य नै हो। प्राध्यापक श्री चूडानाथ भट्टरायले शैवदर्शनका मूल सिद्धान्तसित हाम्रो परिचय गराउने उद्देश्यले गरेका पाँच ओटा प्रवचनहरूको यो सङ्ग्रह उपकारी तथा ज्ञानवर्द्धक पुस्तकका रूपमा ग्रहण गरिएला भन्ने मेरो आशा छ। यसको पठनद्वारा पाशुपत दर्शनका मूल सिद्धान्तसित पाठकहरूको राम्रो परिचय होला भन्ने पनि मलाई लागेको छ।

सूर्यविक्रम ज्ञवाली
कुलपति

२४-१-२०३५ नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रथम संस्करणको मन्तव्य

मन्तव्य

नेपालमा प्राचीनकालदेखि नै पाशुपत धर्मको प्रचार भइसकेको अनुमान हुन्छ, किनभने यस काठमाडौं उपत्यकाको विशेष पशुपति क्षेत्र शैवसम्प्रदायको एक महत्त्वपूर्ण केन्द्र रहिआएको कुरा पशुपति मन्दिर वरिपरि पाइने लिच्छविकालका कैयन् शिवलिङ्गहरूले प्रमाणित गर्दछन्। यस्ता शिवलिङ्गहरूमा लिच्छविकालीन अभिलेख पनि अङ्कित भएको पाइन्छ। त्यसो त पशुपति क्षेत्रबाहेक अन्यत्र ठाउँमा पनि प्राचीन शिवलिङ्ग प्रशस्त पाइन्छन्।

शिवलाई अनेक रूपले पुजिने हुनाले शिवलिङ्गबाहेक शिवका, शिव-पार्वतीका तथा उमामहेश्वरका कैयन् प्राचीन मूर्तिहरू छन्। यसबाट शैवधर्मको महिमा तथा लोकप्रियताका विषयमा थाहा पाइन्छ। यस्ता जटिल विषयलाई लिएर दर्शनका एक जना वरिष्ठ विद्वान् तथा प्रज्ञा-प्रतिष्ठानका सदस्य प्रा. चूडानाथ भट्टरायले शैवधर्मका अनेक महत्त्वपूर्ण पक्षलाई लिएर दिनुभएका प्रवचनहरूको सङ्कलन गरी पुस्तकका रूपमा प्रकाशित गर्न पाउँदा हामीलाई खुसी लागेको छ। यसको अध्ययनले शैवधर्मप्रति रुचि लिने तथा यस विषयमा शोध कार्य गर्ने विद्यार्थीहरूका निम्ति धेरै उपयोगी होला भन्ने आशा छ।

११ आश्विन २०३५ प्रज्ञा-भवन,
कमलादी, काठमाडौं।

लैनसिंह बाङ्गदेल
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. पशुपति- एक अध्ययन दार्शनिक पृष्ठभूमिमा	११
२. श्री पशुपति दर्शन	२९
३. शैवदर्शनः एक परिशीलन	४४
४. सेश्वर-दर्शन र गोरक्ष सम्प्रदाय	६५
५. प्रत्यभिज्ञा-परिदर्शन	८०
६. सम्बद्ध चित्रहरू	९६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपति- एक अध्ययन दार्शनिक पृष्ठभूमिमा

श्री पार्वती परमेश्वरको परम पावनक्षेत्र हिमवत्खण्डमा पुण्य सलिला वाङ्मतीका समीपस्थ देवपत्तनमा अद्यावधि देवाधिदेव श्री पशुपतिको भव्य मूर्ति विराजमान छ। विश्वमा एक मात्र हिन्दु अधिराज्य नेपालको यो गौरवको प्रतीक र अधिराज्यको अधिष्ठाता देवताका रूपमा पशुपतिको प्रतिष्ठा छ। विश्वभरका हिन्दुहरू चन्द्रमौली श्री पशुपतिनाथको दर्शन गर्न धाउँछन्। भगवान् भूतभावन शङ्करको दर्शन गरेर आफूलाई भाग्यशाली ठान्दछन्। पशुपतिनाथको मन्दिर हाम्रो स्थापत्यकलाको एक अमूल्य कृति हो भने यो शिवलिङ्ग हाम्रो मूर्तिकलाको ज्वलन्त उदाहरण भएको छ। नेपालीहरूले पशुपतिनाथको अर्चना र आराधना गर्न हनुमानढोका राजप्रासादको समीपमा र भक्तपुरमा पनि पशुपतिको मन्दिर खडा गराएको देखिन्छ। यसरी पशुपतिलाई परापूर्वकालदेखि नै नेपालीले आफ्ना आराध्यदेव मानिआएका हुन्। जहाँसम्म मेरो विचारमा अरू क्षेत्रीय विकास केन्द्रमा पनि आधिदैविक विकासक्रममा सर्वप्रथम पशुपति मन्दिरको निर्माण हुनुपर्छ र चौधै अञ्चलमा अञ्चलेश्वरका रूपमा पशुपतिको मूर्ति स्थापना गरी जनमानसमा सुख र शान्ति समृद्ध पार्न तत्पर हुनुपर्छ धर्मप्राण नेपालीले।

शिवका अनेक स्वरूपमा नेपालीले पशुपतिलाई किन प्रमुखता दिए यसमा विचार गर्नु अत्यावश्यक छ। पुर्खाको बुद्धिमत्तालाई हामीले बुझ्नुपरेको छ। यो संयोगवश भएको घटना पनि होइन। यदि हामीले यस विषयलाई केलाएर हेर्‍यौं भने यो रहस्य स्वतः हामीलाई खुल्ने छ।

हिन्दुको सर्वस्व भन्नु वेद हो। ब्राह्मण वर्गले यस ज्ञाननिधिलाई अद्यावधि जोगाएर सर्व प्राचीन ग्रन्थ ऋग्वेद मनुष्य समाज समक्ष उपहार दिएको छ। श्रुतिको प्रामाण्य धार्मिक जगत्मा सर्वोत्कृष्ट छ भन्ने कुरा मीसांसाले हामीलाई उद्‌बोध गराएको छ। यसो हुँदा वेदमा हामीले शिवतत्त्वको स्वरूप खोज्दा त्यहाँ शिवको पूर्वरूपमा रुद्र र पशुपति देखापर्छन्। हुन त रुद्र नै पशुपति हुन् तर रौद्र रूपमा उनी रुद्र छन् भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पालक हुन्छन् उनी पशुपति रूपमा। नेपालीले उनलाई पालक रूपमा आराधना गरी हरियो वन नेपालको धन भनी नेपाललाई पाशुपत क्षेत्र बनाए। पशुपति- यस शब्दको वाच्यार्थ हुन्छ पशुका मालिक। पशु शब्दको निरुक्ति यस्तो छ- पश्यति - दृश् - कु, पशादेश। यसको अर्थ हुन्छ देखिने प्राणी। प्राणीमा एक थरी खोजेर हेर्नुपर्छ तिनलाई मृग धातुबाट सिद्ध गरिन्छ र आरण्यक चौपायालाई मृग भनिन्छ। ग्राम्य चौपायालाई भने पशु भनिन्छ। पशुहरूका पति भनेर भन्नुअघि वेदले परिगणन गरिएका पशुमा दुईखुट्टे मान्छे पनि पर्छन्।

हामी यसबारेमा यस मन्त्रलाई प्रमाणकोटीमा अघि सार्न सक्तछौं-

चतुर्नमो अष्टकृत्वो भवाय दशकृत्व पशुपते नमस्ते

तवेमे पञ्च पशवो विभक्ता गावो अश्वा पुरुषा अजावयः॥ -(११।२।९ अथर्व)

अर्थात् यहाँ पशुको विभाग गर्दा गौ, अश्व, पुरुष, अज र अवि (मेष) छन्। गाई, घोडा, मान्छे, बाखा र भेडालाई पशुका विभागमा पारेको स्पष्ट पाइन्छ। चार पटक, आठ पटक भवलाई नमस्कार छ, पशुपति तिमीलाई दशबार नमस्कार छ। तिम्रा यी पाँच पशु विभक्त छन्, जुन गौ, अश्व, पुरुष, अज र अवि हुन्। यस मन्त्रको यो अर्थ हो रुद्रको रौद्र रूपमा सन्त्रस्त भएका आर्यहरूले आफ्नो रक्षा गर्न र रुद्रका बारेमा आफ्ना धारणालाई खुबै स्पष्ट पारी ऋक् यजुः संहिता भागमा र ब्राह्मण आरण्यक भागमा पनि धेरै नै भनेका छन्।

ऋग्वेदमा हामीले पशुपतिलाई उल्लेख गरेको एक ठाउँमा पाउँछौं। त्यो मन्त्र यस प्रकारको छ, जुन सन्त्रस्त भएर कुत्स आङ्गिरसले जगती छन्दमा रुद्रलाई यसरी प्रार्थना गर्दै भनेका छन्-

मा नो महान्तमुत मा नो अर्भकं मा न उक्षन्तमुत मा न उक्षितम्।
मा नो वधीः पितरं मोत मातरं मा नः प्रियास्तन्वो रुद्ररीरिषः॥ -१।११४।७
मा न-स्तोके तनये मा न आयुषि मा नो गोषु मा नो अश्वेषु रीरिषः।
मा नो वीरान् रुद्रभामिनो वधीर्हविष्मन्तः सदमित्वा हवामहे॥ -१।१४।७
उप ते स्तोमान पशुपा इवाकरं रास्वापितर्मरुतां सुम्नमस्मे।
भद्रा हि ते सुमति मृडयत्तमाथा वयमव इत् ते वृणीमहे॥ -१३११४१६

माथिका दुई मन्त्र "मा नो महान्तम् र मा न-स्तोके" यजुर्वेदको सोह्रौं अध्यायमा १५ औं र १६ औं मन्त्रका रूपमा पनि पाइन्छन् तर त्यसमुनिको "उप ते स्तोमान् पशुपा इवाकरम्" भन्ने मन्त्रको उल्लेख भने यजुःमा छैन। यसो भन्दैमा यजुर्वेदले पशुपतिलाई छाडेको भनेको होइन। त्यहाँ त अझ विशद रूपमा स्तुति गरेको पाइन्छ। अघिका दुई मन्त्रपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१७ मन्त्रमा "पशूनां पतये नमो नमः" भनेर भनेको छ। रुद्रलाई गिरिश, गिरित्र आदि विशेषणले विभूषित गरेको पनि पाइन्छ। जस्तै - गिरिशन्नाभिवाकशीहि, यामिषुं गिरिशन्त हस्ते विभर्ष्यस्तवे, शिवां गिरित्र तां कुरु, गिरिशाच्छावदामसि इत्यादि। यताबाट पर्वतेश्वरका रूपमा पशुपति (रुद्र) लाई मानेको पाइन्छ। फेरि ऋग्वेदको द्वितीय मण्डलको ३३ औं सूक्तमा गृत्समद भार्गव शौनकद्वारा रुद्रलाई त्रिष्टुप् छन्दबाट प्रार्थना गर्दा भेषज हस्त भनेर रुद्रलाई -

त्वादत्तेभी रुद्र शतमेभिः शतं हिमा अशीय भेषजेभिः
व्यस्मद्द्वैषौ वितरं व्यंहो व्यमीवाश्चातयस्वा विसूचीः ॥ - २।३३।२

भनी सय हिम रहने चाहना गरिएको छ। यहाँ हिम शब्द छ र गिरिशको भनी उनलाई भनेकाले हिमालय नै शिवको वासस्थान भनी अर्वाचीन आचार्यको भनाइ वेदसम्मत नै रहेको देखिन्छ र हिमवत्खण्डमा पशुपतिको महत्ता वैदिक कालदेखि हुनुपर्छ। ब्राह्मण कालमा सम्राट् जनक र योगीश्वर याज्ञवल्क्यले ब्रह्मसंवाद गरेको कुरा बृहदारण्यक उपनिषत्मा हामीलाई थाहा नभएको होइन। जनकपुर सम्राट् जनकको राजधानी भन्ने मान्यता वैदिक, पौराणिक तथा धार्मिक परम्पराबाट हिन्दु समाजले आजसम्म दिएको छ। जनकपुर नेपाल अधिराज्यभरको पुण्यस्थलमध्ये एक प्रमुख धाम हो। अर्थात् वेदमा पनि ठाउँ ठाउँमा पशुपतिलाई लिएर मन्त्रहरू प्रयुक्त भएका छन्। जस्तै -

'य ईशे पशुपति पशूनां चतुष्पदामुत यो द्विपदाम्'
-का. १। सू. ३४। म. १ अथर्व
'भूतपती पशुपती नमो वाम् ... ...' - ११।२।१ अथर्व
'मक्षिकास्ये पशुपते ... ...' - ११।२।२
'मुखाय ते पशुपते ... ...' - ११।२।५
'सनो मृड पशुपते नमस्ते ... ...' - ११।२।११
'तव यक्षं पशुपते अश्वन्त ... ...' - ११।२।२४
'पशुपतिर्वभूथ ... ...' - ११।२।२८ इत्यादि।

शुक्लयजुर्वेदमा हामी रुद्रपरक मन्त्रमा पशुपतिको उल्लेख धेरै ठाउँमा पाउँछौं, जस्तै -

'नमः शर्वाय च पशुपतये च नमो ... ...' - १६।२८ यजुः
'नमः शङ्कराय च पशुपतये च नमः ... ...' - १६।४० यजुः
'रुद्राय पशुपतयेः ... ...' -२४।३
'पशुपतेः पुरी तत् ... ...' - ३९।९

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आखिरमा यताबाट रुद्रका रूपमा पशुपतिलाई वेदले ज्यादै महत्त्वपूर्ण स्थान दिएको देखिन्छ। यो कान्तिपुरीलाई "पशुपतेः पुरी तत्। ..." भन्न नमिल्ने पनि होइन। गीताले एकादशरुद्रमध्ये "रुद्राणां शङ्करश्चास्मि" भनेको र "नमः शङ्कराय च पशुपतये च नमः" पनि पाइएकाले समेत रुद्रमध्ये शङ्कर रूपमा पशुपतिलाई मान्नु हामीलाई उपयुक्त नहुने होइन।

महाभारत अनुशासनपर्व १६३ अध्याय, १३ श्लोकमा पशुपतिको वर्णन गर्दा यस्तो कुरा उल्लेख गरेको पाइन्छ। जो सर्वथा पशुहरूलाई रक्षा गर्छ, तीसँग रमाउँछ र तिनको जो अधिपति छ, त्यस्तै हुँदा तिनलाई पशुपति भनिन्छ। यही अर्थको श्लोक यो हो -

सर्वथा यत् पशून् पाति तैश्च यद्रमते पुनः।
तेषामधिपतिर्यश्च तस्मात् पशुपतिरुच्यते ॥

सिन्धुघाटीमा पाइएको एक शीलचित्रमा पुरुषदेवताको दुवैतिर एक व्याघ्र, एक हात्ती, एक गैंडा, एक राँगो देखाइएको छ। उनको सिंहासनमुनि दुईटा मृगहरू छन्। यस प्रकार सायद उनलाई पशुपति मानिएको होला। यी देवता वैदिक रुद्रसँग तादात्म्य भई यिनका उपासक रुद्रका उपासक मानिन थाले। यसरी पशुपतिका विषयमा खोजी हुँदा पाइएका शीलचित्र पनि प्रमाणकोटीमा आउँछन्। पछि शिवलिङ्गको विकासक्रमलाई लिएर पुराणादिले कथेका कुरा पनि पछि प्रस्तुत गर्ने नै छु।

वेदमा प्राकृतिक प्रतीकका रूपमा रुद्रलाई अग्निको स्वरूपमा प्रस्तुत गरेको र भावात्मक रूप दिँदा रुद्र मन्युका प्रतीक भएका पनि देखिन्छन्। यसलाई रामायण, महाभारत र पुराणहरूमा पनि आफ्नै पाराले समन्वय कायम गर्न थरी थरीका मिथ खडा गरिएको देखिन्छ। जस्तै गृत्समद ऋषिले जगती छन्दले अग्निको स्तुति गायनमा अग्निलाई रुद्र भनेर यसरी भने -

त्वमग्ने रुद्रो असुरो महोदिवस्त्वं शर्धो मारुतं पृक्ष ईशिषे। -२।१।६ ऋक्
यसै गरी अथर्व वेदमा रुद्र औ अग्निमा तादात्म्य गरेको पाइन्छ।
यो अग्नौ रुद्रो यो अप्स्वन्तर्य औषधीर्वीरुध आविवेश।
य इमा विश्वा भुवनानि चाक्लृपि तस्मै रुद्राय नमो अस्त्वग्नये ॥
-७।८७।१ अथर्व

अग्नि र रुद्रको तादात्म्यलाई लिएर कृष्णयजुर्वेदमा एउटा कथा कथेर रुद्र र अग्निलाई ऐक्य प्रतिपादन गरेको पाइन्छ, जुन यस प्रकारको छ-

"देवासुराः संयत्ता आसन्ते देवा विजयमुपयन्तोऽग्नौ वामं बसु संन्यदधतेद्वमु नो भविष्यति यदि नो जेष्यन्ती। तदग्निर्यकामयत

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेनापाक्रामत् तद्देवा विजित्यावरुरुत्समाना अन्वायत् तदस्य सहसाऽदित्सन्त, सोऽरो दीद्यदरोदीत्तद्रुद्रस्य रुद्रत्वम् ।" - १।५।१ तैत्तिरीय संहिता

भावात्मक रूपमा रुद्रलाई मन्युको रूप दिएर वाजसनेयी संहिताले रुद्रलाई नमस्ते गर्दा भनेको छ -

"नमस्ते रुद्र मन्यव उतो त इषवे नमः । - १६ शु. य.

तवलकार ब्राह्मणले यसलाई बढाएर यस रूपमा प्रस्तुत गरेर नयाँ स्वरूप दिन्छ यसरी -

"देवा वै सत्रमुपयन्तोऽब्रुवन् यन्नः क्रूरम् आत्मनस्त निर्मिमावहै मा सक्रूरा उपगमामेति । तद् यदेषां क्रूरम् आत्मनः आसीत् तौ निर्माय सरावयोः संमार्जं न्यदधुः । अतः सत्रमुपायन्स्तत एषोऽखलो देवोऽजायत तद्यच्छर्वाभ्याम् अजायत तम्यैतन्मामैष हा वाव सोऽग्नि जज्ञे ।

यसै गरी शिवको उग्र रूपप्रति देवीको प्रश्नप्रति प्रत्युत्तरमा शिवको यो उक्ति पाइन्छ- महाभारतमा-

द्विविधो लौकिको भावः सितमुष्णमिति प्रिये । - २३
तयोर्हि ग्रथितं सर्व सौम्यग्नेमिदं जगत् ॥ - २४
सौम्यत्वं सततं विष्णौ मय्याग्नेयं प्रतिष्ठितम् ।
अनेन वपुषा नित्यं सर्वलोकान् विभर्म्यहम् ॥ -२५ अनु. ११४ अ.

यसरी अग्निलाई शिवरूप मानेमा भस्मदिग्ध, दिगम्बर, पिङ्गल, जटाकुल, कपिलश्मश्रु, रौद्र, भयानक आदि विशेषण सार्थक हुन्छन् । आगो खरानीले युक्त हुन्छ, अग्निले कुनै वस्त्र धारण गर्न सक्ने होइन, उसको धूममण्डल पिङ्गल जटाकुल हुन्छ, उसको श्मश्रु कैलो हुने र ऊ डरलाग्दो हुन्छ ।

धूमलाई अग्निको केश मानेर समन्वय गर्न अर्को मन्त्र यस सन्दर्भमा प्रस्तुत गर्नु आवश्यक भएको छ, जो माथिको कुराको प्रमाणलाई आधार बन्न सक्तछ ।

केश्यग्निं केशी विषं केशी बिभर्ति रोदसी ।
केशी विश्वं स्वर्दृशे केशीदं ज्योतिरुच्यते ॥ -८।१३६।१
वायुरस्मा उपामन्थत्, पिनष्टिस्मा कुनन्नमा ।
केशी विषस्य पात्रेण यद्रुद्रेणापिबत् सह ॥ -८।१३६।७ ऋक्

अब रुद्रको विषपानको सङ्केत यहाँ मिल्छ, जो पुराणादिमा गएर यसले कथाको रूप लिएको छ । जस्तै-

अपिबत् तद् विषं रुद्रः कालानलसमप्रभम् ।
यस्मात्तु नीलिमा कण्ठे नीलकण्ठस्ततः स्मृतः ॥ -म.भा.आ.पर्व १३।२६

वेदले पनि पशुपतिलाई यस अघि नीलग्रीव मानेको पाइन्छ । जस्तै -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च ।
-१६।२८ शु. यजुः

प्रश्नोपनिषद्मा कबन्धी कात्यायनले परमर्षि पिप्लादलाई सोधेका छन् - "भगवन् कुतो ह वा इमाः प्रजा प्रजायन्त" भनेर । तिनलाई उनले भने रयि र प्राण यी दुईले नै धेरै प्रजा बनाउँछन् भनी "आदित्यो ह वै प्राणो रयिरेव चन्द्रमा" भनी सौम्यभाव र आग्नेयभाव अर्थात् तातो र चिसो मिलेर प्राणी पैदा हुने सङ्केत गरेको कुरा अनुशासनमा त्यस रूपले "सौम्याग्नेयमिदं जगत्" भनेको हुन सक्तछ। ब्रह्मपुराणले रुद्रको मन्युरूपलाई वैदिक परम्परानुसार अघि भनेझैँ यसरी लेखेको पनि पाइन्छ। जस्तै-

स एव रुद्ररूपी स्याद् रुद्रो मन्युः शिवोऽभवत् ।
स्थावरं जङ्गमं चैव सर्वं व्याप्तं हि मन्युना ॥ ब्रह्मपुराण १६२।१७

विषपानबारे- "केशी विषस्य पात्रेण यद्रुद्रेणापिवत् सह ।" भनी वेदले केशीले विषपान रुद्रसँग गरे भनिएको छ । तर यही कुरा वाल्मीकिले आफ्नो रामायणमा विषपानको प्रसङ्ग यसरी वर्णन गरेको पाइन्छ-

हालाहलं विषं घोरं संजग्राहामृतोपमम् ।
देवान् विसृज्य देवेशो जगाम भगवान् हरः ॥ बालकाण्ड सर्ग ४५, श्लोक २६

महाभारतमा रुद्रको विषपान गर्दाको विशेषणलाई हेर्दा "कालानलसमप्रभम्" भनी कालानलतुल्य भनी अग्निको साहचर्यसँग सङ्केत गरेको देखिन्छ ।

यी सबै प्रसङ्गका साथै स्कन्दको उत्पत्तिको कथा यसमा बढी विचारणीय छ । कुमारसम्भवलाई महाकवि कालिदासले समेत महाकाव्यको विषयवस्तु मानेका छन् । त्यहाँ महाभारतको शल्यपर्व ४४ अध्यायमा यसो भनिएको छ - माहेश्वर रेत अग्निमा प्रक्षेपण भयो । उनले गङ्गामा राखे, गङ्गाले धारण गर्न नसकी त्यो गर्भ हिमालयमा छाडिन् । कृत्तिकाहरू यो मेरो छोरो भनेर कराए अनि छ कृत्तिकालाई प्रसन्न पार्न छ मुख भएर पिए र उनी कार्तिकेय भए ।

महाभारतकै वनपर्वमा अर्को रूपमा स्कन्दको जन्मबारे यस प्रकारको कथा छ - 'परापूर्वकालमा देव-दानवको युद्ध भइरहन्थ्यो । देवहरूलाई दानवहरूले सताइरहन्थे । इन्द्रले वीर सेनानी जन्माउन अग्निलाई डाके । सप्तर्षि त्यहीँ थिए । अग्नि सूर्यमण्डलबाट आए, ऋषिपत्नी देखेर कामपीडित भए । अग्नि ब्राह्मण स्त्रीलाई नपाएर वन पसे । दक्षकी छोरी स्वाहाले त्यो कुरा बुझी सप्तर्षि पत्नीको रूप लिएर काम शान्त गरिन्, अरुन्धतीको रूप

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिन सकिनन् । छ ओटीको रूप लिएर अग्निको वीर्य कुण्डमा हालेर उनी स्कन्दका रूपमा आए । यसको अन्त्यको एक श्लोक यस सन्दर्भलाई पुष्टि गर्ने भएकाले यहाँ यो कथा भन्नु असङ्गत हुन गएको होओइन भन्ने लाग्छ ।

रुद्रमग्निं द्विजाः प्राहुरुद्रसूनुस्मृतस्तु सः ।
कीर्त्यते सुमहातेजः कुमारोऽद्भुतदर्शनः । ३४॥
पूज्यमानं तु रुद्रेण दृष्ट्वा सर्वे दिवौकसः ।
रुद्रसूनुं ततः प्राहु गुहं गुणवतां वरम् ।३६।
अनुप्रविश्य जातेन वह्नि जातोऽप्ययं शिशुः ।
तत्र जातस्ततः स्कन्दो रुद्रसूनुस्ततोऽभवत् ॥ - (३७।१४ वनपर्व)

अग्निलाई रुद्र भन्ने परम्परा महाभारत कालसम्ममा प्रसिद्ध रहेछ भन्ने कुरा यी माथिका श्लोक र यससँग सम्बद्ध कथानकले पनि परिपुष्ट गर्छन् ।

साहित्यमा मन्युको भावलाई स्थायित्व प्रदान गर्दा रुद्रको भाव भनेर रसको नामकरण गर्दा रौद्र रस मानेको पनि सुसङ्गत हुन गएको भान हुन्छ । बाह्यरूप रुद्रको अग्नि र अन्तररूप चाहिँ मन्यु हुन जाँदा क्रोधमा रहेको प्राज्ज्वल्यले वह्निको साधर्म्यलाई लिएर पनि यसो भएको हुन सक्तछ ।

अग्निलाई रुद्रसँग अलग्याएर भेद प्रतिपादन गरेका मन्त्रहरू पनि छन् । जस्तै -

इन्द्रं नो अग्ने वसुभिः सजोषा, रुद्रं रुद्रेभिरावहा बृहन्तम् । -७।१०।४ ऋक्.
उग्रं मरुद्भी रुद्रं हुवेमेन्द्रमग्निं स्वस्तये अति द्विषः । -१०।१२६।५ ऋक्.

यी मन्त्र पढेर माथि बनाएको धारणा धराशायी गर्नुपर्ने कुरा छैन । वेदका यिनै परस्परका अमिल्दा कुरालाई समन्वय गर्न महर्षि जैमिनिले मीमांसासूत्र रचे पूर्वमीमांसामा, उत्तरमीमांसा अर्थात् औपनिषद् भागलाई जोडेर विमर्श गर्न महर्षि व्यासले सूत्रको रचना गरे । वेदको विमर्शलाई महर्षिहरूले अधिकरण तयार गरी त्यसलाई आधार मानी समालोचनाको सिद्धान्त स्थिर गरेर वाक्य विमर्श गरी मीमांसाशास्त्रले वाक्यार्थ गर्न सजिलो पारेको छ । तर आजभोलि त्यसरी मन्त्र ब्राह्मण-आरण्यक-उपनिषद्का अर्थ गर्ने परिपाटीको उपेक्षा गरी मीमांसाशास्त्रलाई पर सारेर मनोमानी वेदको अर्थ गर्न थालिएको छ । यसले गर्दा वेदमाथि ठूलो प्रहार हुँदै छ र वेदको मर्म खुलाउन सकिएको पाइँदैन । भनेको छ आजभोलिलाई सम्झेर पहिले नै यसरी -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विभेत्यल्पश्रुताद्वेदो मामयं प्रहरिष्यति ।

अल्पश्रुतसँग वेद डराउँछ, किनभने यसले मलाई प्रहार गर्ने छ भनेर । वेदलाई जान्न र सम्झन इतिहास र पुराणको ठुलो भूमिका रहेको छ । भनेको पनि छ -

इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् ।

ऋग् र यजुः दुवै भाग हुन् वेदका । केही प्रतीक लिएर प्रकृतिको रहस्यलाई मार्मिक बिम्बको रूप दिई उद्घाटन गर्दा कुरा बुझिँदैन। त्यसलाई पुराणले मानवीय पक्षको मानसिक परिणतिलाई जोगाउन कथानकका रूपमा कथेर प्रस्तुत गरिदिन्छ । हाम्रो इतिहासको सत्य रूपमा आदर्श र लोककल्याणकारी भावना जोगाउने मिथ मिसिन गएकाले आजभोलिको तिथिमितिलाई महत्त्व दिने ऐतिहासिकता रहँदैन । आजको पाराले यदि वेद, स्मृति, इतिहास र पुराण पढ्ने हो भने परस्परको असङ्गति देख्दा हामी अन्योल हुने स्थितिमा छौँ । वास्तविक तत्त्वलाई उनीहरूले विमर्श गर्न बनाएको बाटो छाडेर आफ्नै पाराले विचार गर्दा यस स्थितिमा हामीलाई गुज्रनुपरेको स्पष्ट प्रतीत भएको छ मलाई । प्राच्य परम्पराको सूत्र समातेर सबै बुझाइदिने गुरु हामीबाट बिदा भए । आचार्य कहाँ उपनयन गरेर उसलाई सबै किल्ली बताइदिने गुरुकुल लोप भयो यता, उता पाश्चात्त्य दृष्टिले ग्रन्थ लगाउँदा वेदको विमर्श गर्ने यो नयाँ परिपाटी स्वयं आफैमा दिग्भ्रान्त भएको छ । यस किसिमको नयाँ व्याख्याले हाम्रो इतिहास, पुराण सम्प्रदाय आदिको सर्वनाश द्रुततर गतिले हुँदै छ। हाम्रो संस्कृतको पठन-पाठन पनि पाश्चात्त्य प्रणालीमा नै गएकाले आजका संस्कृतज्ञ विद्वान्मा मीमांसा गर्ने क्षमता नै रहेन । वेदको षडङ्गमा एक अङ्ग पनि राम्ररी नबुझी जीवन बित्ने पाठ्य प्रणाली वेद संरक्षणका लागि कामयाबी हुने कुरै भएन । वेदको विषयवस्तु बुझ्ने विधा ऋषिहरूले प्रस्तुत गरिदिएका छन् । तर हामीमध्ये कोही त्यो नहेरी अर्काले भनेका दुई-चार कुरा फलाकेर पण्डितमानी हुन्छौँ । हाम्रो वेदलाई धेरै थोत्रो जीर्णशीर्ण बासाभित्र बाँधेर गातामा फूल-अक्षता चढाई हामीमध्ये कोही अन्धविश्वासी बन्छौँ भन्ने लाग्छ मलाई ।

पशुपति शब्दले पशुका मालिक भन्ने निरुक्ति बुझिन्छ भने रुद्र शब्दको निरुक्ति गर्दा अश्रुविमोचनार्थक रुद् धातुबाट रक प्रत्यय गरेर यो शब्द तयार पारेको देखिन्छ । आँसु झार्ने, कराउने, रुने रुद्र भएकाले र उनकै आँसुबाट चाँदी भएको हुँदा “बर्हिषि रजतं न देयम्” अर्थात् आँसुबाट बनेको चाँदी यज्ञमा दक्षिणा दिन निषेध गरिन्छ र यज्ञको दक्षिणा हिरण्य हुन्छ, श्राद्धको भने रजत । याज्ञिक दक्षिणा रजत दिए वर्षदिनभित्र घरमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रुवाबासी हुने अर्थवाद पनि छ। यो प्रसङ्ग थाल्नुपर्ने कुरा के हो भने हामीले रुद्रको रूप अग्निका अतिरिक्त अरू पनि मानेका छौँ। पाश्चात्त्य विद्वान्हरूले एक मन्त्रमा कहीँ एक रूप देखे भने त्यही सत्य मानी अरूको खण्डन गर्ने प्रवृत्ति लिएका छन्। त्यो पछि म स्पष्ट पार्ने छु। पहिले रुद्रको उत्पत्तिका बारेमा ब्राह्मण ग्रन्थका केही आवश्यक अंश यहाँ उद्धृत गर्छु।

कौशीतकि ब्राह्मणमा प्रजापतिले तप गरे। त्यस तपबाट अग्नि, वायु, आदित्य, चन्द्रमा र उषाको उत्पत्ति भएको मानी उषामा रेत सेचेका कुरा कथेर यौनसम्बन्धको मानसिक ग्रन्थि फुटाएपछि यस प्रकारको वाक्य पाइन्छ-

भव एवेति यद् भव आपः
शर्व एवेति यच्छर्वोऽग्निः
पशुपतिरेवेति यत् पशुपतिर्वायुः
उग्र एव देव इति यदुग्रो देव ओषधयो वनस्पतयः
महादेव इति यन्महादेव आदित्यः
रुद्र एवेति यद्रुद्रश्चन्द्रमाः
ईशान एवेति यदीशानोऽन्नम्
अशनिरेवेति यदशनिरिन्द्रः
स एषोऽष्टनामाष्टविहितो महान् देवः।

- कौशीतकी ब्राह्मण, अध्याय ६ मन्त्र १

यहाँ भव, शर्व, पशुपति, उग्र, महादेव, रुद्र, ईशान र अशनि आठ नाम छन् र यिनको बाह्य प्राकृतिक रूपमा जल, अग्नि, वायु, औषधि, आदित्य, चन्द्रमा, अन्न र इन्द्र (मेघ) लाई मानिएको पाइन्छ। मन्त्र भागमा रुद्रलाई ओषधिको बारेमा भन्दा-

'रुद्रस्य मूत्रं अमृतस्यनाभिः' -६।४४।३
'रुद्रो भूम्ने चिकित्सतु।' -६।१४१।१
आदित्य र सोमका बारेमा -
'आदित्या रुद्रावसव उदन्तु सचेतसः।' - अथर्व
'सोमस्य राज्ञो वयतः प्रचेतसः।' -६६८।१ - अथर्व
शर्व र भवप्रति भन्दा -
'शर्वायास्त्र उतराज्ञे भवाय' - ६।९३।२ अथर्व
महादेव भनेर पनि यसरी भनेको छ -
'मित्रश्च वरुणश्चासौ त्वष्टा चार्यमा च दोषणी महादेवो बाहुः।'

- ९।७।७ अथर्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्नपति रुद्र- 'अन्नादायान्नपते रुद्राय नमोऽग्नये ।'

-१८।५५।५ अथर्व

पशुपतिरूप अग्नि- 'यो नो अग्निर्गार्हपत्यः पशुनामधिप असत्'- १८।३१।२ अथर्व

सोम र रुद्रको ऐक्य- 'सोमं ते रुद्रवन्तमुच्छतु ।' -१८।१८।३ अथर्व

मरुत्-पिता औ पशुपति-रुद्र- 'मरुतां पिता पशूनामधिपतिः स मावतु ।' - ५।२४।१२

अन्यत्र यसरी छरिएका विभिन्न नाम रूपलाई सँगालेर महादेवलाई अष्टमूर्तिका रूपमा प्रस्तुत गरी रुद्रको जन्मकथालाई कौशीतकि ब्राह्मणले यति सुन्दर रूप दिएको देखिन्छ ।

शतपथ ब्राह्मणले रुद्रका बारेमा विशद रूप दिएर नाम र कर्मको सार्थकतासमेत देखाएर बडो राम्ररी सृष्टिक्रम देखाई भूतानांपति संवत्सरले उषामा रेत सिचेपछि वर्षदिन बित्दा छोरो जन्म्यो र रोयो, त्यसको नाम रुद्र राखियो भन्दै निम्नाङ्कित कुरा देखाइएको छ। यो सबै हेर्न चाहनेले शतपथ ब्राह्मणको ६।१।३।१-८ हेरे हुन्छ ।

तमब्रवीद् रुद्रोऽसीति ।
अग्निर्वै रुद्रो, यदरोदीत् तस्माद्रुद्रः ।
शर्वोऽसीति । आपो वै शर्वोऽद्भ्यो हीदं सर्वं जायते ।
पशुपतिरसीति । ओषधयो वै पशुपतिस्तस्माद् यदा पशव
ओषधिर्लभन्तेऽथपतीयन्ति ।
उग्रोऽसीति । वायुर्वा उग्रः
अशनिरसीति । विद्युद्वा अशनिः
भवोऽसीति । पर्जन्यो वै भवः पर्जन्याद् हीदं सर्वं भवति ।
महादेवोऽसीति । चन्द्रमाः प्रजापतिर्वै महान् देवः ।
ईशानोऽसीति । आदित्यो वै ईशानः ।

यसरी फेरि अष्टमूर्तिका रूपमा रुद्रको स्थिति र अवस्थाको प्राकृतिक रूप बोध भएको छ ।

हामीहरूको परम्परामा लौकिक धारणामा पशुपतिको ज्योतिर्लिङ्ग थियो । पछि त्यसमाथि चतुर्मुखी शिलालिङ्ग स्थापना भएको भन्ने अद्यावधि प्रचलन छ । यसलाई पुराना हाम्रा वंशावलीले पनि तदनुरूपकै कुरा गरेका छन् । यसबारेमा शास्त्रीय प्रमाण खोज्दा यस्तो ब्राह्मण वाक्य पाइन्छ । जस्तै-

"अग्निर्वै स देवस्तस्येतानि नामानि शर्व इति यथा प्राच्या आचक्षते भव इति यथा वाहीकः । पशूनां पति रुद्रोऽग्निरिति तानस्याशान्तान्येवेतराणि नामान्यग्निरित्येव शान्ततमं तस्मात् अग्नय ईत् क्रियते स्विष्टकृत्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इति।" (१।७।३।१।८ शतपथ ब्राह्मण) अग्निलाई पूर्वीयाहरूले शव र वाहीकहरूले भय भनेर भन्छन्। पशुका पति रुद्र अग्नि हुन्। यसरी पशुपति रुद्र अग्नि हुन् यहाँ भनिएको र हाम्रा पुर्खाहरूले भनेका कुरा ठ्याक्कै मिल्न आएको देखिन्छ। आगममा शिवमाथि शक्तिलाई विराजमान गराइँदा शवासनमा रहेको भनिनु पनि शव भवको पर्यायमा रहेको यहीँबाट त होइन ? भन्ने एक प्रश्न गर्न सकिन्छ।

शतपथ ब्राह्मणको गवेद्युक होमको प्रकरणमा पनि रुद्रलाई अग्नि भनेर स्पष्ट पारिएको पाइन्छ। जस्तै -

रुद्रो हैतां अविमन्यतेऽग्निर्वै रुद्रः। - ५।३।१।१० शतपथ

हाम्रा कवि कुलगुरु कालिदास परम शैव थिए। उनले रघुवंशमा जगत्का मातापिताका रूपमा पार्वती-परमेश्वरको वन्दना गरे "जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ" भनेर। कुमारसम्भव शिवपरक महाकाव्य लेखे, देवतात्मा नगाधिराज हिमालयको वर्णनबाट प्रारम्भ गरे। महाकालको उल्लेख गरे मेघदूतमा। विश्व प्रसिद्ध अभिज्ञान शाकुन्तल नाटकको नान्दीमा अष्टमूर्ति शिवको स्वरूपको व्याख्या गरे -

या सृष्टिः स्रष्टुराद्या वहति विधिहुतं या हविर्या च होत्री।
ये द्वे कालं विधत्तः श्रुतिविषयगुणा या स्थिता व्याप्य विश्वम्।
यामाहुः सर्वबीजप्रकृतिरिति यया प्राणिनः प्राणवन्तः
प्रत्यक्षाभिः प्रपन्नस्तनुभिरवतुवस्ताभिरष्टाभिरीशः ॥ -१ अ.शा.

यस हिसाबबाट शिवको अष्टरूपमा जल, अग्नि, यजमान, सूर्य, चन्द्र, आकाश, पृथ्वी, र वायुको परिगणन भएको देखिन्छ। रुद्रको (शिव) को अष्टरूपमा पनि विविध तत्त्वलाई मानेका मतमतान्तर स्पष्ट पाइयो। यसरी हाम्रा आचार्यहरूका आफ्ना आफ्ना विचार प्रस्तुत सङ्क्षेपमा गरेर यस विषयमा आधुनिक पाश्चात्त्य विद्वान्हरूको अनुसन्धानले निर्धारित गरेको कुरा पनि यहाँ उल्लेख गर्नु अप्रासङ्गिक नहोला झैँ लाग्छ। जस्तै -

"उग्रोऽसीति। वायुर्वा उग्रः।" भनेको र वभ्रु वर्णको आधारलाई लिएर रुद्र शब्दको निरुक्तिलाई ख्याल गरी जर्मन विद्वान् वेबरले रुद्रलाई झञ्झावातको रवको प्रतीक मानेका छन्। (वेबर, इन्डिस स्टुडिन २, १९-२२)।

"अशनिरसीति। विद्युद्वा असनिः" भन्ने आधार नपाइने होइन। त्यस्तै-त्यस्तै मन्त्र ब्राह्मण आदिलाई काखी च्यापेर डाक्टर मेकाडोनलले रुद्रलाई अग्निको साम्यत्व दिई झञ्झावातको विध्वंसक रूपमा विनाशकारी विद्युत्को प्रतीक मानेका छन् (मेकाडोनल - वैदिक माइथोलजी, पृ. ७८)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अङ्ग्रेज विद्वान् म्युरहले रुद्रलाई प्रकृतिको विनाशकारी शक्तिको प्रतीक मानेका छन्। हामीहरूको पनि संहारकारी रूपमा रुद्रको स्थान छ (म्युर - ओर्जिनल संस्कृत टेक्स्ट ४, पृ. १४७)।

अङ्ग्रेज विद्वान् विल्सनले "अग्निर्वै रुद्रो यदरोदीत् तस्माद्रुद्रः" इत्यादिलाई मनन गरेर अग्नि नै रुद्र हुन् अथवा "अशनिरेवेति यदशनिरिन्द्रः" भन्ने कुरा पनि भएकाले रुद्रलाई इन्द्रका रूपमा स्थान दिए आफ्नो ऋग्वेदको भूमिकामा (विल्सन-ऋग्वेद)।

प्रोफेसर किथले रुद्रलाई माथि भनेझैँ झञ्झावातको विनाशकारी रूपकै प्रतीक मानेका छन् (किथ-रिलिजन एन्ड माइथोलजी अफ दि ऋग्वेद, पृ. १४७)।

भारतीय विद्वान्मा श्रीभण्डारकरले रुद्रलाई विनाश गर्ने शक्तिकै प्रतीक भनेर आफ्नो मत दिएका छन् (भण्डारकर - वैष्णविज्म शैविज्म)।

रुद्रका धेरै विशेषण जस्तै केशी, नीलशिखण्डी, कपर्दी आदिको आफ्नै रूपमा अर्थ बनाएर रुद्रको गर्जने शब्दार्थ गरी "पर्जन्यो वै भवः" यस वाक्यांशमा जोड दिई अशनिको पर्यायमा रहेको विद्युत्लाई पनि नछोडी डा. यदुवंशीले घना कालो बादलमा चम्कने विद्युत् औ त्यसका साथै घनघोर गर्जन र वर्षाको प्रतीक रुद्र भनेर भनेका छन् (डा. यदुवंशी - शैवमत, पृष्ठ २-४)।

कसैले रुद्रलाई मृत्युका देवता माने भने विद्वान् औडरले हावासँग उड्ने प्रेतात्माका सरदार भनेर रुद्रलाई ठाने। यस्तै जर्मन विद्वान् आर्ब मन्नले रुद्रलाई एक प्राचीन मानवभक्षी असुरको ब्राह्मणद्वारा परिष्कृत रूप भनेर बताएका छन्।

विभिन्न पाश्चात्त्य विद्वान् र पाश्चात्त्य विद्यानुरागी प्राच्य विद्वान्हरूले आफ्ना-आफ्ना तर्कद्वारा र प्रमाण प्रस्तुत गरेर रुद्रको स्वरूपमा प्रकाश पार्ने स्तुत्य प्रयास प्रशंसनीय मान्नुपर्छ। सत्यान्वेषण गर्ने विद्वान्हरूले गरेको सुकृत्यलाई सम्मान गर्नुपर्छ।

यसमा प्राच्य र पाश्चात्त्य आचार्यहरूका रुद्रप्रति बनाएका धारणा सङ्क्षेपमा प्रस्तुत गरिएका छन्। उनीहरूले प्रस्तुत गरेका प्रमाणलाई पुष्टि गरेर त्यसलाई स्विकार्ने र त्यस प्रमाणलाई खण्डन गरी आफ्नो मत स्थिर पार्ने मेरो मनसाय छैन। जस्तै उदाहरणका रूपमा - केशी भनेर जटाधारीलाई भनेको बादलको कालो-नीलो रूपमा जटाको साधर्म्य माने डा. यदुवंशीले। तर मन्त्रले नै "केशीदं ज्योतिरुच्यते" भनेको र "त्रयः केशिन ऋतुथा विचक्षते" १।१६४।४४ भनी ऋग्ले त्रित्व सङ्ख्याको परिगणन गर्दा अग्नि, सूर्य र वायुको प्रतीक भनेर निरुक्तले १२।१२।२७ मा अर्थ गरी स्पष्ट पार्दापार्दै केशी भनेर जटाधारी भन्ने पक्षको म कसरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समर्थन गरूँ ? फेरि जसले शैव मतमा अनुसन्धान गरेर थेसिस लेखी लन्डन विश्वविद्यालयबाट डाक्टर उपाधि पाए, तिनको यति चाँडै उपहास गरेर खण्डन गरूँ ? मेरो खण्डन-मण्डनको यो समारम्भ होइन। कसैले मेरो मत क्या हो भन्छ भने यसको अर्थ गराईमा म यास्क र सायणलाई बढ्ता प्रामाणिक मान्छु र उनीहरूले भनेको केशीको अर्थ सूर्य, अग्नि र वायुलाई नै बुझाउने कुरामा भर पर्छु।

वैदिक शब्दको अर्थ गराइमा म जैमिनिले बनाएको यववराहाधिकरणलाई स्वीकार गर्छु। यववराहाधिकरण जान्न खोज्नेले मेरो मीमांसामयूख हेर्नु भए हुन्छ। मुनि शब्दको निरुक्ति छ - (मत+इन् उच्चैः मनुते जानाति यः) ऋषि महात्मा, सन्त, भक्त, सन्यासी आदि छन्। प्रयोगमा यही अर्थ लिएर "मुनीनामप्यहं व्यासः" (भग. १०।३७), "पुण्यः शब्दो मुनिरितिमुहुः केवलं राजपूर्वः" (श. २।२४ रघु १।८) तर ठिक यसको विपरीत मुनि क्रोधी, उन्मत्त, सुरापान गर्ने, आफ्नो वर्णन गर्ने प्रलापी हुन् भन्ने अर्थ गरेको छ भने त्यस्ताप्रति माया गर्नु बाहेक आक्रोश गर्न नै मिलेन। बिचरा पाश्चात्त्य विद्वान् र तिनका केही ग्रन्थ हेरेर पण्डितमानी ठान्ने प्राच्य विद्वान्हरूबाट साङ्केतिक वैदिक रहस्य र सांस्कृतिक वास्तविक ज्ञानको अभाव हामीले उनीहरूको बुझिदिनुपर्छ। द्रविड भाषामा लिइएको अर्थका भरमा संस्कृत भाषाको माने लगाउनु हुन्न। हामीहरू यव शब्दले जौ लिन्छौं, म्लेच्छहरू यव भनेर कागुनो लिन्छन्। तर कागुनो भन्ने अर्थ यव शब्दको गर्न पाइन्न भन्ने कानुनको दफा बनाइएको छ।

यहाँ विद्वान्हरूलाई मैले के भन्न खोजेको हुँ भने अनुसन्धान र अन्वेषण गर्ने हाम्रा पनि परम्परा छन्। शास्त्रको मर्यादालाई बुझ्ने हाम्रा पनि तर्कशास्त्र छन्। वादको रूप तीन प्रकारको हामीले पनि मानेका छौं। तर तत्त्वबोध गर्न जल्प र वितण्डा अघि सार्न पाइन्न। ती हेत्वाभास दोष ग्रसित छन्। वेदको अर्थ गर्न भनेर नै मीमांसाशास्त्रको निर्माण भयो। अर्थ नबुझेर वेद पाठ गर्ने हाम्रो धर्मको स्वरूप नै होइन। गुरुकुलमा निहित ज्ञानको परस्पर शृङ्खला जोड्ने कडी चुंडेकाले शास्त्रको समन्वय गर्ने सिद्धान्तको अब बोध रहेन हामीमा। अर्काले हाम्रो सम्पत्ति र संस्कृतिलाई आफ्नै देशका परम्पराका पाराले मनपरीसँग अर्थ्याइदिँदा लाटोले केरा हेरेझैं पक्क परेर टोलाएरै धेरै वर्ष बिते।

मेरो उद्देश्य के हो भने यस वेला रुद्रलाई पाश्चात्त्य विद्वान्ले प्राकृतिक तत्त्वका प्रतीक मानेको कुरो त्यस वेला वेद, ब्राह्मण, आरण्यक, उपनिषद्, सूत्र, रामायण, महाभारत, पुराण, काव्यादिमा विभिन्न रूपले प्रतीकात्मकता प्रदान गरिएकोमा कसैले कुनै अंश लिएर आफ्नो ढङगले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मान प्रस्तुत गरिएका हुन्। तर त्यस प्रस्तुतीकरणमा अर्थको अनर्थ पर्न गएको अंश हामीले विवेक गर्नुपर्छ। अन्धविश्वासी हुनुहुन्न। अनुसन्धाताहरूले मिथको मिथ्यात्व नसम्झी सर्वसाधारणलाई अन्योल स्थितिमा पारिदिनुहुन्न बुझ पचाएर। विद्वान्हरूलाई आफ्ना विषय प्रतिपादन गर्दा शास्त्रको वास्तविकता थाहा नहुँदा धर्म, दर्शन र सम्प्रदायले समाजलाई दिग्भ्रान्त पारिदिन तम्सँदै छ।

यथार्थमा व्याकरण, कोश, आप्तवाक्य र व्यवहारमा हामी मुनि शब्दको अर्थ उन्मत्त, सुरापी, प्रलापी जटाधारीलाई गरेको पाउन्नौं। त्यसको विपरीत बरु शान्त, दान्त, मौनी र तपस्वीको अर्थमा त्यस शब्दको प्रयोग देखिन्छ। आज हामी शास्त्रको प्रामाण्यलाई पन्छाएर वितण्डावादी भई मनगढन्ते अर्थको अनर्थ गर्ने भएका छौं। वास्तवमा वेदको अर्थ मीमांसाले प्रतिपादित गरेको छ प्रसङ्गलाई समन्वय गराउन। प्रसङ्गलाई छाडेर अर्थ गर्ने हो भने त शास्त्रको मर्यादा नै रहँदैन। अनुसन्धान र अन्वेषण गर्ने पनि परम्परा छन्। हामीले पनि कसरी रुद्रलाई विभिन्न रूपमा मान्यौं ? कसरी विभिन्न रूप दिँदा पनि आ-आफ्नै दृष्टिकोण राखेका रहेछौं ? यति सानो कुरा यहाँ निगमतर्फबाट गरेर यस रूपका रुद्रको कसरी कथा कथ्यो पुराणले त्यसतर्फ केही कोट्याउन यहाँ खोजिन्छ। यसपछि पुराणलाई आज इतिहासका रूपमा सम्झेर त्यसबारे उपहास गर्ने दृष्टिकोण राखिन्छ। पुराण र इतिहासको भिन्नता हाम्रा प्राचीन आचार्यहरूले स्विकारेर वेदको अर्थ स्पष्ट पार्न यिनलाई साधन बनाएको छ- "इतिहासपुराणाभ्यां वेदं समुपबृह्मयेत्" भनेर।

गुरुकुलमा निहित यो परम्परात्मक ज्ञानको शृङ्खला चुँडिएकाले अब त्यो जोड्ने कडी हामीमा लुप्त भयो। त्यसैले तिनको परस्परमा समन्वयको गाँठो कस्न हामी असमर्थ भयौं। अनि हाम्रो संस्कृति र सभ्यताको मूल स्वरूपको रहस्य हामीलाई अर्काले मनपरी ढङ्गले अर्थ्याइदिँदा लाटोले केरा हेरेझैं पक्क परेर टोलाएको टोलायै भयौं।

वैदिक ऋषिहरू यज्ञयागादिलाई प्रमुखता दिन्थे। अग्निहोत्र द्विजातिको अनिवार्य कर्म मानिन्थ्यो। ऋग्वेदको पहिलो मन्त्र नै "अग्निमीडे पुरोहितं देवस्य भागमृत्विजम्। होतारं रत्नधातमम्" भन्ने छ। वैदिक आर्यले अग्नियुगमा भर्खरै प्रवेश गरेका त होइनन् तर अग्निको भने सर्वाधिक सम्मान त्यही युगमा प्रारम्भ भयो। यज्ञ-यागादिको सर्वाधिक महत्त्व त्यस युगको एउटा नयाँ प्रयोगविधा भयो धर्मका निम्ति। पशु श्रेणीबाट मनुष्यलाई फरक पार्ने विज्ञान नै अग्नितत्त्वको प्रयोगमा राम्रो ज्ञान हुनु हो। सृष्टिका बितेका सारा दिनमा अविस्मरणीय र सर्वाधिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महत्त्वपूर्ण दिन आगोलाई मानिसले प्रयोगमा ल्याउन सकेको दिनलाई मान्नुपर्छ। त्यसपछि धूममार्गले आजसम्म हामीलाई पछ्याएकामा फेरि हामीले ज्योतिमार्ग फेला पार्‍यौं परमाणुको शक्तिको स्रोत हस्तगत गरेर। धेरै करोड वर्ष सृष्टिका बित्दा अर्को अविस्मरणीय अति महत्त्वपूर्ण दिन भयो परमाणुशक्ति हात लागेको दिन। जुन वेला वेदोमध्यमा अग्नि प्रज्ज्वलन गरेर देवतालाई स्वाहाकार गरिन्थ्यो, पछि त्यही चारपाटे वेदीमा अग्निको प्रतीक पारेर शिलाको लिङ्ग उभ्याएर रुद्रलाई अग्निको रूप मान्ने आर्यहरूले शिवलिङ्गको स्थापना गरेको हुनुपर्छ। दर्शनले हेतुपरक रूपमा लिङ्गको अर्थ गर्छ। अग्निको हेतु धूमलाई हामो लिङ्ग परामर्श गरी अवगत गर्छौं।

शिवलिङ्ग दस्यु आदिको शिश्न-देवतात्वलाई पछि आर्यले अपनाएको भन्ने कुरामा सर्वत्र व्याप्त धारणालाई यति सरलसँग खण्डन गर्न सकिने कुरा होइन, पुराण र तन्त्रले अहिले त्यस कुरालाई पुष्टि नगर्ने पनि होइन। तर अद्यावधि पनि वेदीरूपका आधारमा शिवलिङ्गको स्थापना भएका धेरै शिलालिङ्ग पाइन्छन्।

अग्निपुराणमा शिवलिङ्गको स्वरूपको वर्णनक्रममा चतुरस्रलाई अर्थात् चारकुने रूपलाई यसरी दुई ठाउँमा उल्लेख गरेको पाइन्छ। जस्तै -

विष्कम्भभूतभागैस्तु चतुरस्रन्तु कारयेत्। - ५३।२
चतुरस्रेऽस्य वर्णार्द्धं गुह्यकोणेषु लाञ्छयेत्। - ५३।५

त्यही शिवको स्वरूपमा ईशानमूर्द्धा, तत्पुरुषवक्त्र, अघोर-हृदय, वामदेव-गुह्य, सद्योजात-मूर्ति मानेर आखिरमा शिवलाई ज्योतिरूप मानेको देखिन्छ। जस्तै -

ॐ नमः शिवाय सर्वप्रभवेऽहं शिवाय ईशानमूर्ध्ने।
तत्पुरुषवक्त्राय अघोरहृदयाय वामदेवगुह्याय॥
सद्योजातमूर्त्तये ॐ नमो नमो गुह्यातिगुह्याय।
गोप्त्रेऽनिघ्नाय सर्वाधिपाय ज्योतिरूपाय
परमेश्वराय भावेन ॐ व्योम। - ८६ अग्नि.

लिङ्गको उत्पत्तिका बारेमा ब्रह्मा र विष्णुको आफ्नो महत्त्व कायम गर्ने अभिमान हटाउन बिचमा ज्योतिर्लिङ्ग खडा गरेर शिवले यसको इयत्ता थाहा पाउने ठुलोभन्दा तलमाथि दुवै जना लागेको कथालाई पुराणले प्रतिपादन गरेको देखिँदा पनि शिवलिङ्गको प्रतीक अग्निको ज्वालाकै रूप हुनसक्ने कुराको पुष्टि मिल्छ। जस्तै -

ब्रह्मविष्ण्वोश्च संवादे महत्त्वे च परस्परम्।
तयोर्मध्ये महादेवो ज्योतिमूर्तिरभूत् किल ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तत्रैव वागुवाचेदं दैवी पुत्र तयोः शुभा ॥३॥
दैवी वाग्तावुभौ प्राह यस्त्वस्यान्तं तु पश्यति ।
स तु ज्येष्ठो भवेत् तस्मान्मा वादं कर्तुमर्हथ ॥ - १३।४ ब्रह्मपुराण

यही भावलाई फेरि मत्स्यपुराणले यसरी अग्निको ज्वाला नै लिङ्गोत्पत्तिसँग सम्बद्ध पारेर भनेको पाइन्छ । जस्तै -

ततः कालेन महता पुरा सर्गविधौ नृपः । ३
स्पर्धायां च प्रवृत्तायां कमलासनकृष्णयोः ।
लिंगाकारा समुद्भूता बह्नेर्ज्वालातिभीषणा ॥

- ६० अ. ४ श्लो. मत्स्यपुराण

लिङ्गपुराणले लिङ्गको उत्पत्तिकथामा त्यही ब्रह्मा-विष्णुको आफ्नो श्रेष्ठत्वलाई परिमापन गर्न अग्निको ज्वालारूपी लिङ्ग अगाडि उभिन आएको कुरा यसरी वर्णन गर्छ -

एतस्मिन्नन्तरे लिंगमभवच्चावयोः पुरः ।
विवादशमनार्थं हि प्रबोधार्थं च भास्वरम् ॥ ३३ ॥
ज्वालामाला सहस्राढ्यं कालानलशतोपमम् ।
क्षयवृद्धिविनिर्मुक्तमादिमध्यान्तवर्जितम् ॥

-भाग १, अध्याय १७, श्लोक ३४

वेद, ब्राह्मण, आरण्यक, पुराणादिले यसरी अग्निपरक रुद्रलाई पछि लिङ्गरूपले प्रतीकात्मक रूप दिएर शिवलिङ्गको स्वरूप प्रस्तुत गरेको देख्तादेख्तै पनि हामी यो शिश्नकै रूपमा एकाङ्कीपनले समर्थन गर्छौं भने यसमा भन्ने कुरा पनि के छ र ? लिङ्ग पूजामा प्रणवलाई नै प्राधान्य मन्त्रको रूप दिइन्छ जस्तै -

"प्रणवेनैव मन्त्रेण पूजयेल्लिङ्गमूर्धनि ।" -४२ अ. ४२ श्लोक ।

प्रणवमन्त्र वैदिक मन्त्र हो । यस पूजाक्रमले पनि यो हाम्रै रूपमा खडा भएको हुनुपर्छ । सौरपुराण आर्यले शिश्नदेव भएका दस्युहरूको लिङ्गलाई मान्यता दिएर उनैबाट यो धर्म ग्रहण गरेको भन्नेसँग यो एक विचारणीय प्रसङ्गलाई यहाँ मैले प्रस्तुत गरेको हुँ ।

ऋषिपत्नीको कामवासना शिवलिङ्ग देखेर भएपछि त्यसलाई पतन गराएको कथा पनि हामीसँग पुराणमा प्राप्त छ र त्यही शिश्न पुजिन थालिएको कुराको पनि वर्णन नपाइने होइन । त्यस पक्षका कुरा पनि यहाँ उल्लेख नगरे यो एकाङ्की बन्न जान्छ भन्ने मेरो धारणा छ ।

शिश्नं सवृषणं तस्य रक्तगैरिकसन्निभम् ।
मुखमंगारवर्णेन शुक्लेन च विभूषितम् ॥ - भाग २ अ. २७ श्लोक १२
नृत्यंतं रुरुधुस्तूर्ण पत्न्यस्तेषां विमोहिताः । - भाग २ अ. २७ श्लोक १४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिङ्गं प्रपातयस्वैतन्नायं धर्मस्तपस्विनाम् । - भाग २ अ. २७ श्लोक ३०

त्याजिते च तथा लिङ्गे ततः पूजामवाप्स्यसि । -भाग २ अ. २७श्लोक ३१

दृष्टं वै यादृशं तस्य लिङ्गमासोन्महात्मनः ।

तादृक्प्रतिकृतिं कृत्वा शूलपाणिं प्रपद्यते ॥ ५५ ब्रह्माण्ड पुराण

त्यस कथानकसँग सम्बद्ध यी श्लोकहरूले आज शिश्नको प्रतिकृति नै लिङ्गको रूप हो भन्ने कुरालाई समर्थन गर्छन्। सौर पुराणले ऋषिपत्नीको कथालाई यसरी उल्लेख गर्छ, जहाँ ऋषिपत्नीको अवस्थालाई यसरी देखाइएको छ -

मुनिस्त्रियः शिवं दृष्ट्वा मदनानलदीपिताः

त्यक्तलज्जा विवस्त्राश्च ययुस्ता अनुशङ्करम् । - ६९ अ. ५०

लिङ्गाहीनं हरं कृत्वा ... - ६९ अ. ५३

तदाप्रभृति विप्रेन्द्र शिवामेखलसंज्ञिता

उभयोश्चैव संयोगः सर्वपापहरः शिवः ॥ ५४ सौर

यसले योनिरूपमा मेखला शिश्न लिङ्गरूपमा रही दुवैको संयोग मैथुनावस्थाको प्रतिकृतिलाई पनि दर्शाएको कुरा स्पष्ट पार्छ ।

कालीतन्त्रले कालीको ध्यानमा महाकालसँग विपरीत रत्यासक्त देखाएको यस्तो वचनले तन्त्रमा आएपछि वामाचारको प्राबल्य हुन्छ। जस्तो- "महाकालेन च समां विपरीतरतातुराम् ।" (अ. १ खण्ड ३ श्लो. ६) पछि गएर कौल संस्कारमा "नतुष्यामि वरारोहे भगलिङ्गामृतं विना" भनी मैथुनको यति माहात्म्य बढ्यो कि जसको वर्णन गरी साध्यै भएन। कुलार्णवतन्त्रले भोगवृत्तिको महत्त्वलाई यसरी दर्शाएको छ -

यावदासवगन्धः स्यात् पशुः पशुपतिः स्वयम् ।

विनालिमांसगन्धेन साक्षात् पशुपतिः पशुः ॥ - अध्याय ९

यसो भए तापनि तन्त्रले कहीँ भने शिवलाई दार्शनिक नै रूपमा प्रस्तुत गरेको पाइन्छ । जस्तै -

अस्ति देवी परब्रह्मस्वरूपी निष्कलः शिवः ।

सर्वज्ञः सर्वकर्ता च सर्वेशो निर्मलाशयः ॥ -अ. १।११। कु

अयं ज्योतिरमाद्यन्तो निर्विकारः परात्परः ।

निर्गुणः सच्चिदानन्दस्तदंशा जीवसंज्ञकाः ॥ -अध्याय १, श्लोक १२. कुलार्णवतन्त्र

शिवलिङ्गलाई ज्योतिर्लिङ्ग मान्ने एक परम्परा र अर्को शिश्नाकृति मान्ने दुवै परम्परालाई यहाँ सङ्क्षेपमा प्रस्तुत गरेर हाम्रो पशुपति लिङ्गलाई चतुर्मुखी लिङ्ग देख्ता यसको स्वरूपवारे केही यहाँ भन्न खोज्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफ्नो इच्छालाई रोक्न चाहन्नँ । महाभारत आदिपर्वमा शिवको चतुर्मुखको उल्लेख यसरी गरेको पाइन्छ -

एवं चतुर्मुखः स्थाणुर्महादेवोऽभवत् पुरा । - २००।८७ म. आदि

अनुशासन पर्वमा पूर्वपट्टिको मुख तपश्चर्यापर, दक्षिणमुख रौद्र संहाररूप, पश्चिममुख लोककार्य निरतमुख र उत्तरमुख वेदाध्ययनपरक भनेर भनेको छ । त्यही भावको श्लोक यहाँ प्रमाणका लागि उद्धृत गर्नु अप्रासङ्गिक होओइन ।

'चतुर्वक्त्रोऽभवं शिवो ... ...' - अध्याय ११३।१०

ऐन्द्रमुखमिदं पूर्वं तपश्चर्या परं सदा ।
दक्षिणं मे मुखं दिव्यं रौद्र संहरति प्रजा ॥ ११
लोककार्यपरं नित्यं पश्चिमं मे मुखं प्रिये ।
वेदानधीते सततमद्भुतं चोत्तरं मुखम् ॥ १२

हाम्रो देवाधिदेव पशुपतिको ज्योतिर्लिङ्गलाई भने शिश्नप्रतिकृति भनेर किर्मार्थ मान्न सकिन्न । किनभने चतुर्मुखी यो लिङ्ग हाम्रो चतुर्वर्ग पुरुषार्थलाई प्रदान गर्न विराजमान छ । शिश्नाकृतिमा चार मुख रहन सक्तैन । हामी यहाँ कैलासवासी शिवको नाना रूपलाई लिएर हाम्रो संस्कृतिको व्याख्या गर्न सक्तछौं । मृगस्थलीमा मृग भई विहरण गरेको, किरातेश्वर भई किराती रूप लिएको, रावणलाई गोकर्णस्थलीमा यज्ञ गर्दा वर दिएको, विषपान गरी गोसाइँकुण्डमा सुतेको आदि ।

शिवको महत्ता देवासुर दुवैका निमित्त उत्तिकै महिमान्वित छ । शिवको यो निर्घोष पाइन्छ -

अहं तान् न हनिष्यामि ममावध्या हि तेऽसुराः ।- उत्तरकाण्ड सर्ग ४।१० वाल्मीकि रामायण ।

रुद्रले पशुपतिरूपमा रहेको वैदिक परम्परादेखि शिवको लिङ्गोत्पत्ति र त्यसपछि हाम्रो पशुपतिको चतुर्मुखी लिङ्गसम्ममा अनेक धार्मिक परम्परा अच्छिन्न रूप लिएर अनेक कथापुराणले सिजिएर आएको पाइन्छ । यस शैव मतले कसरी आजसम्म आफ्नो धार्मिक धारणा कायम राख्यो, यो त हाम्रा छैठौं शताब्दीमा उत्कीर्ण गरेका यशोवर्मा औ विष्णुवर्धनको मन्दसौर शिलालेखदेखिन् जयइन्द्र वर्मा चतुर्थको १२ शतीसम्मको भारतीय शिलालेखले प्रमाणित गर्छ । हाम्रो पशुपतिका जयदेव आदिका पनि इतिहासका सामग्री बन्छन् ।

यसरी शैवधर्मको भूमिकाको आधार लिएर शैवदर्शन देखापरेकाले पहिले भूमिकाको रूपमा सङ्क्षेपमा यति कुरा अगाडि प्रस्तुत गर्ने धृष्टता गरेको हुँ । तर शिवको र शिव परिवारको तृतीय नेत्रको परिकल्पना अग्निस्वरूपकै छ भनी पुनः एकबाजि यति भनेर आफ्नो यो विषय यहीँ टुङ्ग्याउँछु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्री पशुपति दर्शन

पाशुपत सम्प्रदायका संस्थापक श्री नकुलीश अथवा लकुलीशलाई शिवको अवतारकै रूपमा मान्यता दिइएको छ। यिनको ऐतिहासिकता प्रदान गर्ने अभिलेख मथुरामा प्राप्त ६१ गुप्त संवत् विक्रम द्वितीयको राज्यकाल अर्थात् वि.सं. ४३७ शिलापत्रमा उदिताचार्यनामक पाशुपतले गुरुमन्दिरमा उपमितेश्वर औ कपिलेश्वर नामक शिवलिङ्गको स्थापना गरेको वर्णन कपेको छ। उदिताचार्यले आफूलाई भगवान् कुशिकभन्दा दशम भनी गनेका छन्। लकुलीश कुशिकका गुरु मानिन्छन्। ऐतिहासिक पिँढीलाई २५ वर्षको समयावधि मान्दा लकुलीशको प्रादुर्भावकाल वि.सं. १६२ को लगभग हुन्छ। हुन पनि यो त्यही समय हो जब कुषाण नरेश हुविष्कको सिक्कामा लहुरो लिएका शिवको मूर्ति पाइन्छ। राजपूताना, गुजरात आदि स्थानमा जगल्टा भएका बिजपूर (बिमिरो) दाहिने हातमा र बायाँ हातमा लहुरो लिएका नकुलीशका मूर्ति धेरै पाइन्छन्। लगुड (लहुरो) लिएकाले लगुडेश या लकुलीश नाम रहन गएको भन्न नमिल्ने पनि होइन। शिवपुराणअन्तर्गत कारवण माहात्म्यबाट यिनको जन्म भडौँचको नजिक कारवन नामक स्थानमा भएको भन्ने अनुमान हुन्छ।

शङ्करका १८ अवतारमा नकुलीशलाई आद्य अवतार मानिएको छ। १८ अवतारको क्रम यसरी उद्धरण गरिएको पाइन्छ। - नकुलीश, कौशिक, गार्ग्य, मैत्र्य, कौरुष, ईशान, पारगार्य, कपिलाण्ड, मनुष्यक, अपरकुशिक, अत्रि, पिंगलाक्ष, पुष्पक, बृहदार्य, अगस्ति, सन्तान, राशिकर तथा विद्यागुरु (आफ्नो आचार्य)।

शिवको नकुलीश अवतारलाई प्रमाणित गर्ने वायुपुराणका निम्नलिखित श्लोकहरू यहाँ उद्धृत गरिन्छन्। जस्तै -

अष्टाविंशे पुनः प्राप्ते परिवर्ते क्रमागते।
पराशरसुतः श्रीमान् विष्णुर्लोकपितामह :॥ वायु. पु. अ. २३, श्लोक २०६
तदा षष्ठेन चांशेन कृष्णः पुरुषसत्तमः
वसुदेवाद् यदुश्रेष्ठो वासुदेवो भविष्यति ॥ ३३।२०७
तदा चाहं भविष्यामि योगात्मा योगमायया।॥ २०८
दिव्यां मेरुगुहां पुण्यां त्वया सार्धं च विष्णुना ॥ २१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भविष्यामि तदा ब्रह्मन् ! नकुली नाम नामतः ।
तत्रापि मम ते पुत्रा भविष्यन्ति तपस्विनः ॥ २१२
कुशिकश्चैव गार्ग्यश्च विश्वको रुष्ट एव च ।

यस प्रमाणबाट नकुलीश शिवका अवतार भएको र यी पछि कुशिक, गार्ग्य आदि भएको पुष्टि हुन्छ। यसै परम्पराले गर्दा नकुलीश पाशुपत दर्शन भनी यसको सम्प्रदायलाई माधवाचार्यले नामकरण गरेको हुनुपर्छ। आजभोलि सम्प्रदाय र साम्प्रदायिक भनेपछि अज्ञानवश हामी अरूको भनाइका डरले साह्है ती शब्द सुन्दा भयभीत हुन्छौं । वास्तवमा 'दाय' शब्द 'दा' धातुबाट 'घञ्' प्रत्यय लागेर बन्छ। त्यसमा 'प्र' उपसर्ग लागी प्रदाय र त्यसमा अझ 'सं' पनि उपसर्ग थपेर सम्प्रदाय शब्द बनेको छ। दाय मात्र होइन दायमा त असल खराब सबै पाइन्छन्। त्यसमा 'प्र'ले प्रकर्ष र 'सं'ले सम्यक्। सम्यक् प्रकर्षदाय अर्थात् राम्ररी छानेर आएको पुर्ख्यौली अंशको अर्थमा सम्प्रदाय शब्दको निष्पत्ति हुन्छ। धर्म दर्शन सिद्धान्तमा यदि सम्प्रदाय भएन भने त त्यो टुप्पोमा पलाएर धेरै टिक्न सक्तैन । आज धर्ममा सम्प्रदाय नभएको कहाँ छ ? दर्शनमा पनि सम्प्रदाय नभई अडेको देखिएको छैन र सिद्धान्तले सम्प्रदाय लिएर नै वादको परम्परा जन्मेको देखिन्छ। मार्क्सवाद भन्नु मार्क्सको सम्प्रदायमा विश्वास गर्नु हो, रोमन क्याथलिक या प्रोटेस्टेन्ट भन्नु त्यही सम्प्रदायानुयायी हुनु हो। अद्वैतवादी भन्नु अद्वैत दर्शनको सम्प्रदायमा पछि लाग्नु हो। त्यस्तै नाकुलीश पाशुपत मत त्यही सम्प्रदायको परम्परावादी मत हुन्छ। यो सम्प्रदायले लिएको बलियो आड वैशेषिक मतलाई मान्छन् र वैशेषिकलाई पाशुपत पनि भन्ने गर्छन्। सम्प्रदायबारे मैले बारबार प्रकाश पारेर आजको मिथ्या धारणा बदल्न खोजेको हुँ ।

पाशुपत दर्शनको पाशुपत सूत्र महेश्वर रचित भनिन्छ। कौण्डिन्यकृत पञ्चार्थी भाष्य, जसलाई माधवाचार्यले राशीकरकृत भाष्य भनेका छन्, त्यो यही पाशुपत सूत्रको भाष्य हो। पाशुपत सूत्रको पहिलो सूत्र यस प्रकार छ।

"अथातः पाशुपतेः पाशुपतयोगविधिं व्याख्यास्यामः"

पाशुपत योगविधिमा स्वगुरु पनि शिवस्वरूप नै मानिएको तथ्य शङ्करको अष्टादशावतारमा स्वीकृत भए पनि गणकारिकाले गुरुको स्वरूप निरूपण गर्दा आठ पञ्चक र त्रिकात्मक गण एक जम्मा नौ गणलाई जान्ने र संस्कार गर्नेलाई गुरु भनिन्छ भनी भनेको छ। आठ तत्त्वमा प्रत्येक पाँच-पाँच विभाग र त्रिकात्मक एक गणलाई विशद रूपले वर्णन गरिने नै छ। तर योगविधिको रहस्य गुरुमा निहित रहेको र गुरुविना गरिएका कुरामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

किल्ली नखुल्ने भएकाले हाम्रो सांस्कृतिक परम्पराले "आचार्यदेवो भवः" भन्ने अनुशासन गरेको देखिन्छ। यही भावलाई स्पष्ट पार्ने कारिका यस प्रकारको छ -

पञ्चकास्त्वष्टविज्ञेया गणश्चैकस्त्रिकात्मकः ।
वेत्ता नवगणस्यास्य संस्कर्ता गुरुरुच्यते ॥
लाभा मला उपायाश्च देशावस्था विशुद्धयः ।
दीक्षाकारिबलान्यष्टौ पञ्चका स्त्रीणि वृत्तयः । गणकारिका ।

जम्मा नौ गणमा लाभ, गण, उपादेय र मल गण हेय छन्। अरू सप्तगण साक्षात् या परम्पराले तिनका साधन मात्र हुने हुन्। गणको परिगणना यसरी नौ पुग्छ। लाभ, मल, उपाय, देश, अवस्था, विशुद्धि, दीक्षाकारी, बल र वृत्ति। अब यी आठ गणका पाँच-पाँच भेद र वृत्तिका तीन भेद हुन्छन्। जस्तै - लाभका पाँच भेद यस प्रकार छन् - ज्ञान, तप, नित्यत्व, स्थिति र शुद्धि। मलका भेद पाँच छन् - मिथ्याज्ञान, अधर्म, शक्ति, हेतु र च्युति। लाभ भनेको विधीयमान उपायफल र मल भनेको आत्माश्रित दुष्ट भाव। शक्ति भनेको विषयको आशक्ति हो र हेतु भनेको यहाँ विषयको सन्निधानलाई मान्नुपर्छ। हरवत्तले यही कुरालाई यसरी स्पष्ट पारेका छन् -

मिथ्यायज्ञान धर्मश्च सक्तिहेतुश्च्युतिस्तथा ।
पशुत्वमूलं पञ्चैते तन्त्रे हेया विविक्तितः ॥

साधकको शुद्धि गर्ने हेतुका रूपमा रहेका उपाय पनि पाँच छन्। ती हुन् - वासचर्या, जप, ध्यान, देवता स्मरण र प्रपत्ति। यहाँ वासचर्या भनेको राम्रो बस-उठ गर्ने पद्धति र प्रपत्ति चाहिँ शरणागतिलाई लिएको छ। यसरी नै देश पनि पाँच छन्। गुरु, ज्ञानीहरूको परिषद्, गुहा, श्मशान र रुद्रलाई देश भनिन्छ। यसरी नै अवस्थाको भेद पनि व्यक्तावस्था, अव्यक्तावस्था, जपावस्था, दानावस्था र निष्ठावस्था गरी पाँचै छन्। अजानहरूले निन्दा गरुन् वा स्तुति गरुन्, त्यसमा उदासी हुनु व्यक्तावस्था हो। साधकको अप्रकाशित अवस्थालाई अव्यक्तावस्था भनिन्छ। जपावस्थामा सबै इन्द्रिय जप हुन्छन्। दानावस्थामा सर्वस्वकै त्याग हुन्छ र निष्ठावस्थामा चाँहि महेश्वरमा अनवरत अनवच्छिन्न भक्ति हुन्छ। विशुद्धि-पञ्चक हुन् - मिथ्याज्ञानहानि, अधर्महानि, आसक्तिहानि, च्युतिहानि र पशुत्वमूलहानि। दीक्षाकारि-पञ्चक हुन् - द्रव्य अर्थात् दीक्षासाधनीभूत पदार्थहरू, कालज, शुभयोगादियोग्य समय, क्रिया, गुरुसेवादि, मूर्ति उपास्य देवता, प्रतिमा र गुरु। बल पञ्चकको विभेद यसरी परिगणन गरिएको छ। गुरु भक्ति,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रसाद, द्वन्द्वजय, धर्म तथा अप्रमाद । भैक्ष्य, उत्कृष्ट र यथालब्धबाट वृत्ति गर्नु मानिएको छ ।

यति माथि गनिएका पश्चक जे हुन्, यी त साधकलाई दार्शनिक पृष्ठभूमिमा उभ्याउने साधन हुन् । वास्तवमा पाशुपत दर्शनको मुख्य मौलिक तत्त्व त अर्कै छ । यहाँ पशु र पति दुई शब्द छन् र बिचमा पशुलाई डोऱ्याउने पाश पनि रहेको छ । पशु भन्नु नै परतन्त्रता र पति भन्नु नै स्वतन्त्रताको प्रतीक हो । अर्को दार्शनिक परिभाषा गर्दा पशु शब्दले कार्यको र पति शब्दले कारणको बोध पनि गराएको पाइन्छ । अझ बुझ्नुपर्ने कुरा के हो भने चित्-अचित् सबै पदार्थ अस्वतन्त्र भएकाले शास्त्रमा तिनलाई कार्य भन्ने परिभाषा गरेको पाइन्छ । स्वतन्त्र परमेश्वर कारण रूपमा परिभाषा गरिएको पनि देखिन्छ । अस्वतन्त्रको अवस्थान स्वतन्त्राधीन नै रहेको हुन्छ । यो कुरा पनि साधारण परिभाषामा सबै दार्शनिकले मानेकै छन् ।

प्रकृति र पुरुष अर्थात् जड र चेतन मान्ने कपिलले ईश्वर नमानेर नै काम चलाएकै हुन् । यिनकै भूमिकामा आफ्नो दर्शनको शिलाधार राख्ने योगशास्त्रले ईश्वर नमानी काम चल्छ भन्न सकेन । ईश्वरलाई अनुमानद्वारा प्रमाणित गर्ने न्याय वैशेषिकले अनीश्वरवादीलाई ऊहापोह गरी परास्त गर्न समर्थ भए । उदयनाचार्यले "मदधीना तव स्थितिः" भनेर ईश्वरको अस्तित्व आफ्नो तर्कको बलमा अडेको हाँक दिए । ईश्वरवादी दार्शनिकमा बब्बर यदि कोही छन् भने न्यायवैशेषिक दर्शनका प्रतिष्ठाता आचार्यलाई मान्नुपर्छ । तर यिनले मानेका ईश्वर त्यति स्वतन्त्र सर्वशक्तिमान् छैनन्, जति पाशुपत दर्शनका महेश्वर पशुपतिको परमेश्वरत्व असीमित छ । यसो भन्नाको तात्पर्य के भने जीवको कर्म सापेक्ष भएर नै ईश्वरको ईश्वरत्वले काम गर्छ भनी मान्छन् नैयायिक र वैशेषिकहरू । तर पाशुपत दर्शनले परमेश्वरलाई जीवको कर्म सापेक्ष भएर नै फल प्रदान गर्नुपर्ने भन्ने सीमा निर्धारित गर्दैन । हाम्रा पशुपति मृत्युञ्जय छन् । अवश्यम्भावी मृत्यु पनि आफ्ना अनुग्रहद्वारा भक्तजनको हटाइदिन्छन् । उनी जीवको कर्मको अपेक्षा नराखी जे पनि गर्न सक्तछन् र महेश्वर छन्, महादेव शब्द उनमा सार्थक छ । ईश्वरत्वका लागि परम आवश्यक भएको अनुग्रह र निग्रह शक्ति उनीमा छ । आस र त्रास जसबाट हुँदैन, उसमा सबैको विश्वास र भय पनि रहँदैन ।

यही परिप्रेक्ष्यले विचार गरी पाशुपत दर्शन परमेश्वरको स्वतन्त्रताको परिभाषा असीमित गर्छ । यही यस दर्शनको आफ्नोपन हो । अरूका ईश्वरमा र यिनका महेश्वरमा सिद्धान्त भेदले महान् अन्तर पाइन्छ । यसमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यिनीहरूको विचारको विमर्श गर्नु अहिले प्रासङ्गिक भएकाले त्यतैतिर विचार मोडौँ ।

महेश्वरलाई प्राणीकृत धर्माधर्मको अपेक्षा नै नगरी निरतिशय स्वातन्त्र्य भएकाले फल प्रदान गर्छन् भन्ने त पाशुपत दर्शनले स्विकार्‍यो । तर त्यसले गर्दा प्राणिकृत पुण्य-पापकर्म व्यर्थ न होला र ? फेरि कर्मसापेक्ष मान्दा विभिन्न प्राणीको कर्म बेग्लाबेग्लै भएकाले सबै कार्य एकबाजी भ्वाम्मै हुँदैनन् भनेर समाधान गर्न पाइएको छ । यदि कर्मसापेक्ष नभए सबै कार्य समय-समयमै उत्पन्न हुनमा रोक लाउने को हुन सक्ला र ? अर्को सबभन्दा असजिलो कुरो यो पनि पर्छ कि ईश्वर निरपेक्ष कारण भए संसारमा प्राणीको सुख दुःखमा उसको पक्षपातपूर्ण नीति भएको स्वतः आरोप लाग्छ । त्यसै हुँदा सापेक्षत्व स्वीकारेर ईश्वरलाई स्वतन्त्र मानेमा प्राणीका सुकर्म-कुकर्म नै सुख-दुःखको र वैचित्र्य सम्पादनमा साफल्य भई ईश्वरलाई भने मुछ्नुपर्ने हुँदैन । फेरि सबै कर्मको तुल्यकालत्व नभएकाले सर्वकर्मको युगपत् उत्पत्ति नहुनु पनि सार्थक सिद्ध हुन्छ भन्ने कुरामा यिनीहरू के भन्दछन् भने ईश्वरलाई कर्मसापेक्ष भन्नेले एउटा ठुलो गल्ती गरेको उनीहरूले पत्तै पाएका छैनन् । प्राणिकृत कर्मजन्य पुण्य-पाप प्राणिनिष्ठ हुन्छ । जगत्को उत्पत्ति आदि अनुकूल व्यापार भने ईश्वरनिष्ठ हुन्छ । त्यसो भएकाले अन्यत्र रहेको अदृष्टले कसरी अन्यत्र व्यापार पैदा गर्ला, धन्जेको नाक बैजेको सन्धे त हुँदैन ? यस्तो दोषलाई हामी अधिकरण भनेर भन्छौँ । अर्थात् प्राणिनिष्ठ अदृष्टले ईश्वरनिष्ठ व्यापारमा कसरी प्रभाव पार्ला र ? त्यसैले ईश्वर कर्मनिरपेक्ष नै कारण मान्नुपर्छ । होइन यो त भनियो यसरी, तैपनि निरपेक्ष महेश्वरलाई कारणत्व प्रदान गर्न नै हो भने कर्मको विफलतामा पर्ने कुरो त काँचै नै रह्यो त भन्ठान्नुपर्दैन । महेश्वरको इच्छाबाट अनुगृहीत कर्मको सफलत्व हुन्छ । कर्म गर्‍यो तर ईश्वरको अनुग्रह रहेन भने त्यो कर्मले सफलता प्राप्त गर्न सक्तैन । यस्ता उदाहरणमा ययाति आदिको कर्मको निष्फलत्व देखिएकै छ । अर्थात् भन्न खोजेको के हो भने जस्तो ईश्वर कर्मनिरपेक्ष कारण छ, त्यस्तो कर्मचाहिँ ईश्वर निरपेक्ष भई कारण छैन र कर्मको कारणत्व ईश्वर सापेक्ष नै हुन्छ । यसै हो भने कर्ममा प्रवृत्ति होओइन भन्ठान्नुपर्दैन । किसानहरू खेतीपातीका काममा प्रवृत्त हुन्छन् । बीजमा अङ्कुरोत्पादन सामर्थ्य किसानमा रहँदैन । त्यसको सामर्थ्य मलजलमा र देशकालमा निर्भर छ । तैपनि कर्षकको कृषि कर्ममा प्रवृत्ति हुन्छ । त्यस्तै जीवकृत पुण्य-पापादि कर्म ईश्वरको इच्छाको सहायले स्वानुगुण सुख वा दुःख प्रदान गर्छ । ईश्वरको सामर्थ्य चाँहि प्राणिकृत कर्मलाई अपेक्षा नगरीकनै फल प्रदान गर्न समर्थ हुन्छ । यहाँनिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आएर यस दर्शनले जीवको कर्मलाई पनि तीन रूपमा विभक्त गरेको छ। कुनै कर्मले ईश्वर सन्तुष्ट हुन्छन्, कुनै कर्मले ईश्वर शुद्ध हुन्छन् र कुनै कर्म गर्दा ईश्वर उदासीन हुन्छन्। न खुसाउँछन् अर्थात् न त रिसाउँछन्। यसले त अगाडिका दुई कर्मफल प्रदायक हुन्छन् र तेस्रो निष्फल हुन जान्छ। निष्फल कर्ममा प्रवृत्ति जीवको कसरी हुन्छ त भन्दा त्यो अगाडि थाहा हुँदैन र प्रवृत्ति हुन्छ। पछि बाली नलाग्ने कुरा जस्तो कृषकलाई थाहा नहुँदा कर्षक प्रवृत्ति हुन्छ, त्यस्तै हो।

माथि भनिएका कुरालाई सङ्क्षेप गर्दा देखिन आउने सारांश यस प्रकार हुन्छ। ईश्वर र कर्म यो दुई जीवलाई सुख या दुःखरूपी फल दिन्छन्। ईश्वरले फल दिँदा कर्मको अपेक्षा आवश्यक हुँदैन तर कर्मबाट फलप्राप्त हुँदा भने ईश्वर सापेक्ष हुन्छ। त्यति हुँदैमा कर्मको व्यर्थता हुँदैन र कर्ममा जीवको प्रवृत्ति नहुने होइन। यसले गर्दा ईश्वरको पूर्ण स्वतन्त्रतामा कुनै आँच आउन पाउँदैन। अचिन्त्य सक्तियुक्त महेश्वरको इच्छानुविधायिनी अव्याहत क्रियाशक्तिद्वारा कार्यकारित्व कायम रहने हुँदा सबै थोक समय-समयमा उत्पन्न हुनुपर्ने भन्ने कुराको पनि समाधान हुन्छ। यही कुरा यसरी मानिएको प्रमाण पनि छ।

कर्मादिनिरपेक्षस्तु स्वेच्छाचारी यतो ह्ययम्।
ततः कारणतः शास्त्रे सर्वकारणकारणम्॥

यसरी पाशुपत दर्शनले अरूलाई उछिनेर कर्मादि निरपेक्ष स्वतन्त्र परमेश्वरको अस्तित्व मानेको छ। त्यसो हुँदा सृष्टि, स्थिति, संहारका अतिरिक्त अनुग्रह र निग्रह पनि ईश्वरनिष्ठ हुन गए। वास्तवमा अनुग्रह र निग्रह नै पतिमा रहने वैशिष्टच हुन्, जसले गर्दा पशुहरू उससँग सदा दास्यभावले व्यवहार गर्छन्। दास शब्दको व्याख्यामा "दीयते सर्वं अस्मै इति दासः" अर्थात् सबै कुरा जसलाई खुसी भएका मालिकले प्रदान गर्छन्, त्यसलाई दास भन्ने निरुक्तिगत दासको व्याख्या गर्छन्।

यो सम्प्रदाय योगविधिमा पूर्ण आस्थावान् रहेको छ। यसैद्वारा पञ्चपदार्थको तत्त्वज्ञान गरी दुःखान्त हुन्छ। दुःखको मुख्य बीज नै अस्वातन्त्र्य हो। पशु प्रायः मनुष्यको अधीन रही परतन्त्र हुन्छ। परतन्त्रता सरहको दुःख केही छैन। चेतन सदा स्वतन्त्रता चाहन्छ। परतन्त्रता दुःख भनिएपछि दुःखान्तको विभेदको चर्चा गर्नु पनि यहाँ अप्रासङ्गिक हुँदैन।

यहाँ दुःखान्त दुई छन् अनात्मक र सात्मकका भेदले। आत्मा भए पनि ऐश्वर्यादि-राहित्यले निरात्मकत्व भनी व्यवहार भएको हो। अनात्मक दुःखान्तमा सबै दुःखहरूको अत्यन्त उच्छेद हुन्छ। यो दुःखान्तमा केवल दुःख मात्र हट्छ। यो स्थिति त पाषाणादि बराबरकै भयो भनी भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सात्मक मुक्ति परमुक्ति मानिएको छ। सात्मक भनेको दृक् शक्ति र क्रिया शक्ति को शक्ति द्वयरूप ऐश्वर्यलाई लिएर भनिएको हो। दृक् शक्ति एउटा छ, जसलाई ज्ञान शक्ति भने पनि हुन्छ। त्यो विषय भेदले पाँच थरीको मानिएको छ। दर्शन, श्रवण, मनन, विज्ञान र सर्वज्ञत्व दृक् शक्तिका नै भेद हुन्। तीमध्ये सूक्ष्म, व्यवहित (छकिएको) विप्रकृष्ट (टाढा रहेको) अशेष चाक्षुष स्पर्श विज्ञानलाई दर्शन भनिन्छ। यहाँ स्पर्श शब्दले रस र गन्धको पनि ग्रहण हुन्छ। सूक्ष्म परमाणु आदि तिनमा रहेको रूप रस, गन्ध र तदाश्रित, द्रव्यलाई बद्धजीवले जान्दैनन्। स्थूल पदार्थ पनि भित्ता आदि छेकवारले छेकिँदा र धेरै टाढा रहँदा ज्ञात हुँदैनन् बद्धजीवलाई। मुक्तलाई भने सूक्ष्म व्यवहित र विप्रकृष्ट वस्तुको ज्ञान हुन्छ।

दर्शनभित्र गन्ध र रसको ग्रहण भएझैँ श्रवणलाई अन्तर्गत नगरी श्रवणलाई पृथक् निर्देश गर्नामा कारण छ। सूक्ष्म, दूरस्थ, पशुपक्षी आदिका अशेष शब्द, विषय सिद्धि ज्ञानलाई श्रवण भनिएको छ। समस्त चित्तविषयक सिद्धिज्ञानलाई मनन भन्दछन्। शास्त्रको यथार्थ वाक्यार्थ ज्ञानलाई विज्ञान भन्ने परिभाषा गरिएको छ। सबै कुराको छोटकरीबाट या विस्तारपूर्वक हुने ज्ञानकै नाम हो सर्वज्ञत्व। त्यो ज्ञान सामान्य विशेषरूपले तत्त्व व्याप्त र सदोदित सिद्धिज्ञान भन्नुपर्छ। दृक् शक्तिको पर्याय धीशक्ति पनि हो।

क्रियाशक्ति एक छ तापनि मनोजवित्व, कामरूपित्व र विकरण धर्मित्वका भेदले तीन प्रकारले व्यवहारमा प्रयुक्त हुन्छ। मन सबभन्दा शीघ्रगामी छ। मनको वेगतुल्य छिटो गर्नु अर्थात् निरतिशयशीघ्रकारित्वको नाम हो मनोजवित्व क्रियाशक्ति। कर्मादिको अपेक्षा नराखी आफ्नै इच्छाले अनन्त सलक्षण-विलक्षण र स्वरूप जुन शरीर इन्द्रियरूप करणहरू छन्, तिनीहरूको अधिष्ठातृत्वलाई कामरूपित्व भनिन्छ। ज्ञानको करण भएका इन्द्रियादिको सहायता नलिई निरतिशय ऐश्वर्य सम्बन्धित्व कियाशक्तिलाई विकरणधर्मित्व कियाशक्ति भनिएको छ।

यहाँ यस दर्शनले जुन दुई शक्तिको व्याख्या गरेको पाइयो, त्यसले चेतनको अस्तित्वको द्योतन गर्छ। हुन पनि केही थाहा पाउनु र कुनै स्पन्दन रहनु नै जीवनको द्योतक हुन्छ। प्राणीमा रहेको ज्ञानशक्ति र क्रियाशक्तिको तारतम्यले नै हीनत्व र महत्त्वलाई जताउँछ। त्यति मात्र होइन ईश्वरमा रहने ज्ञान र क्रिया हाम्रा ज्ञान र क्रियाभन्दा विलक्षण छन् भन्ने कुरा पनि यहाँ देखाउन ज्ञानशक्तिमा सर्वज्ञत्वको सीमासम्म पुऱ्याएको र क्रियाशक्तिमा विकरणधर्मित्वसम्म लगेको विभेदले हामीलाई महेश्वरमा रहेको शक्तिको अवबोध गराउँछ। स्वतन्त्रताको र सर्वशक्तिमत्ताको चरम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आधारविन्दु परमेश्वर मात्र हुन्छ। यस दर्शनले प्रतिपादित परमेश्वर (पति) नै गर्न, नगर्न र अन्यथा गर्न समर्थ भएकाले सर्वतन्त्र स्वतन्त्र रहन्छ। यसै हुँदा अनुग्रह र निग्रहशक्तिको पराकाष्ठा सदाशिवमा नै प्राणीको कर्मनिरपेक्ष भएर रहन सक्तछ। प्राणीमा ज्ञानवान् मनुष्य नै सर्वश्रेष्ठ छ र उससाई सवैभन्दा मृत्युको भयले नै सताइरहन्छ। कालजयी मृत्युञ्जय महादेवबाटै मृत्यु जितेका भक्तजन हुने हुँदा त्यसको आशाले धेरै यसतर्फ झुक्नु अस्वाभाविक पनि होइन। यही परिप्रेक्ष्यमा रससिद्ध गरी अजरामर प्राप्त हुने विश्वासले रसेश्वर दर्शनमा फल लागेको हो। रस के हो र रसका ईश्वर को हुन्? यसबारेमा प्रसङ्गवश सबै उल्लेख गरिने नै छन्।

त्यसबाहेक सबै कार्य अस्वतन्त्र छन्। तर ती जीववर्ग या जडवर्ग जे हुन्, आफ्ना-आफ्ना गुणसहित सबै स्वतन्त्र छैनन्। तिनको भेद विद्या, कला र पशु भनी तीन थरी मानिएको छ। यहाँको पशु समस्त जीवलाई बुझाउने संज्ञा हो। जीवका गुणहरू विद्या मानिन्छन् र पृथिवी आदि गुणसहित जडहरू कला शब्दद्वारा व्यवहार हुन्छन्। अस्वतन्त्ररूप यी कार्यको अवान्तर भेद अलगअलग जानेपछि संशयनिवृत्ति हुन्छ र कार्यरूप तत्त्वको याथार्थ्यले निष्चय हुन्छ।

पशुगुण भनिएको विद्या पनि बोध स्वभाव र अबोध स्वभावका भेदले दुई किसिमको मानिएको छ। बोध स्वभाव पनि विवेक र अविवेक प्रवृत्ति भेदले दुई थरी छन्। बोध स्वभाव बोध गराउने र अबोध स्वभाव चाहिँ अबोधात्मक हुन्छन्। बोधात्मिका विद्या नै चित्त हो। यस दर्शनमा चित्त भनेको अन्तःकरणको अवान्तरभेद होइन। एउटै अन्तःकरण कार्यभेदले मन, बुद्धि, अहंकार र चित्त भन्ने नाम लिन्छन् भन्ने दर्शन पनि छ। यहाँ यस दर्शनले निर्धारित तात्पर्य के हो भने जीव नै घटादि पदार्थ चित्तले थाहा पाउँछ। "चेतयते जानाति येन" यस निरुक्तिद्वारा चित्त शब्द बनेको छ। यसो हुँदा जीवको विषय ज्ञानका लागि जुन प्रवृत्ति छ, तद्रूप जीवनिष्ठ गुणविशेष यहाँ चित्त भनिन्छ। त्यो गुण स्वयं बोधात्मक भएकाले घटादि पदार्थज्ञान गराउँछ। जस्तो सूर्य स्वयं प्रकाश भएकाले घटादि पदार्थलाई प्रकाश गर्छ, त्यस्तै यो चित्त पनि हो। चित्त नाम भएको यो प्रवृत्ति कहीँ विवेकयुक्त र कहीँ विवेकरहित हुन्छ। विवेक प्रवृत्ति प्रमाण ज्ञानले व्यक्त हुन्छ। सामान्य प्रवृत्ति पनि चित्त नामकै अतीन्द्रिय हुन्छ। त्यो पनि त्यसको साध्य सामान्य ज्ञानात्मक फलले व्यक्तिन्छ। जसले बोधात्मक चित्तले आफ्नो स्वभावरूप बोधले घटादि पदार्थलाई पनि ग्रहण गर्छ, त्यस अनुग्रहले जड भएका घटादि पदार्थ पनि प्रकाश हुन्छन्। यो चित्तनामक गुण बोधात्मकत्व हुनाले ज्ञानको साधन भएको हुन्छ। अर्को अबोध जीवगुण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बोधस्वभावरहित भएकाले ज्ञानमा उपयुक्त हुँदैन। यही पशुत्वको प्रापक हो। पशुत्व प्राप्ति नै फल भएका धर्माधर्म जसका पेटमा पर्छन्, त्यस खालको विद्यालाई अर्थात् जीवगुण विशेषलाई अबोधात्मक भनिन्छ।

चेतनको परतन्त्रत्व भएको अचेतन चाहिँ कला हो। त्यो कलाकार्य र कारणरूपका भेदले दुई छन्। कार्यरूप कला दश थरीको छ। पृथ्वी, जल, तेज, वायु र आकाश पाँच भए, रूपादि गुण पाँच भए। यी दुई जोड्दा १० थरीका भएका हुन्। कारणरूप कला तेह्र थरीका छन्। ज्ञानेन्द्रिय पाँच, कर्मेन्द्रिय पाँच र बुद्धि, अहंकार मनोरूपी अन्तःकरण तीनले जम्मा तेह्र भए। यस दर्शनमा अन्तःकरणको भेद नभएर जीवको गुण मानिएकाले चित्तलाई अन्तःकरणमा परिगणन गरिँदा यहाँ अन्तःकरण तीन भएका हुन्। बुद्धिले निश्चयात्मिका वृत्ति गर्छ, अहंकारले अभिमानात्मिका वृत्ति गर्छ र मनले सङ्कल्पात्मिका वृत्ति गर्छ।

पशु पनि साञ्जन-निरञ्जनका भेदले दुई किसिमका छन्। साञ्जन भनेको शरीर इन्द्रियादि सम्बन्धी र निरञ्जन भनेको चाहिँ शरीरेन्द्रिरहित। पति शब्दको वाच्यपदार्थबारे माथि नै विशद व्याख्या गरिसकिएको छ। यो कारणतत्त्व महेश्वररूप हुन्छ।

चित्त, जो जीवगत बोधात्मक गुणविशेष हो, त्यसद्वारा जीवात्मालाई परमेश्वरसँग सम्बन्धको हेतुलाई योग भन्दछन्। त्यो योग क्रियालक्षण क्रियारूप लक्षणका भेदले दुई थरीका हुन्छन्। जप-ध्यानादिरूप क्रियालक्षण हुन्छन्। क्रियापरक लक्षण चाहिँ निष्ठा अर्थात् अव्यभिचारिणी महेश्वर भक्तिलाई निष्ठा, संविद (तत्त्वज्ञान र गति शरणागमन) आदि छन्।

धर्मरूप, जुन अर्थ त्यसको साधक व्यापारको नामलाई यहाँ विधि भनिन्छ। "विधीयते असौ विधिः" यस निरुक्तिले सिद्ध भएको विधि शब्द कर्ममा कि प्रत्यय भएर नै बनेको मान्नुपर्छ। यहाँ धर्म भनेर महेश्वर र तद्रुप जुन अर्थ त्यसको साधक महेश्वरको सामीप्यादि फलक व्यापार भन्ने यसको माने हो। ती विधि दुई प्रकारका छन् - प्रधानभूत र गुणभूतका भेदले। त्यसमा साक्षात् धर्म-हेतु-चर्या चाहिँ प्रधानभूत भनिन्छ र त्यो चर्या पनि व्रत र द्वारहरूका भेदले दुई छन्। मुख्य यिनीहरूको भस्मस्नान, भस्मशयन, उपहार, जप, प्रदक्षिणा यी पाँच व्रत छन्। नकुलीशले यसमा सूत्रद्वारा भस्मस्नान, भस्मशयनलाई यसरी निर्देशन दिएका छन्। त्रिकालमै खरानी घसी स्नान गर्ने कुरा छ - "भस्मना त्रिषवणं स्नायीत भस्ननि शयीत।" माहेश्वर मतमा भस्मको पवित्रतामा बढ्ता जोड दिइएको पाइन्छ। खरानी घस्नाले नग्न हुँदा शीतबाधाबाट बच्ने उपायलाई अपनाएको हुनुपर्छ। उपहारको वर्णन पढ्दा हामी यही मत पछि गएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अवधूत रूपमा परिणत भएको झैँ पनि देखिन्छ। जब भक्ति र प्रपत्तिले व्यक्तिका सामाजिक बन्धनहरू हट्तछन् र निस्त्रैगुण्य मार्गमा विचरण गर्न थाल्छ अनि शैव र वैष्णव जुन मतका भए पनि अवधूतरूपमा देखापर्छन्। हामी ऋषभदेव, जो महाभागवत हुन्, उनका नियमहरू पनि त्यही अवधूतका चर्या सरह नै देख्तछौँ। जडभरतलाई रहुगणले "कतमोऽवधूत:" भनेर भनेको भागवतमा पाउँछौँ।

माथि जुन उपहार भनियो, त्यो नियम हो, त्यो उपहार षडङ्गरूप छ। ती छ अङ्ग हुन् - हसित, गीत, नृत्य, हुडुक्कार, नमस्कार र जप्य। सूत्रकारले यही कुरालाई सूत्रमा यसरी गाँसेका छन्। "हसितगीतनृत्यहुडुक्कारनमस्कार जप्यषडङ्गोपहारेणोपतिष्ठेत।" हाँस्ने, गाउने, नाच्ने, पशुझैँ कराउने, ढोग्ने र जप्ने यी कुरा भावमा विभोर भएर गर्नुपर्छ। सर्वसाधारणमा भन्दा यिनीहरूमा अमिल्दो अनौठो व्यवहार हुन्छ। त्यो देख्ता साधारण व्यक्तिले यिनीहरूलाई लठुवा, मूर्ख भनी हेला गर्छन् पनि। त्यस्तो अर्काले गरेको निन्दा देखेर उपासक आफ्नो व्रतबाट दृढता नहुन्जेल हट्न पनि सक्तछ। त्यसो हुँदा साधकले पहिले व्रतचर्या एकान्तमा नै सम्पादन गर्नु बढिया हुन्छ।

द्वारहरूको परिगणन गर्दा क्राथन, स्पन्दन, मन्दन, शृङ्गारण, अवितत्करण र अवितत्भाषणलाई लिइएको छ। नसुतीकन सुतेझैँ देखाउनु, डगडग काँप्नु, खोच्च्याएर लङ्गडाउनु, तरुनी नदेख्ता पनि खुप नै हाउभाउ गरी शृङ्गारिभाव देखाउनु, लोकनिन्दित काम पनि सहज गर्नु र अन्टसन्ट बोल्नु यी माथिका क्राथनादिका नेपालीमा अर्थ हुन आउँछन्। हामीलाई यी कुरा पढ्दा जनताले ठाउँ-ठाउँमा सिद्ध भनी मानिएका मान्छेको स्वभावको शास्त्रीय आधार पाइएको लाग्छ। लोकबाह्य भएर शैव मतमा एकान्त प्रवृत्तिका लागि यो चर्याको विधान भएको हुनुपर्छ। जब वीर शैवहरूको पछिल्लो परम्परामा अघोर मत आउँछ अनि यस परम्परामा चरम सीमा पुग्छ अवितत्करण कर्मको।

दर्शनको भूमिकामा कति विधि आउँछन् व्रताङ्ग भएर यसको ज्वलन्त उदाहरण शैव मतमा आएर हामी पाउँछौँ। यो जब तन्त्रमा गएर मिसिन्छ अनि त दर्शनको धार नै बदलिइसकेको हुन्छ।

पञ्चत्व दार्शनिक जगमा बसेको पाशुपत दर्शनको आचार र विचारको आधार नै अर्कै छ। यसमा स्वरूप वैशिष्ट्यको विमर्श गर्नेले यसको चरम लक्ष्य भएको मोक्षको स्वरूपमा नै परमैश्वर्य प्राप्ति र दुःख निवृत्तिरूपता फेला पार्छ। कार्यलाई अभूत्वाभावी अर्थात् अनित्य भनेर न्यायवैशेषिकले मानेका छन्। तर यहाँ कार्यरूपमा परेका पश्वादि पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नित्य छन्। अन्यत्र कारण सापेक्ष छ भने यहाँ परमेश्वर निरपेक्षकारण छन्। यहाँ योगद्वारा परमैश्वर्य र दुःखान्तफल मानिएकाले योगशास्त्रले प्रतिपादित कैवल्यफल पनि त्यस रूपमा बरोबरी गर्न सक्तैनन्। पूर्वमीमांसाले प्रतिपादित विधिद्वारा प्राप्त स्वर्गादिफल पुनरावृत्तिरूप भनिन्छ तर यहाँको विधि अपुनरावृत्तिरूप सामीप्यादिफलक छ। अरूले मानेका परमेश्वर जीवकर्म सापेक्षकारण छन् तर यिनीहरूले परमेश्वरलाई सङ्कुचित सापेक्षताको बन्धनबाट उन्मुक्त पारी निरपेक्षकारण मानी सर्वशक्तिमत्ताको सीमातीत सत्ता स्विकारेको पाइन्छ। यो विभेदताले पाशुपत दर्शनको आफ्नो मौलिक भेद अरू दर्शनको भन्दा बेग्लै छ।

कतिले ज्ञानमात्रले मोक्ष हुन्छ भने तर ज्ञानमात्र नै मोक्षमा पर्याप्त हुँदैन। प्राकृत मनुष्य पनि ईश्वरको चमत्कारपूर्ण सृष्टिस्थिति देखेर देवाधिदेव हुन् महादेव भन्नेसम्मको त चेतन प्राणीमा मनुष्य भएको नाताले पनि रहेको हुन्छ। त्यति नै ज्ञानले पुग्ने भए शास्त्र व्यर्थ नै हुने भो। अनेक मलराशिले युक्त चर्मचक्षु भएका पशुबाट साक्षात् दृष्टिगत गर्नु परमेश्वरलाई हुन सक्ने कुरा होइन पनि। पञ्चपदार्थको यथावत् तत्त्व निश्चय नगरी मोक्ष हासिल हुँदैन। यो हो यिनीहरूले बनाएको धारणा। त्यति कुरा एउटा श्लोकमा अटाएर आचार्यले यसो भनेका छन् -

ज्ञानमात्रे वृथा शास्त्रं साक्षाद्दृष्टिस्तु दुर्लभा।
पञ्चार्थादन्यतो नास्ति यथावत्तत्त्वनिश्चयः॥

यस दर्शनले प्रतिपादित पशुपतिको साकार प्रतिमालाई प्रतिष्ठा दिँदै आजसम्म हिन्दु अधिराज्य नेपालले महिमान्वित मर्यादा गरी राष्ट्रको अधिदेवता मानेको छ। नेपालमा सुप्रतिष्ठित पशुपति लिङ्गको गरिएका स्तुति शिलास्तम्भ र शिलापत्रमा प्रशस्त कपिएका पाइन्छन्। लिच्छवि कालदेखिन् स्व. श्री ५ महेन्द्रवीरविक्रम शाहबाट गरिएका स्तुति सङ्कलन गरी प्रकाशनमा ल्याए स्तुतिकाव्यको एउटा राम्रो साहित्य प्रस्तुत हुन्छ। हामी आफ्ना राष्ट्रका अधिदेवलाई पशुपति मात्र नभनेर पशुपतिनाथ भन्छौं। तर पाशुपत मतमा पशु, पाश र पति यी तीन पदार्थका अतिरिक्त नाथ शब्दको उल्लेख पाइन्न। यो पशुपतिनाथ भन्ने प्रचलनको अनुसन्धान गर्दा मेरो विचारमा नाथसम्प्रदायको यसमा प्रभाव परेको लाग्छ। किनभने श्री मत्स्येन्द्रनाथ, श्री गोरखनाथ आदि नाथसम्प्रदायका प्रवर्तक सिद्ध रहेका र यिनको उपत्यका राजधानी कलाक्षेत्रमा र वीरप्रसविनी गोरखामा ठुलो प्रभाव थियो र अद्यावधि छ नै। शैव र बौद्ध दुबैले मत्स्येन्द्रनाथलाई मन्दिर बनाई पुजी प्रतिवर्ष रथयात्रा गर्ने गरेका छन्। काठमाडौंमा सेता मत्स्येन्द्रको र पाटनमा राता मत्स्येन्द्रको मन्दिर छ र साथै रथयात्रा हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गोरखामा गोरखनाथको गुफा छ। काठमाडौं मृगस्थलीमा गोरखनाथको मठ पनि कायम नै छ। श्री ५ पृथ्वीनारायण शाहले गोरखनाथको वरप्रसाद पाएको हुँदा नेपाल अधिराज्यको निर्माण गरेको भन्ने किंवदन्ती पनि हामीकहाँ पाइन्छ। राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहबाट आफ्ना सिक्कामा गोरखनाथ भन्ने मुद्राङ्कित गरेको पाइन्छ। गोवधलाई अधिराज्यमा कानुनबाट निषेध गरी गोरक्षनाथको आस्थालाई सार्थकता प्रदान गरेको पनि छ। नेपाललाई असली हिन्दुस्तानमा परिणत पनि गरेको शाह वंशका श्री ५ महाराजाधिराजहरूबाट अद्यावधि सो परम्परा झन्-झन् सुदृढ गर्दै राखेको पाइन्छ। यसका अतिरिक्त श्री गोरखनाथकै नामबाट श्रीनाथ र गोरख भन्ने पल्टन पनि खडा गरिएको ऐतिहासिक तथ्य छ। मत्स्येन्द्रनाथ बौद्धमतावलम्बीले आराधना गरे पनि वास्तविक रूपमा शैव-सम्प्रदायका नै हुन्। हामीकहाँ बौद्ध र शैव दुबै हिन्दु छन्। त्यसैले यस्तो हुन गएकोमा आश्चर्य मान्नुपर्ने कुरो छैन। नाथसम्प्रदायको बढ्ता आस्थाले पशुपतिनाथ भनी पति शब्दबाट अभीश्वरत्व गतार्थ हुँदाहुँदै पनि नाथ शब्दको आवृत्ति गरेको हुनुपर्छ। यसो गर्नु अनौचित्य भनेर भन्न मिल्दैन, किनभने देव शब्दमा देवाधिदेव भने झैं पति शब्दमा पतिनाथ नमिल्न जाने होइन।

पञ्चपदार्थमा आस्था राख्ने पाशुपत दर्शनले श्री शब्दमा पञ्चत्व समावेश गरेर परमेश्वरको सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह शक्ति पञ्चकत्वलाई श्री ५ भन्ने र नरमा नराधिपः लाई ईश्वरत्व प्रतिपादन गर्दा पनि श्री ५ को शब्दले समलङ्कृत गर्ने प्रचलन कायम गरिएको युक्तिसङ्गत छ भनी भन्न नसकिने होइन। हिन्दुको वर्णाश्रम धर्मले पञ्चजन भनेर ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र निषाद जातिलाई समावेश गरी निषादस्थपतिलाई यज्ञको अधिकारसम्म दिएर "निषादस्पतिं याजयेत्" भन्ने मीमांसा गरिएको पाइन्छ। पञ्चजनको प्रतिनिधित्व गरी राज्य गर्ने राजा श्री ५ हुनामा अर्को तर्क पनि पाइन्छ।

पाशुपत मतका आधारमा रानाको अनुग्रह र निग्रह शक्तिको दार्शनिक व्याख्या गर्दा र हाम्रो हिन्दुशास्त्र राजतन्त्रको नै एकमात्र आधारमा आधारित हुँदा हामीले "नराणाञ्च नराधिपः" भनी आएको हो। फेरि हिन्दुको विकास पद्धति खालि भौतिक सभ्यतामूलक नभएर आधिदैविक र आध्यात्मिक संस्कृतिपरक पति हुन्छ। त्यसो हुँदा चार विकासक्षेत्रमा श्री पशुपतिनाथको प्रतिमा स्थापित गरी त्यसको पूजा पद्धति पनि गुठी संस्थान र जनताको सहयोगमा कायम गर्नु आवश्यक छ झैं मेरो सानो बुद्धिले ठम्याउँछ। पशुपतिको मन्दिर अन्यत्र स्थापना गर्ने परम्परा हनुमानढोका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजप्रासादको नजिक पशुपति मखन टोलमा भएको देख्ता नयाँ कुरा मैले गरेको होइन भनी म आफै व्यक्त गर्छु ।

यी प्रसङ्गवश कोट्टयाइएका कुराले लहरो तान्दा पहरो गर्जन्छ भने झैँ पञ्चमुखी पशुपतिको मूर्ति यहाँ रहेकै अष्टमूर्ति पशुपतिको महाविशाल भव्य शिवलिङ्ग प्राप्त हुँदा मन्दसौर मध्यप्रदेश भारतमा वि.सं. २०१८ सालमा विशाल मन्दिर निर्माण गरी स्थापना गरिएको छ। उक्त शिवलिङ्गको विशालता उचाइ ७½ फिट गोलाइ ११½ फिट छ। यसको वजन १२५ मन अर्थात् ५० क्विन्टलको लगभग छ। यो पूर्ण गोलाकारको छ। यो पाषाण चमकिलो खयरको रङ्गको छ।

यो अष्टमूर्ति लिङ्ग प्राचीन गुप्तकालीन महाराज यसोधर्मन्को समयको भन्ने भनाइ छ। पुराना जमानाको किल्लाको परकोटाको नजिकको नदीको मध्यजल प्रवाहमा हजारौं वर्षदेखि दबिएको यो मूर्ति बिच नदीको बालुवा पन्छँदा केही भाग १९९७ वि.सं. मा देखेर भक्तजनले बडो उत्साह र परिश्रमले महादेवघाटसम्म ल्याई त्यसलाई घाटको वृक्षमुनि राखी दर्शन कार्य चलाए। २०१८ वि.सं.मा तापेश्वर महादेवको विद्यालय नजिकै विशाल मन्दिर श्री स्वामी प्रत्यक्षानन्दको सत्प्रयासबाट तयार पारी २०१८ वि.सं. मार्ग कृष्णपञ्चमीका दिन श्री कैलाशनाथ काटजूको करकमलबाट संस्थापित भयो। यो सबै कुरा प्रचार विभाग मन्दसौर (म.प्र.) ओमकारलाल पन्चारियाको बुलेटिनबाट ज्ञात भएको हो। यो बुलेटिन सदस्य-सचिव श्री सत्यमोहन जोशीको सौजन्यबाट उपलब्ध भयो।

शिवको अष्टमूर्ति प्रत्यक्ष रूपलाई श्री कालिदासले अभिज्ञान शाकुन्तलम्मा प्रतिपादित गरे। हामीले अष्टमूर्तिको शिवलिङ्ग पशुपतिको पनि मन्दसौर भारतमा संस्थापित भएको चर्चा गऱ्यौं। पशुपतिको वैदिक परम्परादेखिन् आर्य र द्रविडको मान्यतासम्ममा ऐतिहासिक अन्वेषण गर्दा शिव उत्तर हिमाल कैलाशवासी भए पनि दक्षिण समुद्र तटमा सेतुबन्ध रामेश्वरम्सम्म प्रतिष्ठा प्राप्त देवाधिदेवका रूपमा मानिन्छन्। नेपालको पञ्चमुखी पशुपतिको झैँ भारतका अष्टमूर्ति पशुपतिको शिवलिङ्ग पनि शास्त्रसम्मत हो। यसबारे विशेष जानकारी गर्नेले शिवमहापुराण हेरे हुन्छ। संस्कृतमा दखल नपुगेकाले गीताप्रेस गोरखपुरबाट प्रकाशित कल्याणको वार्षिक विशेषाङ्क ३६ औं सङ्क्षिप्त हिन्दी शिवपुराणाङ्क पढे हुन्छ।

आर्य-अनार्यले र देवासुरले समान भावबाट शिवको आराधना गरेको पाइन्छ। किरातेश्वरको वर्णनमा वेद, पुराणदेखि महाकाव्य समेत संलग्न छन्। हिन्दुहरूको वर्ण विभाग भए पनि रङ्गभेद नीति गौराङ्ग जातिमा जति थिएन। कर्पूरवर्ण श्री पशुपतिको र मेघश्याम श्री नारायणको समान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आदर, भक्ति, श्रद्धा रहन्छ। श्री रामकृष्ण श्यामवर्णी थिए, ती हाम्रा आराध्यदेव भए। श्री कृष्णद्वैपायन 'वेदव्यास' काला थिए, उनी भगवान् वादरायण भए। गौराङ्गहरूले श्यामाङ्ग निग्राहरूमाथि अमानुषिक घोर अत्याचार अद्यावधि गरेको उदाहरण प्रस्तुत गर्न सकिन्छ। निग्राहरूले इसाई धर्म र अङ्ग्रेजी भाषा लिएर आफूलाई विलीन गर्दा पनि उनीहरूको कालो छाला भएकाले गोरो छाला हुनेको समानतामा पुग्ने साधारण नागरिक अधिकारबाट पनि वञ्चित गरिएका छन्। तर उनै गोरा छालाको स्वर ठुलो छ हिन्दुले शूद्रलाई अपमानित गरे भन्ने। हामी सूतलाई कथा वाचनको आसनमा राखी शौनकादि ऋषिहरूले आदर गरेको कुरा ख्याल नगरी आफैलाई आफैले बिर्सन थाल्यौँ। त्यस्तो विद्या पढ्यौँ, जसले आफ्ना आत्मगौरवलाई हराउने परम्परा सिर्जिएको छ। यसमा यही लिङ्ग पूजाको विषय लिन सकिन्छ। यो शिवलिङ्ग पुरुषको जननेन्द्रिय र जलरी (वेदी) चाहिँ योनिको प्रतीक हो। त्यसो हुँदा लिङ्ग पूजा अनार्यबाट हिन्दुले अपनाएका हुन् भन्ने पाश्चात्त्य केही विद्वान्को भनाइ छ। तर त्यही पाश्चात्त्य विद्वान्हरू रुद्रलाई वेदमा प्रतिपादित वाक्यकै आधार लिएर अग्निको प्रतीक मान्ने पनि छन्। योन्याकारको वेदी नभई चतुष्कोण शिवलिङ्ग वेदीमा धेरै पाइन्छन्। शिवलिङ्ग त्यसबाट यज्ञवेदीमा अग्निको रूपलाई प्रतीकात्मकता भरेको भन्न किन नसक्नु ? भगलिङ्गामृतं विना भन्ने पक्ष मात्र किन हामीले प्रामाणिक मान्नु ? पशुपति एक अध्ययनमा यो कुरो विशद गरिसकेको छु।

दार्शनिक प्रसङ्गमा अन्त्यमा यहाँ गरिएका धार्मिक प्रक्रियामा पर्ने टिप्पणीको अनावश्यकतामाथि कसैले प्रश्न उठाउने सम्भावना नहोला भन्न सकिन्न। यसमा मेरो जवाफ के छ भने धर्मद्वारा कहीँ दर्शनको उद्भव भएको हुन्छ र दर्शनले धर्मको सही अर्थ र उसको लक्ष्यलाई अन्वेषण गरेर रहस्यको उद्घाटन गरेको हुन्छ। ज्ञानसँग भाषा, साहित्य, संस्कृति, कला र विज्ञान सम्बद्ध छन्। भयबाट उब्जेको धर्म ज्ञानको सहाराले संस्कृतिपरक भई समाजको स्वरूपमा प्रवाहनित्यता कायम गर्छ। दर्शनले "प्रतिक्षण परिणामिनो हि भावाः" भन्ने सिद्धान्त प्रतिपादित गर्‍यो। धर्म भावजगत्को कुरो हो। त्यसैले यो पनि विकृत र परिष्कृत हुन्छ भन्नुपर्छ। समाजको भौतिक विकासद्वारा पर्ने मानसिक छापलाई आत्माले नस्वीकारेर आफ्ना धारणा नबदल्ने कुरो हुँदैन। धारणाअनुरूप समाजमा धर्म बन्छ। हरेक धर्मको आधार भएको रहस्य दर्शनले व्याख्या गर्छ। अभयत्वप्राप्ति दर्शनको उद्देश्य हो। भयजन्य धर्मको वास्तविक स्वरूप फेला पारेर अभयत्व प्राप्ति मनुष्यलाई गराउँछ दर्शनले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मेघ विद्युत् झञ्झाबाट भयभीत भएर, दावानलबाट सन्त्रस्त रहेर वेदमा रुद्रको स्तुति प्रारम्भ भयो। रुद्र मन्युबाट निर्मित भएका रूपक गरिएको छ वेदमा। त्यसपछि पालतु पशुको परित्राणका निम्ति पशुपतिको परिकल्पना गरी पशुपा भनिए रुद्र। वैदिक कालमा पशुपति वास्तवमा पशुका मालिक थिए। पछि पौराणिक अवस्थामा आएर पनि मृगलाई समातेको हात शिवको गाँसिन पुग्यो शरीरमा। अब अग्निको अधिनायकत्वको धर्म र पशुको पारतन्त्र्यलाई लिएर पशुलाई परतन्त्र जीवमा परिणत गरी पतिमा कारणनिरपेक्ष सर्वतन्त्रता कायम गर्न पुग्यो पाशुपत दर्शनले। पाशुपत दर्शन अधीश्वरवादी दर्शन बन्न गयो। यति ठुलो अधिकार अरू दर्शनले ईश्वरलाई प्रदान गर्न सकेन। तर महेश्वरको निग्रहानुग्रह शक्ति यति ठुलो भयो, जो अवश्यम्भावी मृत्यु पनि जीवको हटाउन सक्ने भएर मृत्युञ्जय कहलिए।

दर्शनको प्रक्रियामा विधिलाई क्रियाको रूप दिँदा यस दर्शनले भस्मादि धारण, हुडुक्कार आदि उल्लेख गरेपछि यो केवल चिन्तनपरक अद्वैत ब्रह्मवाद जस्तो भनेर भन्न मिल्दैन। त्यसैले यस प्रसङ्गमा मन्दिर, मूर्ति आदि कुरा गर्नुपर्ने हुन जान्छ। पछि आएर पशुपति शिव हुन्छन्, रुद्र शङ्कर बन्छन्। अर्थात् समाजले अति उग्र रुद्रलाई समयको मागअनुसार करुणावतार शङ्कर बनाएर आराधना गरेको छ। त्यसैले पाशुपत दर्शनले लिएको महेश्वरको निरपेक्षकारणतामा समाजको विचित्रता पक्षपातपूर्ण ईश्वरको कार्य होइन भनी शैवदर्शनले यसमा मतविभेद गरी आफ्नो बेग्लै टिप्पणी पेस गरेको पाइन्छ। रुद्रलाई शिवको स्वरूपमा परिणत गर्दा पनि त्यसभित्र रहेको चुरो मन्युत्व हटाउन भने सकिएन र शिव संहारकारक देवताका रूपमै रहे। पछि शैवदर्शन पनि अध्यात्मवादको पराकाष्ठामा पुगी प्रत्यभिज्ञाको रूप लिँदा चिन्तनपरक हुन पुग्छ। यिनका भेद शैवदर्शनपछि प्रस्तुत गरिने प्रत्यभिज्ञा दर्शन हेरी पाठक र श्रोताहरूले बुझ्ने कुरो छ। वीर शैवधर्म अघोरमतमा गएर चुलिएको छ, जो तन्त्रको आड लिई अवितत्करण सिद्धान्तको चरम सीमा नाँघ्छ। यो सिद्धि प्राप्तिको साधन भनी एक थरी साधक अति नै समाजबाह्य भएको पाइन्छ। पाशुपत दर्शनको विकासको एक झलक यसरी यहाँ सङ्क्षेपले प्रस्तुत गरियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शैवदर्शन : एक परिशीलन

आस्तिक दर्शनले गम्भीरतापूर्वक विचार गरेको प्रमुख विषयमध्ये ईश्वर पनि एउटा महत्त्वपूर्ण विषय हो। ईश्वरको अस्तित्व स्विकारेर पनि उसको सर्वशक्तिमत्ता जीवको कर्मसापेक्ष मान्ने र असीमित कर्मनिरपेक्ष शक्ति मान्ने विभिन्न पक्ष छन्। शैव मतमा नै यसबारे विवाद खडा गरिएको छ। वैदिक परम्परावादी आस्तिकहरू ईश्वरको अस्तित्व स्विकारेन भन्दैमा त्यसलाई नास्तिक भन्न हुन्न भन्दछन्। पाणिनिले परलोकको अस्तित्व स्विकार्नेलाई आस्तिक भन्ने निरुक्ति गरी यो शब्द साधेका छन्। तर यसो गर्दा बौद्ध र जैन पनि आस्तिक हुन्छन्। यस परिभाषाअनुसार चोखो नास्तिक त चार्वाक दर्शन मात्र हुन्छ। साङ्ख्य र पूर्वमीमांसाले वेद मानेर ईश्वर नमान्दा वेदप्रामाण्यवादी यिनीहरूलाई आस्तिक नै स्विकार्छन्। यो कुरा दर्शनप्रेमीलाई थाहा नभएको होइन। ईश्वर एक तत्त्व हुन्छ दर्शनले विवेचना गर्दा, उसलाई मान्ने र नमान्ने दर्शनको परिशीलन गर्दा मलाई त दुवै थरी आफ्ना सिद्धान्तमा सशक्त भएको भैँ लाग्छ।

ईश्वरको सत्ता स्विकार्ने दर्शनमा पनि ईश्वरको स्वरूपनिष्ठ शक्तिमा बेग्लाबेग्लै धारणा रहेकोमा आश्चर्यित हुनुपर्दैन। एकै मतमा पनि ईश्वरको शक्तिका सम्बन्धमा राय फाटी मतमतान्तर खडा भएको छ। यो हिन्दुहरूको विचार स्वातन्त्र्यको ज्वलन्त उदाहरण हो। सम्प्रदाय पनि जब व्यक्ति स्वातन्त्र्यपरक छ धर्म र दर्शनको क्षेत्रमा भने योभन्दा ठुलो अर्को महत्त्वपूर्ण प्रक्रिया केलाई मान्न खोज्नु ? यसको उदाहरणमा हामी पाशुपत मत र शैव मतलाई प्रस्तुत गर्न सक्तछौँ।

दर्शनको क्रमिक विकासमा वेदका रुद्र पशुपति हुँदा अलि मत्थर भएका छन् भने शिवरूपमा शान्त हुन पुग्छन्। चट्टान फोरी हाम्फाल्ने गिरिनदी उपत्यकामा आई मत्थर भएर तीव्र वेगमा हुत्तिने र तलहट्टीमा पुगेपछि शान्त, अगाध नदी बनी पोतवाहिनी भएकी हुन्छिन्। त्यही कुरा यहाँ रुद्रको उग्रता पशुपतिको सर्वशक्तिमत्तामा देखापरी शिवको रूप लिँदा कर्माधीन स्वतन्त्रतामा परितुष्टि लिन्छ। वेदमा वर्णित "उग्रश्च भीमश्च"का रुद्र स्मृतिपुराणमा पनि नाम र कर्मले उज्जीवित नै राखेर पनि शिवतत्त्वको नयाँ उन्मेष भने गर्न थालिएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कालाग्नि रुद्र तमोगुणको अधिष्ठातृत्व देव भए। पछि तन्त्रमा कालभैरव भएर आए। जे होस् संहाररूपी रुद्र यजुः र अथर्वले पशुपतिका रूपमा मान्दा तदनुसारी दर्शनले पशुको अर्थ गर्दा जीवपरक भन्ने माने लगायो। र उसका पति महेश्वरमा असीमित शक्तिपात गराउँछ जुन कुरालाई पाशुपत दर्शनमा भनिइसकियो।

शैवदर्शन ईश्वरीय शक्तिलाई जीवको कर्मसापेक्ष मान्छ। जीवको सुख-दुःखादिको कारण जीवकै कर्मसापेक्ष मान्दा ईश्वरले "न मेद्वे ष्योऽस्ति न प्रियः" भनी साधिकार भन्न पाउँछन्। परमेश्वरलाई पक्षपाती पार्दा ईश्वरको परमत्व नै शङ्कास्पद हुन जान्छ किनभने असाध्यै धनी कोही, कोही हरिकङ्गाल पार्ने स्वार्थ के भयो र ? ऊ त परमात्मा हो। उसका लागि कसैलाई पटमूर्ख र कसैलाई प्रकाण्ड पण्डित पार्ने केही सरोकार रहन हुन्न। सुकृत गर्ने सुखी र कुकर्म गर्ने दुःखी हुन्छन्। जस्तै गुरु सबै छात्रलाई एकै कक्षामा समान रूपले शिक्षा दिन्छन्। परिश्रमी, पाठ घोक्ने, न आएको न बुझेको सोधेर तयार पार्ने विद्यार्थी आफ्नै कर्मले प्रथम श्रेणीमा उर्त्तीण हुन्छ। बरालिने, नपढ्ने छात्र अनुत्तीर्ण हुन्छ। दुवैले कर्म गरेअनुसारकै फल पाएका भन्नु उपयुक्त हुन्छ। भृतकाध्यापन त्यसै हुँदा उस वेला वर्ज्य भएको हुनुपर्छ। गुरुको पक्षपात नहोस् भनी भृतकाध्यापन र भृतकाध्ययनलाई अघि वर्ज्य गरे भने ईश्वरलाई अझ चोखो राख्नुपर्ने हुँदा कर्मसापेक्ष नै मान्नुपर्ने भन्ने ध्येय रहेको हुनुपर्छ।

ईश्वरको ऐश्वर्य कर्मसापेक्ष हुँदैमा कमजोर हुँदैन। राजाले कोषाध्यक्षको सापेक्ष भई आर्थिक नीति सञ्चालित गर्दा उसको प्रभु शक्तिमा आँच आउँदैन। यही कुरालाई शैव मतले स्विकारेर महेश्वरलाई यहाँ कर्मसापेक्ष गराइएको छ। महेश्वर कर्मनिरपेक्ष छ भन्ने यही कुरामा मत नमिल्दा शैवदर्शनले अर्को प्रस्थान खडा गर्‍यो। कर्मनिरपेक्ष, पक्षवैषम्य र निर्दयतापूर्ण दोष दूषित छन्। गीताले पनि भनेको यो कुरा यहाँ मेल खान्छ -

अधिष्ठानं तथा कर्ता करणञ्च पृथग्विधम्।
विविधाश्च तथा चेष्टा दैवं चैवात्र पञ्चमम्।

अधिष्ठान राम्रो चाहिन्छ, कर्ता पनि योग्य हुनुपर्छ, धेरै थरीका करण पनि हुनुपर्छ, धेरै थरीका क्रिया पनि मिल्नुपर्छ र पाँचौंमा दैव पनि अनुकूल हुनुपर्छ। यो कारणवादमा रहेका पञ्चत्व आफ्नैपनका छन्। ईश्वरमा असीमित शक्ति सम्पादन गर्न करणादि निरपेक्षत्व प्रदान गर्दा वैषम्यमूल स्थितिले पतिलाई निष्ठुर र पक्षपाती बनाइदिन्छ। यस उसले शैवमतावलम्बीले मेघतुल्य सदाशिवलाई मान्छन्। बीज रोपे पनि मेघ न बर्सी अङ्कुरोत्पत्ति हुन्न। न्यायवैशेषिकको ईश्वरको सान्निध्य लिन्छ यिनको मतमा महेश्वरले।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यी पनि पशु, पाश, पति यी त्रिपदार्थकै व्याख्याता छन् । यिनको शास्त्रमा विद्या, क्रिया, योग र चर्या चार पाद छन् । त्यहाँ भनिएको छ -

त्रिपदार्थं चतुष्पादं महातन्त्रं जगद्गुरुः ।
सूत्रेणैकेन संक्षिप्य प्राह विस्तरतः पुनः ॥

रुद्रलाई मन्युमय भनेर जुन कुरा वेदमा भनिएको थियो, त्यो त यसअघि पाशुपत मतको भूमिकामा वर्णन गरिसकिएकै छ । पुराणमा पनि आएर ब्रह्माको भृकुटीबाट रुद्रको उत्पत्ति मानिएको छ मन्युबाटै । त्यहाँ कुरा के छ भने विविध सृष्टिबाट सन्तुष्टि नभएर ब्रह्माले सनक, सनन्दन, सनातन र सनत्कुमार उत्पन्न गरेर सृष्टि चलाउन आग्रह गर्दा उनीहरूले मानेनन् र छोराहरूले नटेरेकोमा ब्रह्मालाई खपिनसक्नु क्रोध आयो । त्यो क्रोध मनले रोक्तारोक्तै पनि भृकुटीबाट कुमार नीललोहितको जन्म भएको हो । ती कुमारले नाम माग्दा नाम र काम पाए, शक्ति र स्थान पनि । रुवाइबाट रुद्र भएको कुरा पनि पाइन्छ । यसबारेमा श्रीमद्भागवत तृतीय स्कन्ध अध्याय १२ मा स्पष्टसँग यो कथा पाइन्छ । अरू पुराणभन्दा यो सप्ताह यज्ञमूलक भएकाले बढी उपयुक्त ठानी यहीँबाट यो कुरा लिइएको हो । प्रमाणका लागि केही श्लोक उद्धृत गर्छु ।

सोऽवध्यातः सुतैरेवं प्रत्याख्यातानुशासनैः
क्रोधं दुर्विषहं जातं नियन्तुमुपचक्रमे ॥ ३।१२।६ भा.
धिया निगृह्यमाणोऽपि भ्रुवोर्मध्यात् प्रजापतेः ।
सद्योऽजायत तन्मन्युः कुमारो नीललोहितः ॥ ३।१२।७ भा.
स वै रुरोद देवानां पूर्वजो भगवान् भवः ।
नामानि कुरु मे धातः स्थानानि च जगद्गुरो ॥ ३।१२।८ भा.
इति तस्य वचः पाद्मो भगवान् परिपालयन् ।
अभ्यधाद् भद्रया वाचा मा रोदीस्तत्करोमि ते ॥ ३।१२।९ भा.
यदरोदीः सुरश्रेष्ठ सोद्वेग इव बालकः ।
ततस्त्वामभिधास्यन्ति नाम्ना रुद्र इति प्रजाः ॥ ३।१२।१० भा.

यसबाट वेदमा मन्युबाट जन्मेको र रोएकाले रुद्र नाम भएको कुरालाई यसरी कथानकमा आबद्ध गरी रुद्रलाई ब्रह्माबाट उत्पन्न भएका र ती पनि सनकादिका अवज्ञाले उठेको क्रोधबाट भन्ने कुराको प्रसङ्गलाई मिलाएको छ ।

एकादश रुद्रका नाम - १ मन्यु, २ मनु, ३ महिनस्, ४ महान्, ५ शिव, ६ ऋतध्वज, ७ उग्ररेता, ८ भव, ९ काल, १० वामदेव र ११ धृतव्रत भागवतमा । महाभारत आदिपर्वमा रुद्रका नाम छन् ६० अध्याय २

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्लोकमा मृगव्याध, शर्व, निरृति, अजैकपाद, अहिर्बुध्न्य, पिनाकी, दहन, ईश्वर, कपाली. स्थाणु र भव ।

एकादश रुद्राणीको नाम १ धी, २ वृत्ति, ३ उशना, ४ उमा, ५ नियुत् ६ सर्पि, ७ इला, ८ अम्बिका, ९ इरावती, १० सुधा र ११ दीक्षा ।

रुद्रको स्थान १ हृत्, इन्द्रियहरू, असु, व्योम, वायु, अग्नि, जल, मही, सूर्य र चन्द्र । यो कुरा पनि श्रीमद्भागवत तृतीय स्कन्ध अध्याय १२ बाट उद्धृत गरेको हुँ ।

यहाँ नीललोहित शब्द शिवको पर्यायवाची शब्द छ। नील भनेको कालो र लोहित भनेको रातो वर्ण हो। धूम कालो र अग्नि रातो भएकाले नीललोहित शब्दको सार्थकता धूमवान् वह्निमा नै सार्थक हुन्छ। सर्पि रुद्राणीमध्ये एक हुन् । सर्पि शब्दको अर्थ हुन्छ पगालेको घ्यू। भनेको पनि छ "सर्पिविलीनमाज्यं स्याद् घनीभूतं घृतं भवेत् ।" अग्निको प्रोज्ज्वलनकारी शक्ति घ्यू भन्न नमिल्ने कुरा पनि देखिँदैन । तर पछि गएर कहिलेदेखिन् शिवको वर्ण कर्पूरगौर भनियो भन्ने बारेमा विचार गर्दा जब हिमालयबाट गङ्गा झरेको देखे भारतीयले भगीरथको प्रयत्नबाट अनि हिमालका रूपमा शिवलाई मानेजस्तो भान हुन्छ। जटाजूटमा गङ्गा रहेको कुरा गङ्गा देखेपछि कै हुनुपर्छ र गङ्गा हिमालयबाटै झरेकी छन् ।

कर्पूरगौरं करुणावतारं संसारसारं भुजगेन्द्रहारम् ।
सदा रमन्तं हृदयारविन्दे भवं भवानीसहितं नमामि ॥

यहाँ शिवको स्थान हृदयलाई पनि मानिएको पाइन्छ, जुन अघि स्थानको परिगणन गर्दा हृद् भनिएको थियो । अझ हिमालयको प्रभावले शिवलाई साक्षात् गर्दै भन्न थालिएको त तलका ध्यानले प्रमाणित गर्छ ।

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसम्,
पद्माकल्पोज्ज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम् ।
पद्मासीनं समन्तात् स्तुतममरगणैर्व्याघ्रकृत्तिंवसानम्
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥

रुद्रको अवतार विकासक्रमबाट छालाको वस्त्र धारण गर्ने समाजको स्वरूपको निर्धारणको सामीप्यमा पुग्छ। शिव अग्निरूपमा दिगम्बर थिए भने हिमालयको प्रतीक बन्दा चर्मधारी कृत्तिवासा भएकाझैँ देखिन्छन् । विष्णुले पीताम्बर रेशमी धोती पहिरहनुभन्दा अघि छाला लपेटेर बस्ने युग अघिको भन्नुपर्छ। तन्त्रमा आएर कालभैरवको करकलित कपाल ब्रह्माको शिर छ र वस्त्र नरचर्म छ। यो ध्यान हनुमानढोका थानानिर हामी शिलामूर्तिमा देख्न सक्तछौं । यहाँ काल ब्रह्माभन्दा अति सशक्त भएको यस ध्यानले प्रमाणित गराउँछ। ब्रह्माबाट जन्मेका रुद्र ब्रह्माको शिर हातमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिने भए। यहाँ समयको परम्पराको शृङ्खला टुटेकाले अनुसन्धान गरेर रुद्र, पशुपति, शिवको विभेद गर्न अति कष्टसाध्य भएको छ। नीललोहित शिव कर्पूरवर्ण हुनुमा कालको र समाजको पनि ठुलो प्रभाव पाइन्छ। कैलासवासी हुनुअघि शिव वनवासी थिए दावानलको रूप हुँदा। त्यस वेला दिगम्बर थिए अग्निका रूपमा भने हिमका रूपमा कृत्तिबासा भए होलान् भन्नुपर्छ। आगो र हिम कति विरोधी तत्त्व हुन् तर दुवैमा शिवको स्वरूप छ। चन्द्र र सूर्यलाई शिवस्वरूप मानी अष्टमूर्ति मान्दा जल र अग्नि दुवै अष्टमूर्तिमा परिगणित हुन्छन्। त्यसो हुँदा यो परस्पर विरोधी भावनाको समन्वय कसरी भयो भनेर हामीले आत्तिनुपर्दैन। किनभने “ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्” भन्ने दार्शनिक आधारले ईशलाई हामी अग्नि र हिम दुवैमा प्रतीक पाउन सक्तछौं। अमरनाथको हिमलिङ्ग छ भने ज्योतिर्लिङ्ग ज्वालामुखीमा मानिएकै छ।

तर यो विषय अति गहन र अति जटिल भएको छ परस्परका विविधताले गर्दा। जसलाई समन्वय गर्न खोज्दा त्यो पुरानो धारणासँग सम्बद्ध कुराको ज्ञान नभएमा बडो असजिलो पर्छ। रुद्रको मन्युबाट बचाउने उग्रता, पशुपतिको परिकल्पनावस्थाको मृगग्रहण कैलाशवासी भएपछिको कृतिवास आदि एकै ठाउँमा गुजुल्टो पारेर ध्यान गरिएको पाइन्छ। यति भूमिकाका रूपमा भनेर अब आफ्नो विषयतर्फ मोडिन्छु। पञ्चमुखबारे पछि सप्रमाण वर्णन गर्ने नै छु।

यस दर्शनमा मोक्षको साधन भएका ज्ञानका विषयत्वमा तीन तत्त्व पर्छन्- पति, पशु र पाशरूपमा भनी अघि यसमा पहिलो पनि पदार्थको निरूपण गर्नुपर्छ। यहाँका पति शिव हुन्। हुन त मुक्तात्मा विद्येश्वरादिमा पनि शिवत्व त रहन्छ तथापि परमेश्वर शिवको परतन्त्रतामा रहनुपर्दा स्वातन्त्र्य पूरा छैन तिनमा।

परमेश्वर अनुमानसिद्ध तत्त्व हो। प्रत्यक्षका हेतुले कार्यकारण भाव सिद्ध गरेपछि गरिने अनुमानको प्रामाण्य साँच्चै विमर्श गर्दा प्रत्यक्षलाई पनि उछिन्छ जस्तो हुन्छ। इन्द्रियजन्य ज्ञानका आधारमा भर पर्ने प्रत्यक्ष इन्द्रियको सीमित शक्तिले गर्दा व्यापक हुन सक्तैन। क्षिति, अङ्कुर आदि पदार्थ कार्य हुन्, कार्य कर्तृजन्य हुन्छ। जस्तै- घट बुद्धिमत्पूर्वक कुलालकृत छ। त्यस्तै यो शरीर, इन्द्रियहरू, जगत्, पदार्थ आदि कुनै सचेत परमशक्ति सम्पन्न तत्त्वद्वारा निर्मित भएको हुनुपर्छ। कार्यमा परेपछि त्यो कर्ताले बनाएको हुन्छ। जब कार्य भएर जन्य हुन्छ, त्यो विनाश्य पनि हुन्छ। हुन त के भन्न सकिन्छ भने कहीँ कसैले कुनै वेला शरीर बनाएको देखिँदैन, त्यसो हुँदा शरीरलाई कर्तृजन्य भन्न मिल्दैन। यो कुरो एक किसिमले ठिकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जस्तो लाग्न खोज्छ । तथापि कसैले बनाएको देह देखिएन भन्दैमा कर्ताको अपलाप गर्न मिल्दैन । आजको यो विज्ञानले त झन् के प्रमाणित गरिदियो भने नदेखिँदैमा वस्तुको अस्तित्वको अपलाप हुँदैन । अनिर्वाच्य विद्युत् तरङ्ग, रेडियो सक्रियता, परमाणु विस्फोटनजन्य शक्ति र पदार्थ र शक्तिको ऐकात्म्य सिद्धान्तहरूले जटिलतालाई झन् गम्भीर र विचार अगम्य गरेको छ ।

सन्निवेश विशिष्ट हेतुद्वारा र विनश्वरत्व कारणबाट देहलाई कार्य भन्नैपर्छ । जसमा कार्यत्व रहन्छ, त्यो बुद्धिमत् पूर्वकत्व हुनैपर्छ । यसरी कार्यकारण भावले अनुमान गर्न असजिलो नपरी देह कार्य हुन जान्छ । जुन जुन कार्य छन्, ती ती सकर्तृक हुन्छन् । जस्तै - घटपटादि भन्ने अन्वयव्याप्ति र जो कर्ताबाट तयार भएको हुँदैन, त्यो कार्य हुँदैन, जस्तै - आत्मा । अन्वयव्याप्तिमा साधन व्यापार र साध्य व्यापक हुन्छ । व्यतिरेकव्याप्तिमा साध्याभाव व्याप्य र साधनाभाव व्यापक हुन्छ । होइन जेसुकै भए पनि शरीरादिको कर्ता छैन भनौँ भने मनपरीसँग ती उत्पन्न होलान् । त्यसै हो भनौँ भने सुखसाधन नै जीवले लेला । तर त्यसो गर्न जीवको तागत छैन । त्यसको अर्कै नियन्ता छ । त्यो प्राणीले गरेको कर्मानुसार फल दिन्छ र कर्म सापेक्ष ईश्वर नै हाम्रो कर्ता हो भन्ने सिद्धान्त कायम हुन्छ । तिनै हुन् हाम्रा पति पदार्थ भन्ने विषय । कर्ताको स्वातन्त्र्यको परिभाषा गर्दा सिद्ध गुरुले भनेको कुरालाई यहाँ उल्लेख गर्दा अप्रासङ्गिकता आउँदैन झैँ लाग्छ -

स्वतन्त्रस्याप्रयोज्यत्वं करणादिप्रयोक्तृता ।
कर्तुः स्वातन्त्र्यमेतद्धि न कर्माद्यनपेक्षता ॥

यसको भनाइको तात्पर्य के हो भने कर्मको प्रयोजकत्व विवक्षामा पनि ईश्वरको स्वातन्त्र्य हानि हुन्न । करणादि कारकचक्रप्रयोक्तृत्व नै स्वातन्त्र्य हो । कर्मादि अनपेक्षत्वरूप स्वातन्त्र्य होइन । त्यसैले यस दर्शनका पति पदार्थ पाशुपत दर्शनका पति पदार्थभन्दा आफ्नो ढङ्गको स्वतन्त्रताको परिभाषाले गर्दा अलग अर्थ दिने हुन्छन् । हाम्रा पति पदार्थमा सर्वकर्तृत्व, सर्वज्ञत्व आदि शक्ति पनि पूर्ण रूपले रहेको छ । पति पदार्थ शिवतत्त्व भन्ने कुरा हामीले बिर्सन हुन्न । यिनका कृत्य पाँच छन्, ती हुन्- सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह ।

भोजराजले शिवको कृत्यपञ्चकलाई यसरी उल्लेख गरेका छन् । जो यस प्रकार छ -

पञ्चविधं तत्कृत्यं सृष्टिस्थितिसंहारतिरोभावः ।
तद्वदनुग्रहकरणं प्रोक्तं सततोदितस्यास्य ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यिनका मतमा शुद्धाध्व र कृच्छ्राध्व दुई मार्ग छन्। शुद्धाध्वमा साक्षात् शिवकर्तृक र कृच्छ्राध्वमा अनन्तादि विद्येश्वरादिमा कर्तृकता रहन्छ। यसरी शैवदर्शनले पति पदार्थको निरूपण गरेको छ।

यसको परिशीलन गर्दा यस मतले आफू दोधारमा परेको नदेख्ला तर पति पदार्थका विषयमा यसलाई व्याख्या गर्न बडो असमञ्जस परेको छ। यो मध्यम मार्गबाट हिँड्न खोजेको छ। कर्ताको स्वातन्त्र्यको व्याख्या गर्दा कर्मादि निरपेक्षता होइन भनी स्पष्ट पार्छ -

"कर्तुः स्वातन्त्र्यमेतद्धि नकर्माद्यनपेक्षता" भनेर। तर यसै मात्र हो भने उसको कृत्यमा पञ्चविधत्व रहन सक्तैन।

"तद्वनुग्रहकरणं प्रोक्तम्......' भनी कृत्यपञ्चकमा अनुग्रहलाई समाविष्ट गरेपछि कर्मादि निरपेक्ष स्वातन्त्र्य पनि मान्नुपर्छ कि भन्न नसकिने होइन। सेवाभावले प्रसन्न भएपछि उसको कर्मले भोग्नुपर्ने दुःखादि हटाएर अनुग्रहबाट सुखादि भोग दिनुपर्छ। नत्र त माहेश्वर्य शिवमा रहने नै भएन। शिवमा यदि निग्रहानुग्रह शक्ति नभए यस दर्शनको आधारशक्तिमै गडबडी आउँछ। किनभने शिवतत्त्व नै मृत्युञ्जयसम्म हुन्छ सेवकको। हामीले संहार शक्तिले नपुगी निग्रह शक्ति मानेर कर्मादि निरपेक्षताको पुष्टि गरेका छौँ।

न्यायवैशेषिकले ईश्वरमा कर्मसापेक्षता स्विकारेर सृष्टि, स्थिति, संहार मात्र मानेको छ। त्यसो हुँदा उसमा वैषम्य नैर्घृण्यदोष हुँदैन। वैषम्यादि दोषबाट डराएर शैवदर्शनले कर्मसापेक्ष शिवलाई त बनायो तर उसको कृत्यमा भने पाशुपत दर्शनको कृत्यपञ्चक स्थापित गर्‍यो। यसो नगरेमा शिवको माहेश्वर्यत्वमै आघात आउँछ। यसरी हेर्दा यहाँ परस्पर समन्वय ल्याउन गाह्रो परेको भैँ लाग्छ।

यदि न्यायवैशेषिककै ईश्वरतुल्य पति पदार्थ शिवमा निग्रहानुग्रह नमाने के हुन्छ त भन्ने हो भने माथि वैदिक अवस्थामा मानेको रुद्रको शक्तिस्वरूपमा नै एउटा ठुलो व्याघात पर्छ। रुद्र नै पशुपति भई पछि शिवको क्रममा आएर देखा परेका छन्। जस्तै ऋग्वेद २, मण्डलसूक्त ३३, मन्त्र १५ मा हामी रुद्रलाई यसरी पुकारेको पाउँछौँ -

एवा बभ्रो वृषभ चेकितान यथा देव न हृणीर्ष न हंसि।
हवनश्रुन्नो रुद्रेहबोधि बृहद् वदेम विदथे सुवीराः॥ २।३३।१५ ऋग्वेद

फेरि अथर्ववेदमा रुद्रलाई हामी यसरी प्रार्थना गरेको देख्छौँ -

भव राजन् यजमानाय मृड पशूनां हि पशुपतिर्बभूथ।
यः श्रद्दधाति सन्ति देवा इति चतुस्पदे द्विपदेऽस्य मृड। ११।२।२८ अथर्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शुक्लयजुर्वेद वाजसनेयी संहितामा रुद्रको स्तुति गर्दा यसो भनेको पाइन्छ -

मा नस्तोके तनये मा न आयुषि मा नो गोषु मा नो अश्वेषु रीरिषः ।
मा नो वीरान् रुद्र भामिनो बधिर्हविष्मन्तः सदमित् त्वा हवामहे । १६।१६ यजुः

यसरी रुद्र र पशुपति उपनिषद्मा आएर शिव बन्दा यस रूपमा देखा पर्न आएका छन् । जस्तै -

एको हि रुद्रो न द्वितीयाय तस्थु-
र्य इमाँल्लोकान् ईशत ईशनीभिः
प्रत्यञ्जनास्तिष्ठति संचुको चान्तकाले
संसृज्य विश्वा भुवनानि गोपाः ॥ ३॥२ श्वेताश्वतरः
यहीँ फेरि भनिएको छ
सूक्ष्मातिसूक्ष्मं कलिलस्य मध्ये, विश्वस्य स्रष्टारमनेकरूपम् ।
विश्वस्यैकं परिवेष्टितारं, ज्ञात्वा शिवं शान्तिमत्यन्तमेति ३।१४ श्वेताश्वतरः

उपनिषद्मा आएपछि शिवतत्त्व दार्शनिक रूपमा प्रकट हुन्छ । शिवधर्म भयमूलक अरूभन्दा बढी भएको त रुद्रावतारको स्वरूप नै उग्रश्च, भीमश्च भएर नै हुनुपर्छ । वास्तवमा आर्यको जीवन पद्धतिलाई सामाजिक, राजनीतिक आदि रूप दिने राजर्षि, महर्षिहरूमा मनु नै पहिला संविधान प्रदत्ता थिए । उनीपछि त्यसमा परिष्कार गर्ने भए याज्ञवल्क्य । यी स्मृतिअनुरूप दण्डको माहात्म्य दण्डनीतिले मात्र स्विकारेन । यीभन्दा अघि "यद्भयात वाति वातोऽयं सूर्यस्तपति यद्भयात्" भन्ने धारणा बनिसकेको हुँदा रौद्र रूप देखेर रुद्रप्रति जुन धार्मिक धारणा भई याज्ञिक पद्धतिले उनको यज्ञ प्रारम्भ भयो, त्यो वेदका विधिहरू, विधानमा हामी पाउँछौं । रुद्र पशुपति भएर रूपान्तर ग्रहण गर्दा पनि द्विपद र चतुष्पद पशुको संरक्षणका लागि आराधनाको प्रक्रिया रह्यो । भयमूलक आराधनामा निग्रह र अनुग्रह आराध्य देवतामा स्वतः प्राप्त हुने गुण हुन् । यो केवल पाशुपत मतको कुरो मात्र होइन । वैष्णव सम्प्रदायमा पनि कति पार तरेका छन् भगवद् भजनले । शाक्त मतमा त रक्षाको मूल आधार नै मातृ शक्तिको विवेचनाको चरम बिन्दु छ । मुख्य अवतारवादको सिद्धान्तका आधार नै "परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्" हुन्छ । यसो भएपछि भक्तानामभयंकर्ता र त्राता यी दुई रूपले निग्रह र अनुग्रह शक्तिलाई मौन स्वीकृति प्रदान गरेको हुन्छ ।

ऐतिहासिक यस धारावाहिक रूपमा खडा हुन आउने दर्शनले अनि शैवदर्शनको रूप लिँदा निग्रह र अनुग्राहिका शक्ति छाड्दा उसको सिद्धान्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विपरीत कुरा हुन्छ। होइन, पाशुपत मतले झैं नै पतिमा कर्मनिरपेक्ष स्वातन्त्र्य कायम गर्दा आत्मवादी दर्शनभन्दा धेरै पर बत्तिने र दर्शनको रूप निर्धारणमै धार्मिक परिवेश नाघ्न नसकिने होइन्छ। यस सन्दर्भमा शैवदर्शनले अनि के गरोस् त। आफ्नो वैदिक स्वरूपमा निहित रौद्री शक्ति पनि शिवमा कायम गर्नै पर्‍यो। पशुपतिको पति, पशु र पाशको दार्शनिक व्याख्या पनि दिनै पर्‍यो र शिवबाट अत्यन्त शान्ति प्राप्त हुन्छ पनि भन्नै पर्‍यो। यसरी शैवदर्शनले परिलक्षित शिव वैदिक र दार्शनिक कालको सीमा सन्धिमा अवस्थित भएको ज्ञात हुन्छ।

वेदको याज्ञिक प्रक्रियाले कर्मकाण्डको प्राबल्य लिँदा र देवताको स्वरूप निर्धारण गर्दा "मन्त्रमय्यो देवताः" भनी देवतालाई मन्त्ररूपिणी नै बनाएर यज्ञ-यागादि चलाए। यस जीवनमा रहेका जराव्याधि मरणलाई हटाएर स्वर्गलोकमा अजर, अमर हुने धारणाको जबर्जस्त विश्वास गरे। कर्मको क्षणिकता र देहको विनाशिता देख्ता त्यसको समाधान गर्न अदृष्ट (धर्म) नित्य आत्मामा संस्कार रूपले रही भोग साधनमा सहायक हुन्छ भन्ने सिद्ध गरे तर जन्य कर्मको फल क्षीण हुने आधार हुँदा "क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति" भनी ऐकान्तिक र आत्यन्तिक दुःख निवृत्तिका लागि दर्शनको आवश्यकता स्विकारेको पाइन्छ।

त्यही पूर्वमीमांसाले पिछा नछाडेकाले यिनीहरूले पनि शिवको प्राकृत शरीर नमानी शक्तिस्वरूप स्विकारे। यिनका शक्तिरूप मन्त्रले शिवको देह बनेको भनिन्छ। शरीरका अवयव पनि अब मन्त्ररूपकै भएका छन्। तत्रेशान (म.ना. २१) मन्त्र मस्तकस्थानीय, तत्पुरुषाय (म.ना. २०) यो मन्त्र मुखस्थानीय, अघोरेभ्यः (म.ना. १९) हृदयस्थानीय, वामदेवाय (म.ना. १८) मन्त्रचाहिँ गुह्यस्थानीय र सद्योजातं (म.ना. १७) यो मन्त्र पादस्थानीय भनी मानिएको पाइन्छ। भगवान् भूतभावन शङ्करको कृत्य पनि सृष्टि, स्थिति, संहार, अनुग्रह र निग्रह रूपको पाँच वटा हुन्छ। शिवको शरीरबारे माथिका मेरा कुरा यो तलको श्लोकले पुष्टि गर्छ -

तद्वपुः पञ्चभिर्मन्त्रैः पञ्चकृत्योपयोगिभिः।
ईशतत्पुरुषाघोरवामाद्यैर्मस्तकादिमत्॥

यसरी मन्त्रमय शरीर र उनको कृत्यबारेमा पनि भोजराजले माथि भनेकै कृत्यपञ्चक भनेका कुरा यहाँ उल्लेख गर्छु।

पञ्चविधं तत्कृत्यं सृष्टिस्थितिसंहारतिरोभावः।
तद्वदनुग्रहकरणं प्रोक्तं सततोदितस्यास्य।

यहाँसम्म मन्त्रमय शरीरलाई वैदिक याज्ञिक प्रक्रियाअनुरूप मानेको पाइन्छ। तर शिवलाई निगमका परिपाटीमा मात्र सीमित नराखी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आगमशास्त्रका परम प्रवक्ताको रूप दिनुपरेकाले महेश्वर सम्प्रदायले यसमा धेरै कुरा समावेश गर्नुपरेको देखिन्छ। हुन त अध्यात्मवाद जप, पाठ, पूजा आदि क्रियाकाण्डमा अलमलिने कुरा होइन। यसो भन्दैमा व्यावहारिक स्थितिमा अनाचारलाई प्रोत्साहित गरी आराधना पक्षको उच्छित्तो गर्ने पनि यसको लक्ष्य भने छैन। धेरै आधुनिक भई खाएकाहरूले मूर्ति पूजाको उपहास गरी आफ्नो बुद्धिमत्ता प्रदर्शित गर्छन् विदेशी विद्वान्का लहै-लहैमा लागेर। वास्तवमा भावनापक्षको रक्षाका निम्ति प्रतीक रूपको आवश्यकता भने नमानी धर नै छैन। यसका लागि मूर्ति विरोधी बुद्ध, क्राइस्ट र महमद यी तीन महापुरुषहरूको नाम लिन सकिन्छ। जति धेरै बुद्ध र ईशुका प्रतिकृति बने, त्यति सायद अरूका बनेनन्। पैगम्बर महमद्को प्रतिकृति न बने पनि उनको आराधनाका लागि ठुलाठुला मस्जिद बनेर त्यहाँ एक पवित्र दीप बालिने व्यवस्था रह्यो। हुन त दर्शनले कहीँ पनि हस्तपादादियुक्त ईश्वरको समर्थन मिल्दैन र गरेको छैन पनि। जब धार्मिक स्थितिमा उपासनाको आवश्यकता पर्छ अनि कालको पनि स्वरूप निर्धारण गरेको पाइन्छ। यसो हुनाको कारणमा उनीहरूले स्पष्ट पारेका छन्।

आकारवांस्त्वं नियमादुपास्यो
न वस्त्वनाकारमुपैति बुद्धिः ॥

अर्थात् साकार तिमी नियमले उपासना गर्न योग्य हुन्छौ। बुद्धिले निराकार वस्तुलाई विषयगत गर्न सक्तैन। निराकार तत्त्वको ध्यानादिरूप मानसिकी उपासना हुन सक्तैन। अब बुद्धिले विषय ग्रहण गर्न नसकेपछि स्तोत्रादिपाठनादिरूप वाचिकी सेवा पनि हुन्न। यसै गरी पाद्य, अर्घ्य, आचमन, स्नानादि षोडशोपचाररूप कायिकी सेवा पनि निराकारको हुन सक्तैन। यसो हुँदा साधकले गरिने कायिक, वाचिक, मानसिक उपासना आराधनाहरू निराकारमा असङ्गत हुने र यसो नभएमा सर्वसाधारणले भक्तिभावना गर्न नसक्ने भएकाले प्रतिमाको प्रतिष्ठा कायम हुन गएको देखिन्छ। साधकको आराधनाका निम्ति नै रूपधारी ईश्वरको परिकल्पना भएर मूर्तिपूजा चलेकोमा प्रमाणका लागि पौष्करको यो वचन उद्धृत गर्न सकिन्छ।

साधकस्य तु रक्षार्थं तस्य रूपमिदं स्मृतम्।

भक्तको अनुग्रहका लागि ईश्वरको अवतार हुन्छ भन्नु नै परमेश्वरमा अनुग्रह र निग्रह शक्ति छ भनी मान्नु हो। निग्रहानुग्रह शक्ति स्पष्ट धर्मले स्विकारे पनि वैष्णवादि धर्ममा त झन् बढी यसको प्रभाव परेको छ। किनभने स्थितिकारक स्वरूपमा विष्णुको स्थान प्रमुख भएकाले अवतारवादमा उनको धेरै रूप भएको छ। वास्तवमा यो मूर्ति पूजाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रहस्य उपासनाको माध्यमलाई सरल पार्न गरिएको हुनुपर्छ। भगवान् बुद्धको महापरिनिर्वाणपछि ५ सय वर्ष बिते पादयुगल कमलासनमा राखी प्रतीकता प्रदान गरिएको ऐतिहासिक गवेषणबाट फेला पर्छ। सनातनीहरूका बारेमा वासुदेवको र अर्जुनको प्रतिकृति छ्यासछ्यासती पाइन थालेपछि त्यसलाई वासुदेवक, अर्जुनक भनिएको प्रयोग पाएर पाणिनिले "वासुदेवार्जु नाभ्यां वुन्" भन्ने सूत्र बनाई साधनिका सिद्ध गरे। यसरी मन्त्रमयी देवताको आकृतिरूप मूर्त्याउँदा शिवलाई पञ्चवक्त्र त्रिनयन भनी आगममा शरीर इन्द्रियादियोग सुनिन्छ।

शिवका विषयमा हामी शारीरिक ध्यान गर्दा -

नीलकण्ठश्चतुर्बाहुः पञ्चवक्त्रस्त्रिलोचनः।
कृत्तिवासा जटी शूली पिनाकी पिङ्गलोचनः।
अष्टमूर्तिरनाद्यन्तः रौद्रः सङ्कर्षणो हरः।

यसरी उनका बारेमा लेखिएको पाउछौं। शिवको एकादश नामवारे शैवागमले यसरी परिगणन गरेको छ -

शंभुः पिनाकी गिरिशः स्थाणुर्भगः सदाशिवः।
शिवो हरस्तथा शर्वः कपाली भव एव च॥
एकादशैते कथिता रुद्राः लोकहिते रताः।

अष्टमूर्तिलाई साक्षात् शिवरूपमा प्रकृतिपरकतालाई लिएर कालिदासले लेखेका छन् अभिज्ञान शाकुन्तलम्को नान्दीमा। यो कुरा शैवपुराणको प्रथम संहिता २२ अध्यायमा पनि लेखिएको छ। "या सृष्टिः स्रष्टुराद्या" भन्ने श्लोकको अनुरूपमा हामी यही भावको पौराणिक श्लोक यहाँ उपलब्ध गर्छौं -

क्षितिरापोऽनलो वायुराकाशः सूर्यसोमकौ।
यजमान इतीत्वष्टौ मूर्तयः परिकीर्तिताः॥ शै. पु. सं. २२ अ.

यो प्राकृतिक पदार्थ बाह्य विषयक भएकाले यिनका अधिदेवताका रूपमा क्रमशः अष्टमूर्तिको अर्को परिगणना पनि पाइन्छ।

शर्वो भवश्च रुद्रश्च उग्रो भीम इतीश्वरः।
महादेवः पशुपतिरेतान् मूर्तिभिरर्चयेत्॥

यसबारेमा मैले "पशुपति - एक अध्ययन दार्शनिक पृष्ठभूमिमा" भन्ने लेखमा विशद वर्णन गरिसकेको छु। कौशीतकी ब्राह्मण र शतपथ ब्राह्मणका उदाहरण त्यहाँ उद्धृत गरिएका छन्।

वेदले यस शिवतत्त्वको पूर्वरूपमा रुद्रलाई रौद्र प्रकृतिको मानेको छ भने तन्त्रले यही रहस्यलाई लिएर संहार, भैरव आदि विविधता कायम गरी भैरवको स्वरूपलाई प्रतिष्ठा दिएको छ। निगमागमले मानिएको रौद्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकृतिमा संहारकारकत्व चाहिँ यिनैको भागमा परेको छ। तन्त्रशास्त्रले पनि शिवको दार्शनिक स्वरूप पहिले प्रतिपादन गर्न छोडेको छैन। शिव त तन्त्रशास्त्रका प्रमुख प्रवक्ता नै भएकाले यसबारेमा केही भन्न खोज्नु धृष्टता हुन्छ। तैपनि शिवलाई पहिले यहाँ यसरी व्याख्या गरेको पाइन्छ -

निर्गुणः सगुणश्चेति शिवो ज्ञेयः सनातनः।
निर्गुणः प्रकृतेरन्यः सगुणः सकलः स्मृतः ॥६॥ १५.
सच्चिदानन्दविभवात् सकलात्परमेश्वरात्।
आसीच्छक्तिस्ततो नादो नादाद्बिन्दुसमुद्भवः ॥७॥ १ प. शारदातिलक

निर्गुण शिव र सगुण शिवको भेद देखाएर सृष्टिक्रमको जुन व्याख्या गरिएको छ, त्यो आगमक्रमको निरूपणमा प्रस्तुत गरिने छ। यहाँ यति भनेर सगुणस्वरूपमा पञ्चमुखी शिवलाई जब प्रस्तुत गरेको हुन्छ, त्यस वेला शिवको आगम-निगमले आफ्नो प्रभाव कायम गरेको पाइन्छ। भन्नाको तात्पर्य के भने रुद्रावतारमा शङ्करको महिमाको महत्त्व गीतासम्मले पनि स्वीकृत गरेर "रुद्राणां शङ्करश्चास्मि" भनेको छ। तर एकादश रुद्रको परिगणन माथि गर्दा सदाशिव र शिवको नाम पाइन्छ, शङ्करको नाम पाइँदैन। शं=कल्याण, कर=गर्ने भन्ने निरुक्तिद्वारा कल्याणकारक शिवलाई लिएर सौम्यस्वरूपमा नै बढी आस्था गरी रौद्र रूपमा पनि शिवत्वको बढी सम्मान प्रदर्शन गरिएको देखिन्छ। त्यसैले शैवदर्शनमा धार्मिकस्वरूपको भन्दा आध्यात्मिक भावको गहिरो छाप पर्न गएको छ। यसो भए पनि पशुपतिको पञ्चमुख, त्रिनेत्रको प्रभावले यसलाई छोडेको छैन र झन् प्रतीकरूपमा मूर्तिको बढी समर्थन गरेको देखिन्छ।

पञ्चमुखी शिवका पाँच मुखको वर्णमा पनि हामी ऐकमत्य पाउँदैनौँ। शारदातिलकको अष्टादश पटलको ६१ औँ श्लोकमा यस्तो वर्णपञ्चकको उल्लेख छ। जस्तै -

मुक्तापीतपयोदमौक्तिकजपावर्णैर्मुखैः पञ्चभिः।
स्त्र्यक्षैरञ्चितमीशमिन्दुमुकुटं पूर्णेन्दुकोटिप्रभम् ॥

अर्थात् मोतीको रङको ऊर्ध्वमुख, पूर्वमुख पीतवर्ण (पयोवर्ण), नीलवर्ण दक्षिणमुख, मौक्तिक वर्ण पश्चिममुख र जपापुष्प वर्ण उत्तरमुख भएका त्रिनेत्र चन्द्रमुकुट र पूर्ण चन्द्र कोटी प्रभायुक्त भनिएको छ।

वायवीय संहितामा पञ्चमुखका वर्णबारे केही भिन्नता यसरी स्पष्टिन्छ। जस्तै -

अस्य पूर्वमुखं सौम्यं बालार्कसदृशप्रभम्।
त्रिलोचनारविन्दाढ्यं बालेन्दुकृतशेखरम् ॥
दक्षिणं नीलजीमूतसमानं चन्द्रभूषितम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वक्रभ्रूकुटिलं घोरं रक्तवृत्तत्रिलोचनम् ॥
उत्तरं विद्रुमप्रख्यं निलालकविभूषितम् ।
सविलासं त्रिनयनं चन्द्राभरणशेखरम् ॥
पश्चिमं पूर्णचन्द्राभं लोचनत्रितयोज्ज्वलम् ।
चन्द्ररेखाधरं सौम्यं मन्दस्मितमनोहरम् ॥
पञ्चमं स्फटिकप्रख्यं चन्द्ररेखासमुज्ज्वलम् ।
अतीव सौम्यमुत्फुल्ललोचनत्रितयोज्ज्वलम् ॥

भनेर पूर्वमुख बालसूर्यसदृश, दक्षिणमुख नीलमेधतुल्य, उत्तरमुख मुगाको रङको, पश्चिम चन्द्रप्रभा वर्णको र पञ्चममुख स्फटिकसदृश भनिएको छ । तर हरेक मुखमा त्रिलोचन र चन्द्रभूषण भने रहेकै देखिन्छ ।

फेरि पशुपतिस्तोत्रमा
पूर्वमुखको वर्णन गर्दा -
"संवर्ताग्नितडित्प्रदीप्तकनकप्रस्पर्धितेजोरुणम्" भनिएको छ ।
दक्षिणमुखकोमा -
"कालाभ्रभ्रमराञ्जनद्युतिनिभम् ।"
पश्चिममुखमा -
"प्रालेयाचलचन्द्रकुन्दधवलं गोक्षीरफेनप्रभम् ।"
उत्तरमुखमा -
"गौरं कुङ्कुमपद्मगन्धसलिलव्यापाण्डुगण्डस्थलम् ।"
ऊर्ध्वमुखमा -
"वन्देऽहं परमेश्वरस्यवदनं खंव्यापितेजोमयम् ॥"

भनेर पूर्वमुखको वर्ण अरुण, दक्षिणमुखको वर्ण नील, पश्चिममुखको वर्ण गोक्षीरफेन भनी पीतमिश्रित श्वेत वर्ण, उत्तरमुखको गौर वर्ण र ऊर्ध्वमुखलाई तेजोमय रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

यसरी कहीँ पूर्वमुखको वर्ण पीत, कहीँ बालार्कसदृश, कहीँ अरुण भनिएको छ भने दक्षिणमुखको वर्णमा सबैतिर एकरूपता नील वर्णकै देखिन्छ । यसका अतिरिक्त पशुपतिस्तोत्रमा

पूर्वमुख - सामवेदजनक, जस्तै -
"गम्भीरध्वनिसामवेदजनकं ताम्राधरं सुन्दरम् ।"
दक्षिणमुख - अथर्वनादोदय, जस्तै -
"वन्दे दक्षिणमीश्वरस्य वदनं चाथर्वनादोदयम् ।"
पश्चिममुख - ऋग्वेदनादयुक्त, जस्तै -
"ब्रह्मेन्द्राग्निमरुद्गणार्चितपदं ऋग्वेदनादोदयम् ।"
उत्तरमुख - याजुषवेदघोषपरक, जस्तै -

CC-0. Nepal Sanskrit Academy, Kathmandu

"वन्दे याजुषवेदघोषजनकं वक्त्रं हरस्योत्तरम् ।"

ऊर्ध्वमुख, जस्तै -

"ओंकारादिसमस्तमन्त्रजनकं सूक्ष्मातिसूक्ष्मात् परम् ।"

भनी निगमशास्त्रका पनि प्रवर्तकका रूपमा पशुपति शिवलाई पञ्चमुखबाट विभिन्न वेदको प्रादुर्भाव भएको सिद्धान्त स्थापना गरिएको प्रमाण पाइन्छ। आगमशास्त्रले वाक् र अर्थलाई शक्ति र शिवका रूपमा प्रतिपादित गरेको वचन यस रूपमा वायवीय संहितामा पाइन्छ ।

शब्दजातमशेषं तु धत्ते शङ्करवल्लभा ।
अर्थस्वरूपमखिलं धत्ते मुग्धेन्दुशेखरः ॥

यसको प्रतिस्फलन परेर देखापर्ने महाकाव्य रघुवंशको पहिलो मङ्गलाचरणको श्लोक पनि यहाँ उल्लेख गर्छु -

वागर्थाविवसंपृक्तौ वागर्थप्रतिपत्तये
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥ १

यताबाट के कुराको पुष्टि हुन्छ भने शिवशक्तिको अविनाभाव सम्बन्ध रहेछ दार्शनिक विधामा भन्ने। आगम-प्रतिपाद्य दर्शनको व्याख्या गर्दा जब शब्दब्रह्मवाद सिद्ध गरिन्छ अनि मन्त्र विद्याको रहस्य पत्ता लाग्छ। पाश्चात्त्य विद्वान्हरूले तान्त्रिक मन्त्रको वीजलाई जुन ग्रन्थको सङ्क्षेपीकरण धारणी भनेका छन्, त्यसबारेको विमर्श त्यही वेला गर्ने छु ।

रुद्रको शङ्कररूपमा धार्मिक सामाजिक धारणा एकै दिनमा बदलिने कुरा होइन। संस्कृति भनेकै बहुकालसाध्य परम्पराजन्य संस्कारमा निहित हुने कुरो मान्नुपर्छ, जहाँ तर्कले काम गर्दैन, जस्तै - गाईको गहुँत पञ्चगव्यमा पवित्ररूप धारण गर्छ तर गाईको पोइ भएको साँढेको गहुँतलाई मूतझैँ नै व्यवहार गर्छ समाज। बहरको गोबरलाई चूडाकर्म गर्दा काटिएका केश थिच्ने कामका लागि लिएको छ। शिवको सामाजिक रूपमा शिवका परिवारको पनि मान्यता बेग्लाबेग्लै रूपमा रहन्छ। शिवको वाहन वृषभ छ, जो समाजले कृषिमा उपयोग गर्ने त्यस वेलाको प्रमुख साधन मानिएको जन्तु हो। यसले शिव यहाँ आएर संहारभन्दा आशुतोषी शङ्कर भएका देखिन्छन् ।

जीवात्मालाई यिनीहरू पशु भन्ने नामकरण गर्छन् दार्शनिक परिभाषा गर्दा। तर यिनको पशुरूपी जीव क्षेत्रज्ञादि पदले बुझाइने तत्त्व हो। वैष्णव सम्प्रदायले दार्शनिक रूपमा जीवलाई अणु मानेको छ भने शैवदर्शन जीवलाई अनणु अर्थात् व्यापक मान्छ। हुन त शैव र वैष्णव मत दुवै आफ्ना देवतामा अनुग्राहिका शक्तिका भरमा आराधना गरेर भक्तिको महिमालाई सर्वाधिक मान्यता दिन्छन्। त्यसो भए पनि वैष्णव सम्प्रदायझैँ दासत्वको बढी परिवेशमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो जकडिएको छैन। वैष्णव सम्प्रदायले प्रेमाभक्तिलाई बढी उपयुक्त पारेर नारीको रत्येषणाको परिपूर्तिमा श्रीकृष्णतत्त्वलाई सशक्त पारी केन्द्रबिन्दु गराएर ठुलो प्रतिष्ठा पाएको छ। शिवलिङ्गको स्पर्शसम्म नारीलाई वर्ज्य गर्ने यो धर्म ठिक यसको विपरीत दिशामा उभिएको देखिन्छ। ऋषिपत्नीहरूले शिवलिङ्गको सम्मोहनले पछिपछि लागेपछि त्यसको पतनका लागि श्राप दिने ऋषिमुनिहरू आफ्ना युवती सुवासिनी जोगाउन नागा बाबाको पछि नलागुन् भन्नाका खातिर टाढैबाट जोगाउन यसो गरेको भनेर म पाश्चात्यहरूले गर्ने खालको तर्क-वितर्क गर्दिनँ।

मुख्य मेरो भनाइको तात्पर्य के भने द्वैतवादी वैष्णवहरूले जीवको व्यापकतामाथि सन्देह गरी त्यसलाई अणु माने र ईश्वरको दासरूपता स्विकारे सरह शैवदर्शन भने जीवलाई पशु बनाउँदा पनि उसको महत्त्व भने व्यापकता दिएर कायम गर्छ।

शैवदर्शनको जीव चार्वाकादिको झैँ देहादिरूप छैन, जैनको झैँ अव्यापक पनि होइन, बौद्धकै सरह क्षणिक पनि छैन, अद्वैतवादीको झैँ एक पनि होइन र नैयायिकहरूको झैँ प्रकाश्य पनि छैन।

आत्मा यदि मेय (ज्ञेय) भए त्यसको प्रकाशक अर्को स्विकार्नुपर्ला। एउटै ज्ञान क्रियामा एउटैको कर्तृत्व र कर्मत्व स्विकार्नु अदार्शनिक कुरो हुन्छ। फेरि अर्को ज्ञाता आत्मा त्यो पनि प्रकाश्य (ज्ञेय) फेरि त्यसलाई जान्ने त्यसभन्दा अर्को मान्नुपर्दा त ज्ञाताको ताँती नै लाग्न जान्छ। यस्तो अनवस्था नमानेर यही कुरा पुष्टि गर्ने प्रमाण यहाँ उद्धृत गर्छु -

आत्मा यदि भवेन्मेयस्तस्य माता भवेत् परः।
पर आत्मा तदानीं स्यात् स परो यदि दृश्यते॥

यसरी अनवस्थादोष देखाएर नैयायिकादिले मानेको आत्माको प्रकाश्य (मेय) रूपलाई यिनीहरू मान्दैनन्।

यिनीहरू आत्मालाई देशको इयत्ताले सङ्कोच नहुने हुँदा अव्यापक नभएको र कालको इयत्ताले अवच्छिन्न नहुने हुँदा क्षणिक नहुने भनी आत्माको विभुत्व र नित्यत्व स्विकार्छन्। यिनको भनाइ यस रूपमा छ -

अनवच्छिन्नसद्भावं वस्तु यद्देशकालतः
तन्नित्यं विभु चेच्छन्तीत्यात्मनो विभुनित्यता॥

अनेक व्यापक आत्मा (जीव) मान्ने साङ्ख्ययोगसँग पनि यिनको पशुको (जीव) स्वरूप मिल्दैन। साङ्ख्य पुरुषलाई अकर्ता भन्छन्। यिनीहरूको जीव चैतन्य भएका नाताले र चैतन्य आत्मा नित्य भएको र ती चैतन्यको दृक् क्रिया अर्थात् ज्ञान र स्पन्दन रूपत्व हुँदा नित्य कर्तृत्व सिद्ध हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुन पनि बद्ध जीवात्माहरूको इन्द्रियद्वारा तत्तत् क्रिया कर्तृत्व सबैले सर्वत्र अनुभूत गरेकै कुरा हुन्। मुमुक्षु जीवहरूको पनि मल, कर्मादि, पाशजाल हटाउन व्रतचर्या आदिमा प्रवृत्ति देखिँदा त्यसमा कर्तृत्व छैन भन्नुपर्छ। मुक्तात्माहरूको पनि शिवत्व प्राप्तिमा प्रवृत्ति रहँदा त्यहाँ कर्तृत्व मान्नैपर्छ। शिवतत्त्व भनेको पनि निरतिशय दृक् क्रियारूप चैतन्यै हो। क्रिया कर्तृत्वविना उत्पन्न नै हुन्न। यही कुरा "पाशान्ते शिवताश्च ते" यस वाक्यले प्रतिपादित गर्छ। यस माथिको कुरालाई तलको यस कारिकाले प्रमाणित गर्छ -

चैतन्यं दृक् क्रियारूपं तदस्त्यात्मनि सर्वदा।
सर्वतश्च यतो मुक्तौ श्रूयते सर्वतो मुखम् ॥

मुक्त भएपछि चैतन्य त सर्वतो मुख हुन्छ। अर्थात् "सर्वतः सर्वप्रकारेण मुखानि द्वाराणि यस्य तादृशम्। केनापि प्रकारेणाप्रतिहतमित्यर्थः।" यसको तात्पर्य के भो भने मुक्तको त ज्ञानशक्ति तथा क्रियाशक्तिको कुनै हालतमा पनि प्रतिबन्ध हुँदैन। यसरी यिनका परिभाषाअनुरूपको जीवात्माको परिकल्पना अरू दर्शनमा नपाइएकाले यस दर्शनले नयाँ प्रस्थान खडा गरेको देखिन्छ।

पशु (जीवात्मा) तीन किसिमका हुन्छन् - विज्ञानाकल, प्रलयाकल र सकल।

"विज्ञानाकले। न कला अस्य सोऽकलः। विज्ञानेन अकलः विज्ञानाकलः।" यहाँको विज्ञान भौतिकशास्त्रबाट परिभाषित विज्ञान होइन। यो विज्ञान त परमेश्वरस्वरूप विज्ञान हो। विज्ञान योग, संन्यास अथवा भोगले कर्मक्षयार्थ भएको कलादि भोगबन्धका अभावले केवल मलमात्रयुक्त पशु विज्ञानाकल कहलिन्छ। प्रलयले कलादिको उपसंहार भए पनि वीजरूपले ती रहिरहने हुँदा मल र कर्मले युक्त पशु प्रलयाकल नामले पुकारिन्छ। सकल पशु त कलायुक्त नै भएकाले मल माया कर्मात्मक तीनै बन्धनले सहित हुन्छ। शैवतन्त्रमा कला भनेको सङ्कुचित कर्तृत्व शक्ति मानिएको छ।

विज्ञानाकल पशुका भेद दुई छन्। १. समाप्तकलुष र २. असमाप्तकलुष। कालुष्य अर्थात् मल परिपाक भएपछि समाप्तकलुष पशु विद्येश्वरादि आठ ओटा पदमा पुऱ्याइन्छन्। ती आठ विद्येश्वरका नाम हुन् यी -

१. अनन्त, २. सूक्ष्म, ३. शिवोत्तम, ४. एकनेत्र, ५. एकरुद्र, ६. त्रिमूर्तिक, ७. श्रीकण्ठ र ८. शिखण्डी।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

असमाप्तकलुष जीवलाई सात कोटी सङ्ख्या भएका मन्त्ररूप परमेश्वरबाट बनाइन्छन्। मन्त्र भनेको कर्म र शरीरले विमुक्त केवल मलले (आणविक मल) युक्त जीवविशेष हुन्।

प्रलयाकल पशु पनि मलकर्मरूप पाशद्वय परिपक्व भएको र अपक्व पाशद्वय भएको दुई थरीका हुन्छन्। पहिलो मुक्त हुन्छ, दोस्रो कर्मानुसार जन्म-मरण-बन्धनमा फसेको हुन्छ। तीमध्ये कोही भुवनपति पनि हुन्छन्। भनेको पनि छ - "काँश्चिदनुगृत्य वितरतिभुवनपतित्वं महेश्वरस्तेषाम्।"

यस्तै सकल पशु पनि पक्वकलुषं र अपक्वकलुषका भेदले दुई थरीका हुन्छन्। कालुष्य परिपक्व भएकाहरूलाई परमेश्वर परिपाक कलुषअनुसार शक्तिपातले मण्डल्यादि ११८ मन्त्रेश्वर पदमा नियुक्त गर्दछन्। मन्त्रेश्वर भनेका जीवविशेष हुन्। जब मलादि पाशपूर्णरूपले परिपाक हुन्छ, पाशगत अवरोधशक्ति सर्वथा विनाश हुन्छ। त्यसलाई मोक्षाधिकारी ठानेर गुरुमूर्ति ग्रहण गरी शिष्यलाई दीक्षा दिएर मोक्ष गराउँछन्। त्यस कुरालाई यसरी शास्त्रले प्रतिपादित गरेको पाइन्छ -

परिपक्वमलानेतानुत्सादनहेतुशक्तिपातेन।
योजयति परे तत्त्वे सदीक्षयाचार्यमूर्तिस्थः॥

यसरी पक्वकलुष जीवबारे भनेर अपक्वकलुष जीव भने कर्मवशानुसार भोगभागी बनाउँछन् परमेश्वरले भन्ने यिनीहरूको मत छ। कर्मानुसारी भोग यही सिद्धान्तले पाशुपत मतसँग यो अलगिगएको भन्ने कुरा माथि गरिसकिएको छ। यसरी पशुका तीन भेदमा प्रत्येकको फेरि २ विभेद खडा गरेर पशुको स्वरूप वर्णन गरिएको पाइन्छ। कर्मानुगमन गरी भोग हुन्छ पशुको भन्ने कुराको पुष्टिमा निम्नलिखित श्लोक प्रस्तुत गर्नु यहाँ अनुपयुक्त हुँदैन।

बद्धाञ्शेषानपरान्विनियुङ्क्ते भोगभुक्तये पुंसः।
तत्कर्मणामनुगमादित्येव कीर्तिताः पशवः॥

पशुको उद्धार गरी पाशबाट मुक्त गर्न दीक्षालाई दिइएको प्राथमिकताको व्याख्याबारे विचार गर्दा हामी तन्त्रशास्त्रको परिधिभित्र आफू परेका हुन्छौं। दीक्षाका परिधिभित्र शैव, शाक्त मात्र नभएर बौद्ध, वैष्णव पनि फन्को मारिरहेका पाइन्छन्। दीक्षाको निरुक्ति गर्दै यसका भेदहरू तन्त्रशास्त्रले व्याख्या गरेको देखिन्छ। शारदातिलकले दीक्षाको निरुक्ति यसरी गरेको छ -

दिव्यं ज्ञानं यतो दद्यात्कुर्यात्पापस्य संक्षयः।
तस्माद्दीक्षेति संप्रोक्ता देशिकैस्तन्त्रवेदिभिः॥४॥२ शा. ति.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात् दिव्यज्ञान दिने र पापको क्षय गर्ने हुँदा दीक्षा भनेर तन्त्रवित् निर्देशकहरूले भने । त्यही क्रियावती, वर्णमयी, कलात्मिका र वेधमयी पनि भनी यसका चार भेद मानिएको छ । यिनको व्याख्या आकरग्रन्थैबाट विचार गर्नुपर्ला । दीक्षा निरुक्ति विभिन्न रूपले गरिएको पाइन्छ -

ददाति यस्मादिह दिव्यभावं मायामये कर्म च संक्षिणोति ।
फलं चतुर्वर्गभवं च यस्मात्तस्मात्तु दीक्षेत्यभिधानमस्य ॥

प्रयोगसारमा -

दीयते ज्ञानसद्भावः क्षीयते पापसञ्चयः
तेन दीक्षेति सा ज्ञेया पाशाच्छेदक्षयात्क्रिया ॥

दीक्षाको यस किसिमको निरुक्ति देख्ता मनमानी निरुक्ति गरेझैं भन्ठान्नु हुन्न किनभने हाम्रा महान् निरुक्तिकार यास्कले निरुक्तिको नियममा "अप्यक्षरसाम्याभिर्ब्रूयात्" भनेका छन् । दीक्षा नै परमपुरुषार्थको कारण भएकाले त्यो दीक्षा पशु, पाश, परमेश्वर रूप निर्णयको उपायमूलक हुँदा र मन्त्रमन्त्रेश्वर आदि माहात्म्य निश्चायक हुँदा, ज्ञानविना त्यो गर्न नसकिने हुँदा माथि उल्लेख गरेको चतुष्पाद महामन्त्रमा विद्यापादलाई प्राथम्य दिनुपर्छ । त्यसपछि अनेक थरीको साङ्गदीक्षा विधिप्रदर्शन गर्ने क्रियापदको नम्बर दोस्रो आउँछ । योगविना अभिमत वस्तुप्राप्ति असम्भव हुँदा साङ्गयोगलाई बुझाउने योगपादको स्थान तृतीय हुन्छ । विहित विधाको आचरण र निषिद्ध कर्मनिवारणरूप चर्चाविना त्यो योगको निर्वाह नहुने हुँदा त्यो चर्चा प्रतिपादक चर्यापादलाई अन्तमा निरूपित गरिएको छ तन्त्रशास्त्रमा ।

तन्त्रमा मन्त्र ग्रहण दीक्षाविधिले नै गर्नुपर्छ । ग्रन्थ पल्टाएर अर्थवादको लोभ संवरण नगरी स्वयं आफैले मन्त्र जप्न पनि हुँदैन । दीक्षा भनेकै गुरुको सकाशबाट नियमपूर्वक मन्त्रोपदेशकै नाम हो । त्यसै विनागुरु मन्त्र जप्नेलाई लिएर भनेको वचन यस प्रकार छ -

ग्रन्थे दृष्ट्वा तु मन्त्रं वै यो गृह्णाति नराधमः ।
मन्वन्तरसहस्रेषु निष्कृतिर्नैव जायते ॥

रुद्रयामलमा मन्त्रको निरुक्ति यस प्रकारले गरेको छ -

मननात्त्राणनाच्चैव मद्रूपस्यावबोधनात् ।
मन्त्र इत्युच्यते सम्यङ् मदधिष्ठानतः प्रिये ॥

हामी कर्मवासना मलमायालाई पाश भन्छौं । यहाँ पाशच्छेदको विधामा चार पाउ मानिएकाले यहाँ पाशको परिभाषा अघि यहाँ उल्लेख गर्नु असङ्गत होओइन भन्ने लाग्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सच्चिदानन्दयुक्त अविद्याशवलित परमेश्वरबाट शक्ति र परशक्तिमय तत्त्वमा तीन भेद छन् - विन्दु, वीज र नाद । विन्दु शिव, वीज शक्ति र नाद चाँहि यी दुईका समवाय हुन् । यस क्रमले सृष्टि प्रक्रियामा तन्त्रले पहिले सदाशिवलाई त्यसपछि ईश अनि रुद्र, त्यसपछि विष्णु र त्यहाँपछि ब्रह्माको उत्पत्तिक्रम मानी हामीले भनेको रुद्र पशुपति र शिवको क्रमको विपरीत प्रतिपादित गरेको स्पष्ट पाइन्छ, जुन शारदातिलकमा श्री लक्ष्मण देशिकेन्द्रले यसरी लेखेका छन् -

अथ विन्द्वात्मनः शम्भो कालबन्धोः कलात्मनः ।
अजायत जगत्साक्षी सर्वव्यापी सदाशिवः १।१५
सदाशिवाद् भवेदीशस्ततो रुद्रसमुद्भवः ।
ततो विष्णुस्ततो ब्रह्मा तेषामेवं समुद्भवः ॥ १।१६

शिवतत्त्व सदाशिवभन्दा पनि माथि रहेको कुरा भनिसकिएको छ । शिवको भेदमा निर्गुण र सगुण मानिएको छ । यस प्रमाणले गर्दा रुद्र पो शिवभन्दा पछिका भन्ने देखिन्छ । तर सम्प्रदाय वाद आ-आफ्ना सम्प्रदायपरक सिद्धान्तलाई हामीले मानिदिएर केही असजिलो पर्दैन । रुद्रपछि पशुपति, उनीपछि शिव भनेको त ऐतिहासिक विश्लेषणात्मक अध्ययन गरेको मात्र हो । देवीभागवतमा राधामाहात्म्य पाइन्छ भने श्रीमद्भागवत समग्रमा राधाको नाम उल्लेखसमेत गरेको पाइन्न । यस्तै छ परम्परा हाम्रो ।

शैवागममा वास्तवमा पाश पाँच छन्, तैपनि चार ओटाकै ग्रहण गरिएको छ । "अर्थपञ्चकं पाशाः" भन्नेले शिवतत्त्व पद वाच्य मायात्मा विन्दुलाई पञ्चम पाश भनेका हुन् । यही एक पाशले बद्ध भएकाले शिवपद प्राप्तिरूप मुख्य पद मोक्ष प्राप्त गर्न सक्तैन तथापि गौणरूप मोक्ष भने हुन्छ । यस पाशले विद्येश्वरादि पदमा पुग्न रोक्तैन । विद्येश्वरादि पद प्राप्तिकै नाम हो अपरमोक्ष । कसैले यस दृष्टि राखेर "अर्थपञ्चकं पाशाः" भने । अरू आचार्यहरूले अपरमोक्षप्रापक त्यसलाई पाशमा परिगणन नगरी "पाशाश्चतुर्विधाः स्युः" भनेर मल, कर्म, माया र रोधशक्तिलाई माने ।

१. आत्माश्रित दुष्ट भावलाई मल नामले पुकारिन्छ । ती मल पाशुपत मतअनुसार मिथ्याज्ञान, अधर्म, आशक्ति, विषयाशक्तिका कारण र सदाचरणबाट च्युतिका भेदले पाँच छन् ।
२. कर्म, जो धर्माधर्मरूप प्रसिद्ध कुरा भयो ।
३. माया, सबैको मूल कारण - यसलाई नै अविद्या प्रधान प्रकृति इत्यादि भनिन्छ ।
४. रोधशक्ति, मलगत दृक् क्रियाशक्तिलाई आवरण गर्ने शक्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसमा श्रीमन्मृगेन्द्रको एउटा कारिका उद्धृत गरेमा अझ स्पष्ट गर्न सहायता मिल्छ। जो यस प्रकार छ -

प्रावृतीशो बलं कर्म मायाकार्यं चतुर्विधम्।
पाशजाल समासेन धर्मा नाम्नैव कीर्तिताः॥

प्रावृति शब्दको अर्थ गर्दा माधवाचार्यले भनेका छन् - "प्रावृणोति प्रकर्षेणाच्छादयति आत्मनः स्वाभाविक्यौ दृक्क्रिये इति प्रावृतिरशुचिर्मलः।" अर्थात् आत्माको स्वाभाविक दृक् क्रियाशक्तिलाई ज्यादै ढाकिदिने अशुद्ध मलको नाम प्रवृत्ति भयो। यो एक किसिमको मल भयो। केवल यो आत्माश्रित मल स्वोपजीव्य भएको आत्माको स्वरूप मात्रलाई ढाक्ने मात्र नभई स्वातन्त्र्यले अकार्यमा प्रवर्तन गरी यसले पनि रोक्ने हुँदा ईशतालाई अर्को मलमा परिगणन गरिएको हो। बल रोव शक्ति हुँदा, पुरुषलाई तिरोधान गर्ने हुँदा उपचारले पाश नै भन्नुपर्छ। यो कुरा भनेको पनि छ -

तासामहं वरा शक्तिः सर्वानुग्राहिका शिवा।
धर्मानुवर्तनादेव पाश इत्युपचर्यते॥

कर्म यसको निरुक्ति गर्दा "क्रियते फलार्थिभिः इति" भनेर धर्माधर्मपरक पारिएको छ। यो बीजाङ्कुर झैँ प्रवाहरूपले अनादि छ। त्यसो हुँदा कर्म पनि मल नै हुन्छ। अनादि नमानेमा जगत्को वैचित्र्यमा कारण प्रस्तुत गर्न सकिन्न। बडो असजिलो पर्छ व्यवस्थालाई सङ्गति गर्न। क्षणिकवादी बौद्ध, स्याद्वादी जनहरूले पनि अनादित्वलाई झक मारेर स्विकार्न बाध्य हुनुपरेको छ। आफ्ना सिद्धान्त कहीँ चोइटे पनि यसमा किरणको यो श्लोकार्ध साह्रै घतलाग्दो छ -

यद्यनादि न संसिद्धं वैचित्र्यं केन हेतुना।

माया कार्यलाई मृगेन्द्रले चौथो मल मानेका छन्। माया शब्दको व्युत्पत्ति गर्दा "माति अस्याम्" भनेर विग्रह गर्नुपर्छ। शक्तिरूपले प्रलयमा सबै जगत् जहाँ अटाउँछ र सृष्टि हुँदा व्यक्त हुन्छ भन्ने अर्थ गरिएको छ। यसको प्रमाणमा म सौरभेयको यो वचन उल्लेख गर्छु।

शक्तिरूपेण कार्याणि तल्लीनानि महाक्षये।
विकृतौ व्यक्तिमायाति सा कार्येण कलादिना॥

महाप्रलयमा शक्तिरूपले कायजात त्यस मायामा लीन हुँदा हामी हामीलाई बन्धन नगर्ला। तर जब विकृति भएर कलादिरूपले कार्य भएर व्यक्त हुन्छ, सृष्टिमा त्यो माया कार्य पशुको पाश भएर बन्धन भई घिच्याउने डोरी बन्न जान्छ। यस श्लोकमा "सा कार्येण कलादिना" भनेर कलादि कार्यले व्यक्त हुने देखिन्छ। शैवमतमा ३६ तत्त्व छन्। कला पनि कार्यरूप व्यक्त हुने मायापछिको कलात्मक तत्त्व छ अर्को।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सृष्टिक्रममा विभिन्न मत छन् दार्शनिकहरूका। त्यसबारे लेखिसकेँ। मेरा अरू ग्रन्थबाट हेरेमा केही बोध हुने नै छ। षट्त्रिंशत्तत्त्वबारेमा म पहिलोपल्ट यही उल्लेख गर्दै छु। २५ तत्त्वको परिगणन गर्नाले सङ्ख्याको विवेचनाले उसलाई एक किसिमले साङ्ख्य भनी भन्छन्। तर मेरा दृष्टिमा दार्शनिक परिभाषामा शैव मतभन्दा बढी पदार्थ मान्ने अरू लागेनन्। ती ३६ तत्त्व यी हुन्।

१ शिव	२ शक्ति	३ सदाशिव	४ ईश्वर
५ शुद्धविद्या	६ माया	७ कला	८ विद्या
९ राग	१० काल	११ नियति	१२ पुरुष
१३ प्रकृति	१४ बुद्धि	१५ अहङ्कार	१६ मन
१७ श्रोत्र	१८ त्वक्	१९ चक्षु	२० जिह्वाँ
२१ घ्राण	२२ वाक्	२३ पाणि	२४ पाद
२५ पायु	२६ उपस्थ	२७ शब्द	२८ स्पर्श
२९ रूप	३० रस	३१ गन्ध	३२ आकाश
३३ वायु	३४ वह्नि	३५ सलिल	३६ भूमिहरू

अब यिनका बारेमा विशद गर्ने हो भने लेख विस्तार हुन्छ। त्यसै हुँदा यति देखाएर यहाँ लेखनी रोक्नु नै उपयुक्त लाग्छ। पति, पशु, पाश यी तीन ओटै यस दर्शनका वस्तु त्रय हुन्। तर यसमा षट्तत्त्ववादी पनि छन्। तिनीहरूले पति (परमेश्वर), विद्या (तत्त्व ज्ञान, जीवमुख), अविद्या (मिथ्या ज्ञान), पशु (जीव), पाश (मलादि), पाशनिवृत्ति (जपचर्यादि उपाय) मानेर ज्ञानरत्नावलीले यो श्लोक प्रस्तुत गरेको छ -

पतिविद्ये तथाविद्या पशुः पाशश्च कारणम्।
तन्निवृत्ताविति प्रोक्ताः पदार्थाः षट् समासतः॥

यहाँ यो पक्षसम्म कोटचाएर छाडिदिन्छु। यसो गर्नाको के कारण भने यो उल्लेख नगर्दा कसैलाई छ पदार्थबारे कुनै सङ्केतसम्म मिल्दैन। यति भनेर शैवदर्शनको सानो परिशीलन यहीँ समाप्त गर्छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रसेश्वर-दर्शन र गोरक्ष सम्प्रदाय

दर्शनमा रसवादको परम्परालाई केलाउँदा यहाँ नयाँ सिद्धान्तको आविष्कार भएको पाइन्छ। हुन त यो एक रासायनिक भौतिक प्रक्रियाको प्रारम्भ भन्नुपर्छ। यही सिद्धान्तले हाम्रो औषध विज्ञान रसादिमा परिणत भएको हो। काष्ठादि, जुन जडीबुटीलाई माध्यम गराई रोगलाई अपाकरण गर्न साधन मान्ने पहिलो परम्परामा रसभन्दा अघि आसव र मांसहरू देखापरेका पाइन्छन्। चरक, सुश्रुतादि ग्रन्थ यसका साक्षी छन्। मनुष्यले औषधोपचारद्वारा स्वास्थ्य लाभ गर्न जानेपछि उसले पुरुषार्थको साधनमा "आरोग्यं मूल साधनम्" भनेको सार्थक हुन्छ। जीवनलाई मूल्यवान् सम्झेर मृत्युको पनि विभेद गरी अकाल मृत्यु हटाउन सकिने आयुर्वेदले दाबा गर्छ भने रसेश्वर दर्शन जीवनलाई अजरामरण गर्न सकिने सिद्धान्त प्रतिपादन गर्छ। सारा दर्शनले देहलाई अनित्य, क्षणभङ्गुर, रोग-शोकग्रस्त विराज्ञी मानेका छन्। देहपातपछि नै मुक्ति प्राप्ति हुने कुरालाई लिएर आफ्नो मतमतान्तर स्थापना गरेका छन्। तर यो दर्शन भने पिण्डपात भएपछि हुने भनेको मुक्तिको उपहास गर्छ।

चरकहरू साङ्ख्यदर्शनका आधारमा त्रिदोषलाई सत्त्व, रज, तमकै परिकल्पनासँग मिलाएर कफ, बात, पित्तको वैषम्य रोगको उपादान मान्छन्। तर रसवादीको दर्शनको आधार भने माहेश्वर दर्शन नै हो। अझ भन्ने नै हो भने रसेश्वर दर्शन माहेश्वर दर्शनको एक भेद हो। यो पनि माहेश्वर दर्शनले मानेझैँ जीवात्मालाई ईश्वरस्वरूपभन्दा पृथक् होइन भन्दछन्।

यिनको प्रस्थान भेद हुनमा कारण के भयो भने सारा दर्शनले शरीर त्यागपछि मुक्ति भनेर माने, यसो भन्दा मुक्तिवाद परोक्ष हुने भयो। प्रत्यक्ष कहीँ पनि नभएको कुरामा जनताले विश्वास गर्नै पर्छ भन्ने बाध्यता रहँदैन। लोकलाई जीवन्मुक्तिमा विश्वास नै नरहन गएमा निःसंशय प्रवृत्त होलान् भन्न पनि सकिन्न।

सबै दार्शनिक यस्तो चिप्लेटीमा परिरहेछन्, जो उनीहरूले आफू पछारिने कुराको ख्याल नै गरेका छैनन्। "ऋतेर्ज्ञानान्नमुक्तिः" ज्ञानविना मुक्ति होइन्न, काशीमरणान्मुक्तिः भन्दा पनि मुक्तिको कारण काशीमरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

होइन, काशीमरणकालमा विश्वनाथबाट तारकोपदेश त्यसबाट ज्ञान अनि मुक्ति भनेर ज्ञान र मुक्तिको कार्यकारणभाव सम्बन्ध कायम गरेको छ। मरेकालाई ज्ञानै हुन्न, मृत प्राणीले ज्ञेय थाहा पाउने कुरै भएन। त्यसैले त रसशास्त्रद्वारा नै मोक्ष प्राप्ति हुन्छ। अरू प्रमाणान्तरवादमा युक्तिभेद भएकाले कुनै हालतमा मोक्ष सम्भव छैन। सबै शास्त्रले ज्ञाता र ज्ञेय मानेकै छन्। अजीवित व्यक्ति ज्ञाता हुन सक्तैन र अजरामरत्व देहमा कायम गर्न रसशास्त्र चाहिने भयो। यही कुरा रसेश्वर सिद्धान्तमा भनिएको छ यस रूपमा -

रसाङ्कमेयमार्गोक्तो जीवमोक्षोन्यथा तु न।
प्रमाणान्तरवादेषु युक्तिभेदावलम्बिषु॥
ज्ञातृज्ञेयमिदं विद्धि सर्वतन्त्रेषु संमतम्।
नाजीवञ्ज्ञास्यति ज्ञेयं यदतोस्त्येव जीवनम्॥

आजसम्म हामीले सोचेको ठिक उल्टो कुरा हुन गयो भन्ने पर्न जाला। हुन पनि सर्वसाधारणले जीवत्व भनेको संसारित्व र मुक्तत्व भनेको त्यसको विपरीत्त्व हो। परस्पर विरुद्ध भएका यी दुईलाई यस दर्शनले कसरी रसानले जोड्यो। यस्तो सामान्य विचार गर्दा उल्टो पर्न जानु बेमनासिव पनि होइन। तर विवेक दृष्टि पुऱ्याएर गौढ गरेमा हाम्रै कुरा युक्तिसङ्गत हुन जान्छन्। हो, मुक्ति, यही तत्त्व सर्व शास्त्रकारले ऐकमत्यले स्विकारे मुक्तिलाई ज्ञेयको थान्कोमा राखिन्छ या राखिँदैन। यदि राखिँदैन भने त्यो अस्तित्वरहित खरायोको सिङ्भैँ हराएको हुन्छ। यदि मुक्ति ज्ञेय हो भनिन्छ भने जीवनलाई अपलाप गर्न सकिन्न। किनभने अजीवितमा ज्ञातृत्व रहन्छ भन्न मिल्दै मिल्दैन। मुक्ति ज्ञेय भएपछि त्यसलाई जान्ने ज्ञाता चाहिन्छ। ज्ञाता हुनका लागि जीवनको आवश्यकता रहन्छ। देहविनाको जीवन रहन सक्तैन। त्यसैले अजरामर देह चाहियो। त्यसलाई रस र अभ्रकबाट तयार पार्नुपऱ्यो। त्यो रसेश्वर दर्शनले नै कायम गर्न सक्तछ।

जतिसुकै कुरा गरे पनि हामीलाई यो पत्यार पर्ने कुरा हुन्न, किनभने हाम्रो देह षाट्कौशिक छ अर्थात् छ कोशले बनेको। त्वक, रक्त, मांस, मेद, अस्थि र मज्जा यी छ तत्त्वमा छाला, रगत, मासुलाई आमाको अंशबाट र बोसो, हाड, मासी चाहीँ बाबुका अंशले बनेको भनिन्छ। यो विनश्वर देहलाई स्थिर नित्य भन्ने साहस गर्नु पनि दिवास्वप्न देख्नु हो रसवादीको। रसशास्त्रले आयुर्विज्ञानमा धातुवादलाई प्रश्रय दिएर ठुलो उपकार गरेको होइन भनेको छैन। लौह, सुर्वण, पारद, अभ्रकहरू रोग निराकरणलाई प्रयोगमा ल्याएर देहीको उपकार गरे भन्दैमा यो दर्शनको कोटीमा आएर जीवनमुक्त पार्छ भन्न सकिन्न। जन्य पदार्थ विनासी हुन्छन्। यो सार्वभौम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सिद्धान्तमा यसले पहिरो जान्छ। देह अनित्य छ जन्य भएकाले। देहका उपादान कारण हुन् शुक्र-शोणित। त्यहीबाट बन्न गएको छ षाट्कौशिक देह। प्रत्यक्ष प्रमाणको अपलाप गर्ने मर्त्यलाई अमर छ भन्ने यस्ता चण्डुखानाका गफमा कसरी विश्वास गर्नु भन्ने पूर्वपक्षीहरूको भनाइ छ।

यसमा उत्तरपक्षको यो प्रत्युत्तर छ। तिमीले सम्झनामा नै ठुलो गल्ती गरेको देखिन्छ हाम्रो सिद्धान्तलाई। हात्तीदेखिन् भुसुनासम्म सबै मर्छन्। ती चिरजीवी, अमर छन् भनेर बहुला कुरा यो शास्त्रले कसरी गर्ला। एउटा पामरले पनि नगर्ने कुरा हामी कसरी गरौँला। प्रतिदिन मरेका देख्ने आँखाले जन्मेजति बाँच्दछन् भन्ने कुरा आँखा चिम्लेर पत्यायौँ भने पनि मन मान्ने छैन। हो, षाट्कौशिक शरीर अनित्य, विनश्वर छ। यसमा हाम्रो कुनै तिमीहरूसँग दुई मत छैन। तिम्रा कुरा सबै त्यसबारेमा ठिकै छन्। तर हामी त्यस्तो शरीरलाई नित्य मान्छौँ, जो रस र अभ्रकद्वारा सिद्ध भएको शिवगौरी सृष्टिजात शरीर छ। रसलाई शिवको देहको रस भनिएको छ। रसकै नामान्तर पारद (पारो) हो। यसको निरुक्ति गर्दा यस्तो वचन पाइन्छ -

संसारस्य परं पारं दत्तेसौ पारदः स्मृतः।

अर्थात् संसारको पल्लोपार दिने हुनाले यसलाई पारद भनिन्छ। शब्दार्णवले पर शब्दको अर्थ मोक्ष भन्ने पनि गरेको छ। रसको महिमामा रसार्णवको यो वचन यहाँ उल्लेख गर्नु अनुपयुक्त हुने छैन।

पारदो गदितो यस्मात् परार्थं साधकोत्तमैः।
सुप्तोऽयं मत्समो देवि ममप्रत्यङ्गसंभवः॥
मम देहरसो यस्माद् रसस्तेनायमुच्यते।

मोक्षका निम्ति साधकोत्तमहरूले भनिएकाले यो पारद अर्थात् पार दिने मोक्षदायी भने। यो पारो सुप्त छ भने म बराबरकै हुन्छ किनभने यो मेरो अन्तरङ्गबाट उत्पन्न भएको छ। यसलाई रस पनि भन्दछन् मेरा देहरसबाट भएकाले भनी शिवले गौरीलाई भन्नुभएको छ। यसरी रसलाई शिववीज मानिन्छ, अभ्रकलाई पार्वतीको वीज भनिन्छ। यी दुईको मेलनबाट मृत्युदारिद्रचले समेत नाश हुने कुरामा शास्त्रको प्रमाण पाइन्छ -

अभ्रकस्तव बीजं तु मम बीजं तु पारदः
अनयोर्मेलनं देवि मृत्युदारिद्रचनाशनम्।

पारदसिद्ध भएपछि नित्य शरीर प्राप्ति हुन्छ। त्यसो हुँदा मृत्यु हट्ने भो। सिद्ध पारदले वेध गर्दा लोह सुवर्णमा परिणत भएर दारिद्रच पनि जाने भो। पारद सिद्ध भएमा भुक्ति-मुक्ति दुवै हात लाग्छन्। यही कुरालाई अर्को भङ्गीमा रसहृदयले पनि प्रतिपादन गरेको छ -

ये चात्यक्तशरीरा हरगौरी-सृष्टिजां तनुं प्राप्ताः।
मुक्तास्ते रससिद्धा मन्त्रगणः किंकरो येषाम्॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रस (पारो) हरसृष्टि, अभ्रक गौरीसृष्टि, त्यसको संयोगबाट नित्य दिव्य शरीर प्राप्त हुन्छ। त्यो देह प्राप्त हुँदा पहिले बनेको षाट्कौशिक देहको त्याग गर्नु पर्दैन र रस सिद्धि हुँदा त्यही देह दिव्य र दृढ बन्छ अनि त्यो देह मर्दैन। रस सिद्ध योगी त्यही देहमा जीवन्मुक्त हुन्छ। मन्त्रगण त्यसका दास हुन्छन्।

यसो हुँदा जीवन्मुक्ति चाहने योगीले पहिले दिव्यदेह बनाउनुपर्ने भो। त्यो दिव्यदेह रससिद्ध गरेर मात्र प्राप्त हुने हुँदा यस शास्त्रको आवश्यकता पर्न गएको छ। यसले नयाँ जीवनदर्शन प्रस्तुत गरेर सारा दर्शनले आविष्कार गर्न नसकेको नयाँ मार्ग फेला पारेको छ। तत्त्वज्ञानको साधनमा श्रवण, मनन, निदिध्यासन एक प्रकार थियो भने अर्को यो विधा पनि तत्त्वज्ञानको निम्ति प्रस्तुत गरियो।

काव्यमा रसवाद पनि पछि मात्र आएर बहुचर्चित भयो। त्यहाँको रस अनावरणाचित् भनी रसगङ्गाधरले प्रतिपादित गरेको छ। जो काव्य पुरुषको आत्माको रूपमा रसलाई मान्यता प्रदान गरेको पाइन्छ। यी रसवादीहरूको मस्तिष्कमा पनि रसेश्वर दर्शनको छाप परेको पाइन्छ। रससिद्ध कवीश्वरको यशरूपी शरीरमा जरामरणको भय रहँदैन भनी यिनीहरूले रस सिद्धतामा प्राप्त दिव्यदेहको परिकल्पनालाई स्विकारेका छन्। जस्तै -

जयन्ति ते सुकृतिनो रससिद्धाः कवीश्वराः
नास्ति येषां यशः काये जरामरणजं भयम् ॥

रससिद्धिको प्रारम्भ सिद्धहरूबाट भएको जस्तो देखिन्छ। सिद्धसम्प्रदायले आफ्नो चमत्कार प्रदर्शन गरी लोकलाई आफूतर्फ झुकाउन रसादि औषधिलाई आविष्कार गरे। जडीबुटीको बदला रसादि प्रयोग गरी धातु पनि औषधोपचारमा आएपछि धातुविद्याबाट यो उक्लेर दर्शनमा परिणत हुन गएको हो कि भन्ने मेरो आफ्नो धारणा छ। हठयोगको मूल साधन रस र वायु हुन्। प्राणायमद्वारा रोग-निवारण, समाधिद्वारा जीवन मुक्ति र खेचरगति प्राप्त हुन्छ, जसरी रसबाट पनि त्यही कार्य हुने हुँदा कर्मयोगले देह धारण गर्ने यही दुई उपायलाई प्रमुखता दिएको छ। हठयोगीले यही दुई मार्ग अपनाएर सिद्धि प्राप्त गरेका देखिन्छन्। यसमा प्रमाणका लागि यो श्लोक यहाँ उद्धृत गर्नु आवश्यक ठान्छु -

कर्मयोगेन देवेशि प्राप्यते पिण्डधारणम्।
रसश्च पवनश्चेति कर्मयोगो द्विधास्मृतः ॥
मूर्च्छितो हरति व्याधीन्मृतो जीवयति स्वयम्।
बद्धः खेचरतां कुर्याद् रसो वायुश्च भैरवि ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ दिएको भैरवि सम्बोधनबाट हाम्रा तान्त्रिक वा ममार्गी सिद्धहरूमा यो बढी विश्वास प्राप्त मार्ग भन्ने कुरालाई सङ्केत गर्छ। यसमा अजरामर देह प्राप्त गर्नेहरूमध्ये निम्नलिखित सिद्धहरूको नाम पाइन्छ। जस्तै -

चर्वटि: कपिलो व्यालि: कापाली: कन्दलायन: ।
एतेऽन्ये वहव: सिद्धा जीवन्मुक्ताश्चरन्ति हि ।
तनुं रसमयीं प्राप्य तदात्मक कथा चणा: ॥

यी चर्वटि, कपिल, व्यालि, कापाली, कन्दलायन कस्ता सिद्ध थिए, यो विचार गर्नुपर्छ। तर सिद्धमा म कपिल हुँ भनी गीतामा श्रीकृष्णले "सिद्धानां कपिलो मुनि:" भनेको र यहाँ पनि कपिलको नाम उल्लेख भएकाले समन्वय कायम गरेको छ। तर यी पङ्क्ति अगाडि विचेश्वरहरू, शुक्राचार्य, वालखिल्य, सोमेश्वर गोविन्द भगवत्पाद, आचार्य गोविन्दनायकहरूको पनि नाम उल्लेख गरेको छ। जस्तै -

देवा: केचिन्महेशाद्या दैत्या: काव्यपुर:सरा: ।
मुनयो बालखिल्याद्या: नृपा: सोमेश्वरादय: ।
गोविन्द भगवत्पादाचार्यो गोविन्दनायक: ।

यता मुनि बालखिल्यदेखिन् लिएर कापालिसम्मको नाम उल्लेख गरेबाट वाम-दक्षिण मार्गमा सिद्धहरूको सम्मान र सिद्धिप्राप्तिको प्रक्रियामा संलग्नता रहेको देखिन्छ। भारतीय संस्कृतिमा यो सम्प्रदाय पनि एक किसिमले सर्वव्यापी भएको देखिन्छ। यसको राम्ररी अनुसन्धान र गवेषणाद्वारा तत्कालीन समाजलाई बुझ्न सकिन्छ। भवभूतिले आफ्नो मालती माधव नाटकमा त्यस वेलाको सामाजिक चित्रण गर्दा अघोर भण्ट र कपाल कुण्डलालाई प्रस्तुत गरेर वाममार्गको विकृतिमाथि कवितात्मक प्रतिक्रिया जनाएका छन्।

सिद्ध सम्प्रदाय र नाथसम्प्रदायका मान्यतामा यहाँ सबै लेख्न नखोजी केही प्रसङ्गवश लेख्ने चेष्टा गरिएको छ। नेपालमा मत्स्येन्द्रनाथ र गोरक्षनाथको ठुलो प्रभाव अद्यावधि रहेको छ। मत्स्येन्द्रनाथ शैव र बौद्ध दुवै हिन्दुमा आराध्य छन्। गोरखनाथको सम्प्रदाय पनि यहाँ अद्यावधि चलिरहेकै छ। यसैले यी दुवै सिद्ध हाम्रा लागि विशेष विवेचनीय हुन्छन्। मत्स्येन्द्रनाथका बारेमा धेरै नै किंवदन्ती सुनिन्छन्।

क्षीर सागरको किनारामा विष्णु मत्स्य भएर शिवपार्वतीका कुरामा हुङ्कार गर्न लागे। शिवले यो कुरा थाहा पाए। अनि मत्स्यको उदरबाट कुमाररूप विष्णु निक्लेर आदेश दिए। यिनै मत्स्येन्द्रनाथ थिए। (योगिसम्प्रदायाविष्कृति)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रबोधचन्द्र वागचीका अनुसार मत्स्येन्द्र पहिले ब्राह्मण थिए। किन्तु पछिबाट माझीको काम गरेकाले मत्स्येन्द्र नामका भए। पवित्र कुलागम निल्ने माछालाई मारेर त्यसको उद्धार गरे। कार्तिकेयले कुलागम चोरी गरे। भैरवले त्यसको उद्धार गर्ने प्रयत्न गरे। जब उनले आफ्नो स्वरूपमा त्यो गर्न सकेनन् अनि माछाको रूप लिएर सो कार्य पूरा गरे अनि उनको नाम मत्स्येन्द्र रह्यो। त्यही कुरा यसरी भनिएको छ -

"अहं सधीवरोदेवि अहं वीरेश्वरः प्रिये।" कौलज्ञान-निर्णय ६०।३७ र ११ पृष्ठ कुलागमका लागि आफ्नो ब्राह्मणत्व त्यागेर नाथ मार्गमा लागे।

शिवले जब पार्वतीलाई उपदेश दिएका वेला मीनरूपमा पीठिकामा लुकेर तलबाट सबै सुने, यसमा मत्स्यलाई शाप मिल्यो भन्ने पनि छ।

गण्डान्त्य योगमा जन्मेको हुँदा अशुभ सम्झी सो बालकलाई बाबुले समुद्रमा फ्याँकिदिए। त्यो बालकलाई माछाले निल्यो। श्वेतदीपको सम्यक पर्वतमा शिवजी पार्वतीलाई रहस्य कथा सुनाइरहेका थिए। मत्स्यले चुपचाप तल बसी लुकेर सबै सुन्यो। शिव-पार्वती कथा सकी जान लाग्दा माछोले भन्यो - अब मलाई ज्ञानयोग भयो। शिवले प्रसन्न भएर भने -

तँ ब्राह्मण होस्, मत्स्यबाट निक्लेर देखापर्। पार्वतीले खुसी भएर त्यस माछोलाई आफ्ना साथ लिएर मन्दार पर्वत गइन्। मत्स्यबाट कुमार निक्ल्यो। शिवले त्यसको नाम मत्स्यनाथ राखे।

बङ्गालको धर्मदेव सम्प्रदायअनुरूप आदिनाथको गाडेको मृत शरीरबाट मत्स्येन्द्रनाथ (मीननाथ) चार सिद्ध निक्ले।

मत्स्येन्द्र एक भृगु वंशीय ब्राह्मणका छोरा थिए। अपशकुन ठानेर ब्राह्मणले बालकलाई समुद्रमा फ्याँके, माछाले निल्यो। मत्स्यबाट शिवले उद्धार गरे मत्स्येन्द्रको। योगिसम्प्रदायाविष्कृति।

नेपालमा गुरु गोरखको पूर्ण भक्तिभाव नहुँदा क्रुद्ध भई नवनागलाई आसन बाँधी बसे। मेघहरू पनि बन्दी गरे। १२ वर्ष अनिकाल भएपछि बन्धुदत्तले मत्स्येन्द्रलाई भ्रमराका रूपमा कलशमा बन्द गरी ल्याएर बुङ्मतीमा राखे। गुरुको दर्शन गर्न गोरखनाथ गए अनि वर्षा भयो भन्ने नेपाली किंवदन्ती छ। मत्स्येन्द्रलाई नेपाली बौद्धहरू अवलोकितेश्वर मान्छन्। मत्स्येन्द्रको रक्त र श्वेतरूप पनि मानिएर सेतो र रातो मच्छेन्द्र भनिन्छ।

कौलज्ञान-निर्णय, आकुल वीरतन्त्र, कुलानन्द औ ज्ञान कारिकामा मच्छध्नपाद, मच्छेन्द्रपाद, मत्स्येन्द्रपाद, मीनपाद, मत्स्येन्द्र, मछिन्द्रनाथ आदि नाम पाइन्छन्। मत्स्य प्रज्ञाको वाचक भन्ने बौद्ध सिद्धको धारणा छ। यही विमर्श गरी हजारीप्रसाद द्विवेदीले मीननाथ र मत्स्येन्द्रनाथलाई एक व्यक्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मानेका छन् । नेपालमा भने मीननाथ र मत्स्येन्द्र बेग्लै व्यक्तिका रूपमा मानिएका छन् ।

मत्स्येन्द्रका सिद्धिबारे प्रशस्त किंवदन्ती पाइन्छन् । ती सबको चर्चा गर्नु यहाँ प्रासङ्गिक हुँदैन । तर जेका लागि यहाँ यो प्रसङ्ग उठाइएको छ, त्यसबारे केही नभने यो विषय अधुरो हुन्छ । यसमा गोरक्षनाथको उत्पत्तिमा पनि मत्स्येन्द्रको सिद्धि नै सफलीभूत भएको अंश यहाँ लेखिन्छ ।

कुरा के भने, मत्स्येन्द्र घुम्दै अयोध्यातर्फ जाँदा जयश्री नामक नगरमा पुगे । त्यहाँ विजयध्वज राज्य गर्दथे । त्यहाँ एक सहबोध ब्राह्मण आफ्नी सद्वृत्ति नामकी पत्नीका साथ रहन्थे । मत्स्येन्द्रले स्त्रीलाई निःसन्तान देखेर उनलाई खान भनी एक फल दिए । ब्राह्मणीले गएर आफ्ना छिमेकीलाई यो वृत्तान्त बताइन् । छिमेकीले भनिन् - "कहाँको यो कनफट्टा वैरागी हो । फुकफाक गरेर खान दिएको कुरा खाएमा मन्त्रबलले कुकुर्नी बनाएर पछिपछि लुरुलुरु लाग्नुपर्ने त होइन ।" यो सुनेपछि ब्राह्मणीले गोबर हाल्ने मलको खाल्डोमा त्यो फल फ्याँकिदिइन् । १२ वर्षपछि मत्स्येन्द्र त्यही बाटो आए । आफूले दिएको फल फ्याँकेको कुरा सुने र गएर त्यही फालेको ठाउँमा हेरे । जहाँ फल फ्याँकेको थियो, त्यहाँ नै एक १२ वर्षको बालक थियो । उनी नै गोरक्ष थिए । गोरक्ष मत्स्येन्द्रका साथै लागे । मत्स्येन्द्रले कृपा गरेर ती ब्राह्मणीलाई अर्को छोरो दिए । जसको नाम नाथवरद राखे गोरक्षले । - योगिसम्प्रदायाविठकृति

गुरु गोरखनाथको काल निर्धारित गर्दा धेरै विद्वान्हरूले आफ्ना-आफ्ना तर्क-वितर्कद्वारा समय तोक्ने चेष्टा गरेको पाइन्छ । पं. हजारीप्रसाद, प्रो. वागची, डा. सहीद्दुला, म.म. गोपीनाथ कविराज, फकुंहार, ब्रिग्स, डा. मोहन सिंह, राहुल सांकृत्यायन आदिद्वारा विभिन्न समयलाई प्रमाणित गर्न खोजेको छ । यिनको मतबाट ५०० ई.देखि १००० ई.सम्मको काल मानिएको छ । डा. रांगेय राघवद्वारा शोध गरिएको "गोरखनाथ और उनका युग" नामक शोधग्रन्थमा उनले नवौं शताब्दीदेखि दसौं सदीसम्म मानेको छ ।

जसरी यिनको जन्मकालमा मतमतान्तर छ, त्यस्तै यिनको जन्मस्थानमा विभिन्न पक्ष नभएका होइनन् । तथापि यिनको जन्मस्थान पेसावरको उत्तर-पश्चिमी पन्जाब थियो भन्ने कुरो बढ्ता प्रामाणिक देखिन्छ । उनी ब्राह्मण वंशमा जन्मेका हुन् । उनी अत्यन्त सुन्दर व्यक्ति थिए । जसको सौन्दर्यमा नारीको लावण्य थियो भने पुरुषको अखण्ड पौरख प्रतिबिम्बित हुन्थ्यो । यस कारण उनी रूप बदल्न अत्यन्त सिपालु थिए । योगी भएर पनि सांसारिक रूपमा अति चतुर व्यक्ति थिए ।

गोरक्षको दर्शन हठयोगमा सिद्धान्तित छ । यो ब्राह्मण तथा बौद्धको समान रूपले मान्य थियो । जसरी मत्स्येन्द्रलाई बौद्धहरूले अवलोकितेश्वरका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रूपमा मानेका छन्, त्यसरी नै गोरक्षलाई पनि अनङ्गवज्रका रूपमा मानेका छन् भनी तारानाथले भनेका छन्। हरप्रसाद शास्त्रीका अनुसार गोरक्ष रमणवज्र मानिएका छन्। यता ब्राह्मणहरूले शिवको अवतारमा मानेका पनि छन्। पाशुपत दर्शनको वीज यहाँ पर्याप्त मात्रामा पाइन्छ। शाक्ततन्त्रले पनि भैरवी चक्रको जहाँ आधारविन्दु राख्तछ। महायानी बौद्ध सम्प्रदायले वज्रयानमा बढ्ता आस्था जमाएपछि सिद्धिका निम्ति प्रवृत्ति बढेर गयो र सिद्धको बढ्ता समाजले प्रतिष्ठा गऱ्यो। अनि प्राणवायुलाई देहभित्र खेलाउँदा प्राप्त शक्तिको प्रयोग देखाइन थालियो।

नाथसम्प्रदायमा हठयोगको अटुट सम्बन्ध रहेको देखिन्छ। यहाँ 'ह' र 'ठ' को संयोग नै यसको योग हो। 'ह' भनेका सूर्य 'ठ' भनेका चन्द्र हुन्। शरीरको आधा भाग सूर्य, आधा भाग चन्द्र हुन्। इडा र पिङ्गला यी दुईबाट प्रवाहित प्राणवायुलाई मिलाएर सुषुम्णामा केन्द्रित गर्नु गोगीको लक्ष्य हो। यही हठयोगबाट मूलाधारमा रहेको कुण्डलिनी शक्तिलाई शिवसँग संयोग गराउनुपर्ने छ षड्चक्र भेदन गराएर भन्ने छ। षड्चक्रको क्रम हो मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध र आज्ञा। कुण्डिलिनीलाई सहास्रारमा शिवसँग मिलन हुन्छ। स्वरसज्ञान त्यही हो, ब्रह्मको नैरन्तर्य साक्षात्कार त्यही हो। यसरी प्राणायामद्वारा खेचरी गतिमा प्राप्त हुने कुराको पुष्टि हुन्छ।

नाथसम्प्रदाय गोरखनाथपछि अति वेगले व्याप्त भएर शैव, बौद्ध, शाक्त र वैष्णव मतमा पनि समाविष्ट हुन पुगेको छ। गोरखले पूर्ववर्ती र परवर्ती सबै सम्प्रदायलाई समन्वय गरी हिन्दु संस्कृतिको एक व्यापकतालाई प्रश्रय दिएका छन्।

रसेश्वर दर्शनको परिप्रेक्ष्यमा यसरी बिचमा मैले मत्स्येन्द्र र गोरक्षको गाथा गाएर एउटा अन्योल पाठकको मनमा पैदा गर्न खोजेको होइनँ। नेपालमा मत्स्येन्द्र र गोरखको आफ्नै महत्त्वपूर्ण भूमिका छ भनेर यहाँ यिनलाई अप्रासङ्गिक रूपमा भए पनि वर्णन खोजेको पनि होइनँ। वास्तविक तथ्य के हो भने रसेश्वर दर्शन नाथसम्प्रदायकै उपज हो। जसरी हठयोगद्वारा प्राणवायुलाई यिनले स्थानान्तरमा लगी सिद्धि प्राप्त गरे, गोरक्षनाथ त्यसरी नै रसायन विद्याका आविष्कारक मानिन्छन्। यिनले रस र वायु दुवैलाई कर्मयोगमा उतारे। अगाडि मैले उद्धृत गरेको श्लोक यहाँ आएर स्पष्ट हुन्छ यति लामो विवरणपछि। त्यो यही श्लोक थियो -

मूर्च्छितो हरति व्याधीन् मृतो जीवयति स्वयम्।
बद्धः खेचरतां कुर्याद् रसो वायुश्च भैरवि॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शरीरको अन्तरसञ्चारी वायु प्राणायामले निरोध गरेमा स्वयं मूर्च्छित झैं भएर योगीको व्याधिलाई हर्दछ। अतिशय निरुद्ध वायु मृततुल्य स्वयं भई योगीलाई भने जीवित राख्तछ। यदि प्राणवायुलाई स्तम्भन गर्न सक्यो भने आकाश गतिमा लैजान्छ।

त्यस्तै रस (पारो) संस्कारद्वारा घनत्व र चाञ्चल्य छोड्छ भने त्यो रस मूर्च्छित भनिन्छ। त्यस किसिमको रसादि सेवनले रोगीको व्याधि नाश हुन्छ। त्यस मूर्च्छित अवस्थामा पनि आर्द्रत्व भने रसमा रहिरहन्छ। रसको मृतावस्थामा आर्द्रत्व, घनत्व, तेज, गुरुत्व र चापल्य पनि हट्तछ। यस किसिमको मृत रसको सेवनले जीवित राख्तछ। क्षयरहित, अलिकति द्रवयुक्त, तेजस्वी, निर्मल र गुरुका साथै फेरि संस्कार कालमा जसको स्फोटन (विकास) हुन्छ, त्यस किसिमको रसलाई बद्ध भनिन्छ। त्यही बद्ध रसको प्रभावमा मनुष्य आकाशगति भएको हुन्छ।

मान्छेलाई शाश्वत रूपमा रहेका त्रासदी हुन् - रोग, मृत्यु र सीमित शक्ति। ती तीन तत्त्वलाई विजय गर्ने सिद्धान्तमा प्रतिपादित अभ्यन्तर तत्त्व पवन र बाह्य तत्त्व रस भनी ठम्याएर भनिदिंवा यस सिद्धिमा लोभिएको समाजले ती सिद्धलाई आफ्नो हृदय सिंहासनमा समासीन गराउनु कुनै नौलो कुरा भएन। यसरी हठयोगका प्रवर्तक र रसायनका आविष्कारक श्री गोरखनाथको महत्त्व हिन्दु संस्कृतिका निम्ति एक अद्भुत विषय हुन गयो। उनको अद्वैतवादपरक भावनामा उँचाभन्दा उँचा विचारक पनि नतमस्तक हुन्छन् भने उनको चमत्कारपूर्ण सिद्धिले निचाभन्दा निचा अन्धविश्वासीहरू पनि उनका भक्त र उनका अनुयायी बनी बर्बर कृत्य गर्न पछि हट्तैनन्। यसैले यो नसुल्झने गोरखधन्धा उखानका रूपमा देखापर्छ।

योग र तन्त्र मार्गलाई सँगै नयाँ मोड दिएर वज्रयानी सहजयानी सिद्धहरूको ह्रास भएको मतलाई त्यही थान्को लगाई नाथसम्प्रदायले आफ्नो पृष्ठभूमि खडा गऱ्यो। सिद्धिको चमत्कारको चाकचक्यमा अन्ध भएको समाजलाई पत्यार पार्न सिद्धिको प्रक्रियालाई भौतिक रूपमा ल्याई रसायन विद्याको आविष्कार भएको हो। यो रस धातुवादी नभई ईश्वरपरक भन्ने पनि प्रतिपादित भयो।

गोरक्षले वीरभद्रलाई हटाएर गुरु मत्येन्द्रको शवको उद्धार गरे। त्यस वेला शिवले वीरभद्रलाई भने - वीरभद्र तिमी गोरक्षभन्दा कुनै प्रकारमा पनि कम छैनौ तर तिमीलाई अभिमानले पराजित गर्दियो। यस्तो किंवदन्ती छ।

गोरक्षको आडुलग्राममा भद्रकालीसँग युद्ध भयो। शिवले दुवैलाई सम्झौता गराए। भद्रकालीले क्षमा मागिन्। उनको सिद्धि आफ्नो कल्याणका लागि अनपेक्षित थियो। तर मुमुक्षुलाई आकर्षित गर्न सहायक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुनाले त्यो सिद्धि चमत्कार अपेक्षित र अव्यर्थ छ भनी भद्रकालीले गोरक्षलाई भनिन् भन्ने पनि किंवदन्ती छ ।

हनुमानको निमन्त्रणामा मत्स्येन्द्र सिंहलद्वीपका राजाको शवमा प्रवेश गरी रानीको पुत्रोत्पत्ति पूर्ण गर्न समर्थ भए । त्यसपछि त्यहीँ भुले । उनका परशुराम र मीनराम दुई छोरा भए । गुरुको शरीर कुरेर गोरक्ष बसे । नियत समयमा शरीरमा समाधि खुलेन, जब गुरुको अनि उनी कलिंगा नामकी वेश्या सिंहलमा गएर रानी पद्मिनीबाट गोरक्षले गुरुलाई छुटाई मोहनिद्रा भङ्ग गराई पुनः फर्काए । यस्तो किंवदन्ती पनि छ ।

धेरै किंवदन्ती छन् मत्स्येन्द्र र गोरक्षका बारेमा । तर यी नाथसम्प्रदायहरूमा गोरक्षलाई ५२ औँ नाथ मानिन्छन् । पहिलो आदिनाथ र पछिल्लोमा चुणकरनाथसम्मको नामावली डा. रांगेय राघवले दिएका छन् । वीरभद्र, भद्रकाली इत्यादि अनेक सम्प्रदायलाई गोरक्षले आत्मसात् गरेर अष्ट भैरवहरूलाई पनि गोरक्षले आफूभित्र नै ल्याएको देखिन्छ । प्रायः भैरवका पुजारीहरू कनफट्टा नाथसम्प्रदायी नै पाइन्छन् । काशीको काल भैरवका पुजारी अद्यावधि कनफट्टा जोगी नै छन् । हनुमान र भैरवलाई सिन्दूर लगाएर राख्ने प्रचलन देखिन्छ । सिन्दूरमा पारो हुन्छ, मरकरी अक्साइड भएको सिन्दूर हुँदा रसेश्वर दर्शनले प्रतिपादित रस (पारो) को महत्त्वले यहाँ स्थान लिन गएको हुनुपर्छ । पारो एक महत्त्वपूर्ण तत्त्वलाई यस भैरव सम्प्रदायले स्विकार्दा रसेश्वर मतसँग सम्बन्ध स्थापित गरेको त होइन भन्ने अनुमान गर्न सकिन्छ । ५० नम्बरमा आएका जालन्धरनाथसँग ५१ औँ मत्स्येन्द्रनाथको र मत्स्येन्द्रपछि आउने ५२ औँ नम्बरका गोरक्षको मत पूर्णतया एकै थिएन । यसमा देशकालको प्रभाव बेग्लै थियो । यहाँ पछि बिग्रेर कापालिकहरू पनि समाविष्ट हुन आएका छन् । नाथसम्प्रदायका आदिनाथ नै आदिनाथ हुन् भन्ने मान्नुपर्छ । शक्तिसंगम तन्त्रमा कापालिकको विषयमा यस्तो परिभाषा पाइन्छ, जो निम्न प्रकारको छ

कपालमात्र सम्भोजी मद्यमांसेषु तत्परः ।
स्त्रीयोनिदर्शको नित्यं मुण्डमालाधरः सदा ॥
श्मशानाग्निप्रभोजी यः स च कापालिकः स्मृतः ।

कापालिकहरू पनि शिवलाई सर्वशक्तिमान् मान्छन् । शिव नै ज्ञानशक्ति तथा क्रियाशक्तिका स्वामी ठान्दछन् । कापालिक पनि एक कपालधारी र अर्को कपालविहीन हुन्थे । खप्पर लिनेलाई कालवदन भनिन्थ्यो । यी कालामुख भएका नै परवर्ती कालमा आएर अघोर भएका हुन् । तन्त्रमा शिव नै भैरव रूपमा वर्णित हुन्छन् । शिवद्वारा नै यो सम्प्रदाय अवतरित भएको मानिन्छ । कौलमार्गमा पहिलो कौलज्ञान, दोस्रो सिद्धकौल,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तेस्रो सिद्धामृत र चतुर्थको मत्स्योदर हो र यसको अर्को नामलाई योगिनीकौल भनिन्छ। यही योगिनीकौल नाथसम्प्रदायसँग सम्बद्ध छ। त्यसैले नाथपन्थीहरू भैरवका उपासक भएका देखिन्छन्। घोर भनेको संसारबाट युक्त भएकाले अघोर भन्ने नाम राखिएको हो।

रसेश्वर-सिद्धान्तमा जीवन्मुक्तको परिगणन गर्दा -

चर्वटिः कपिलो व्यालि कापालिः कन्दलायनः ॥

एतेऽन्ये बहवः सिद्धा जीवन्मुक्ताश्चरन्ति हि ।

यो कुरा माथि पनि भनिएको छ। तर यहाँ यो पुनरुक्ति किन गरिन्छ भने गोरक्षनाथभन्दा पूर्ववर्ती नाथसम्प्रदायका ३२ औँ सिद्ध कपाली र परवर्ती ६२ औँ सिद्ध चर्प(व)टिको यस कारिकामा नाम पाइन्छ। त्यसो हुँदा पाशुपत सम्प्रदायसँग त्यसमा पनि नाथ मार्गमा नै यस दर्शनको आधारविन्दु पाइन्छ। नाथसम्प्रदायको ठुलो शक्ति ३०० वर्षसम्म रहेको परिलक्षित हुन्छ। बौद्धको वज्रयानमा आधारित लामायानले पनि सिद्धमार्गमा आएको चमत्कारलाई स्विकारेको छ। पछि गएर नामान्तमा जोडिने पाद शब्दमा 'पा' मात्रै प्रयोग गरिन लाग्यो। जस्तै - तिलोपा, विरूपा, लुहारीपा आदि।

गोरक्षले रसायन र रसेश्वरतत्त्वको आविर्भाव गरेर पनि यसमै सद्ध समाज बढ्ता संलग्न भएको अनुभव गरेर गोरखको क्रान्ति वाणीमा मुखरित भयो -

रसं रसायनं चैव धातुवादं तथैव च ।

तृणवत् संत्यजेत् सर्वं यद्यत् प्राप्तमुपागतम् ॥

आजका परमाणुशक्ति सम्पन्न विकसित राष्ट्रमा त्यही शक्तिले उनीहरूलाई बढ्ता चिन्तित पारेर परमाणुशक्ति सीमित पार्ने छटपटी भएझैँ रस, रसायन र धातुवादमै योगीहरू अलमलिएर आफ्नो लक्ष्यबाट विचलित भएकोमा गोरक्षलाई यो प्रतिक्रिया हुनमा कुनै आश्चर्यको कुरा मान्नुपर्ने देखिन्न। यस सम्प्रदायमा समाधिबाट लक्ष्य प्राप्ति हुने र समाधिका निम्ति साधन भएको शरीरलाई योग्य पार्नुपर्ने हुँदा यस प्रक्रियाले आफ्नो निर्धारण कायम गर्नुपरेको छ। यही कुरालाई रसहृदयले यसरी स्पष्ट पारेको पाइन्छ -

यज्जरया जर्जरितं कासश्वासादि दुःख विशदं च ।

योग्यं तन्न समाधौ प्रतिहतबुद्धीन्द्रियप्रसभम् ॥

कास, श्वास आदिले दुःखित जराले जर्जरित ज्ञानेन्द्रियको गति कुण्ठित भएको शरीर समाधिका लागि योग्य हुँदैन। यसले एक प्रश्न खडा गरेपछि फेरि यसैको पुष्टिमा अर्को श्लोक यहाँ प्रस्तुत गरिन्छ।

आयतनं विद्यानां मूलं धर्मार्थकाममोक्षाणाम्

श्रेयः परं किमन्यच्छरीरमजरामरं विहायैकम् ॥

अर्थात् विद्याको आयतन र धर्म, अर्थ, काम, मोक्षको मूल भएको अजरामर शरीरलाई छाडेर अर्को कुनै श्रेयकारक कुरो छ। मरणशील

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शरीरलाई अजर, अमर हुनुपर्छ भनेर कल्पँदैमा हुने त होइन नि भन्ने कुराको समाधान गर्दै अजरामर गर्न समर्थ रसेन्द्र छ भनी आफ्नो रस विज्ञानमा विश्वास दृढताले प्रतिपादित गर्दै भन्ने यो वाक्यमा कति आत्मविश्वास छ, त्यो यसरी यहाँ उल्लेख गर्छु -

एकोऽसौ रसराजः शरीरमजरामरं कुरुते ॥

शङ्कराचार्यले सबै दर्शनलाई समन्वय गर्ने परम्परामा अद्वैतवाद स्विकारेर "ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः" यो सिद्धान्त कायम गरेथे। गोरखनाथले योगीको दृष्टिकोण राखेर कापालिक, शाक्त, कौल, चीनाचार, लोकायत, सौर, पाशुपत, गाणपत्य र वैष्णवसम्मलाई पनि आफ्नै मुट्ठोमा अँचेटेर राखे। उनले योगीको समुदायको सामाजिक परिष्कार गरे। यस नाथसम्प्रदायसँग जुध्ने शक्ति अरूमा रहेन। यसमा समन्वय कायम नगर्नेहरू हिन्दुत्वबाट हटेर बिलाए।

यसो हुनामा मुख्य कुरा जडमा के थियो भने शङ्करले खालि दार्शनिक दृष्टिकोण राखी संसारलाई व्यर्थ भनेका थिए भने गोरक्षले देहपिण्ड नै सबै थोक हो, यस अतिरिक्त अरू व्यर्थ भनी हठयोगलाई अघि सारे। देव-देवताका परिकल्पनामा अनेक मूर्ति बाह्य जगत्मा प्रकट भएर अर्चनाका आचारसंहितामा दैवीवादले समाजलाई विह्वल र किंकर्तव्यविमूढ पारी दिग्भ्रान्त गराइराखेको थियो। दक्षिणाचार र वामाचारका प्रक्रिया ठिक विपरीत दिशामा लक्ष्य सिद्धिका निम्ति अनेक क्रियाकलापलाई आफैमा जेल्दै थिए। अर्का लोकायतिकहरू मदशक्तितुल्य चैतन्य भनेर पुनर्जन्मवादलाई हाँक दिँदै थिए।

त्यस वेला रसविज्ञान र रसायन विधिले धातुवादीमाथि ठुलो विजय गरी शरीरलाई अजरामर गराउने प्रक्रिया भोग साधनबाट हटाई समाधितर्फ मोड्ने ध्येयपट्टि अभिमुख गराइदिए। अनि शङ्करले विवर्तवाद खडा गरेझैँ यिनले षड्चक्र देहमा खडा गरेर सबै देवी-देवतालाई देहपिण्डभित्र नै स्थान दिए र पिण्ड नै शिव भन्ने कुराको पुष्टि गराए। जस्तै -

चक्र	स्थान	देवता	शक्ति	दलसङ्ख्या	तत्त्वका वर्ण	वर्ण
मूलधार	पायु	गणेश	सिद्धबुद्धि	४	पीत	व, श, ष, स
स्वाधिष्ठान	लिङ्ग	ब्रह्मा	सावित्री	६	श्वेत	ब भ म य र ल
मणिपूर	नाभि	विष्णु	लक्ष्मी	१०	रक्त	ड ढ ण त थ द ध न प फ
अनाहत	हृदय	महादेव	उमा	१२	धूम्र	क ख ग घ ङ च छ ज झ ञ ट ठ
विशुद्ध	कण्ठ	जीव	आद्याशक्ति	१६	श्वेत	अ आ इ ई उ ऊ ऋ ॠ लृ लॄ ए ऐ ओ औ अं अः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आज्ञा	भ्रूमध्य	हंश	सुषुम्णा	२	-	ह क्ष
सहस्रार	मस्तिष्क (ब्रह्मा)	गुरु (माया)	गुरुमा	१०००		असङ्ख्य मातृका

कुण्डलिनीको सुप्तावस्था र जाग्रत दुई अवस्थाका भिन्न चक्र ज्ञानको व्यवस्था छ। षट्चक्र षोडशाधार दलक्ष्य तथा व्योमपन्चकलाई गोरक्षनाथले सावश्यक मानेका छन्।

देवता	धातुशक्ति	पीठ	लोक
ब्रह्मा	ढाकिनी	कामाख्या	भुवर्लोक
विष्णु	शाकिनी	कामाख्या	स्वर्लोक
रुद्र	लाकिनी	पूर्णगिरि	महर्लोक
ईश	काकिनी	पूर्णगिरि	जनलोक
सदाशिव	लाकिनी	जालन्धर	तपोलोक
शम्भु	हाकिनी	उड्डीयान	सत्यलोक

यी माथि दिइएका देवता, शक्ति, पीठ र लोक कुण्डलिनी जागृत भएपछिका व्यवस्थापरक कुरा हुन्। तन्त्रमा पनि यो वादले कसरी भित्रसम्म जरा हालेको छ, यसको प्रमाणमा म भैरवीतन्त्रको यो श्लोक उतार गर्छु -

ज्योतिः पश्यन्ति सर्वत्र शरीरं वा प्रकाशयुक्
निजं शरीरमथवा देवतामयमेव हि ॥ भैरवीतन्त्र

यसरी देवतामय देहलाई परिकल्पना गरेर यसो भन्ने साहस योगले गरी देहलाई आकाशभन्दा पनि निर्मल सिद्ध गरेको छ। जस्तै -

यथाकाशस्तथा देह आकाशादपि निर्मलः
सूक्ष्मात् सूक्ष्मतरो देहः स्थूलात्स्थूल जडाज्जुजडः ॥ योगबीज

यतिका कुरा भन्नाको तात्पर्य मेरो के भने बाहिरी देवतामा रुमल्लिएर अनेक कौलाचारले विस्वल भएको विश्वासलाई अन्तर्मुखी देवी प्रवृत्ति सिर्जना गरी गोरक्षले समाजलाई नयाँ आलोक प्रदान गरी ज-जसले जुन रूपमा जुन देवता स्विकारे, तिनीहरूलाई ती देवता आफैभित्र षट्चक्रमा विराजमान छन् भन्ने सम्झाए।

शङ्करको दर्शन, रामानुजको प्रेम र गोरखको योगले जेलेर हिन्दु संस्कृतिलाई जीवित राखेको छ। गोरखले शैव प्रत्यभिज्ञाको अद्वैततालाई लिएर शङ्करको दर्शनसँग सन्तुलन कायम मात्र गरेनन्, राजयोगसँग हठयोगको समन्वय पनि कायम गरी विनश्वर कलेवर अजर-अमर पार्ने प्रक्रिया पनि प्रारम्भ गरेर एउटा नयाँ मार्ग समाजको इच्छानुरूप तयार पारे। सबैलाई योगको बाटोबाट डोऱ्याउन सफल भए, जुन सानो सामाजिक, धार्मिक क्रान्ति होइन। जीवनपरक दर्शन रसेश्वर भएर संसारमा धेरै अघि यहाँ रासायनिक प्रक्रियाको प्रारम्भ भयो रसको संस्कार रूपमा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हिन्दुले संस्कारबाट अदृष्ट पैदा हुन्छ भन्ने कुरा त पूर्वमीमांसाको याज्ञिक प्रक्रियाबाट प्रारम्भ गरी मनुष्यको पनि संस्कारद्वारा अर्को जन्म जीवितावस्थामै हुन्छ भनेर "संस्काराद् द्विजउच्यते" भनी प्राकृत र संस्कृत भाषामा समेत स्विकारेको सर्वविदित छ।

पारदको पनि संस्कार छ। त्यो अठार प्रकारको हुन्छ भनेर उनीहरूले बताएका छन्। जस्तै -

स्वेदन-मर्दन-मूर्च्छनोत्थापन-पातन-निरोधनियमाश्च।
दीपन-गगन-ग्रासप्रमाणमथ जागरणापिधानम्॥
गर्भद्रुति-वाह्यद्रुति-क्षारण संराग सारणाश्चैव।
क्रामण-वेधौ भक्षणमष्टादशेति रसधर्म॥

यसको प्रपञ्च गोविन्दभगवत्पादाचार्य सर्वज्ञ रामेश्वर भट्टारक प्रभृति प्राचीन आचार्यले निरूपित गरिएको छ भनी ग्रन्थमा पाइन्छ। अर्वाचीन कालमा यस्ता रसविद्यामा लागेका महानुभावमध्ये एक जना कविराज वीरेन्द्रमोहन रायसँग यस पङ्क्तिका लेखकको काशीमा समागम भएको हो। उहाँ रससिद्धि गर्न स्वसमर्पित हुनुभएको रहेछ। उहाँको बुभुक्षित पारद सिद्ध भएको र त्यस औषधिले बिफर र सन्निपातलाई सर्वात्मना स्वस्थ पार्न समर्थ भएको दाबी गर्नुहुन्थ्यो। बुभुक्षित पारदमा सुवर्ण राखेजति लोप हुने र पारदको तौल नबढ्ने कुरा गर्नुहुन्थ्यो। नाडी ज्ञानमा अद्वितीय व्यक्ति मैले निजलाई देखें। आयुर्वेद विद्याको चमत्कार पूर्णता कविराजको रसादि औषधिको ज्ञान र नाडीबाट रोग पत्ता लगाउने समर्थतामा म पूर्ण विश्वस्त भएँ।

त्यो रसादि निर्माण विद्या अब लुप्तप्रायः भइसकेको छ। आर्यावर्तबाट प्राचीन विद्या विलुप्त हुनाको कारण राजनयिक पतन नै मुख्य भन्नुपर्छ। रसायन विद्यामा अग्रणी भएको यो रससिद्धि लोहवेध गरेर सुवर्ण बनाउँदा धातुवाद हुन्छ भने देहवेध गरी मुक्ति प्रदायी भएर रस ब्रह्म हुन्छ। रसार्णवले भनेको पनि छ -

लोहवेधस्त्वया देव यदर्थमुपणितः।
तं देहवेधमाचक्ष्व ये न स्यात् खेचरी गतिः॥
यथा लोहे तथा देहे कर्तव्यः सूतकः सता॥
समानं कुरुते देवि प्रत्ययं देहलोहयोः।
पूर्वं लोहे परीक्षेति पश्चाद्देहे प्रयोजयेत्॥

आजसम्म कुनै पनि त्यस्तो व्यक्ति देखिएको छैन भन्ने कुरा मनमा उठ्न नसक्ने होइन। यसमा हामी चर्मचक्षुले त्यस्तालाई फेला पार्न नसके पनि शास्त्रको प्रमाणबाट त्यस्तो कुरामा विश्वस्त हुन्छौं। नृसिंह सनकादिको शरीर अजरामर भएको पुराणादिबाट हामीलाई ज्ञात हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

"रसो वै सः। रसं ह्येवायं लब्ध्वा नन्दी भवति" (२।७१) भनेको छ। यो रस भनेको पारद हो। रसमा हामी यति अर्थवाद पनि पाउँछौं, जसको दर्शनले मात्र पनि पुण्य प्राप्त हुन्छ। वचन यस प्रकार छ -

केदारादीनि लिङ्गानि पृथिव्यां यानि कानिचित्।

तानि दृष्ट्वा तु यत्पुण्यं तत्पुण्यं रसदर्शनात्।

यसरी रसेश्वरलाई धातुवादबाट ब्रह्मवादतिर लगेको छ। पारोको शक्तिको अन्वेषण र आविष्कार गरी जुन सिद्धि ईश्वर चिन्तनमा प्रयोग गर्ने हेतुले गोरक्षले प्रारम्भ गरेथे, योगीहरूमा त्यो सिद्धिको मोह कालान्तरसम्म कायम रह्यो। राजपूतानाको एउटा प्राचीन ग्राममा आजसम्म पनि जुन किंवदन्ती पाइन्छ, त्यसले के कुराको सङ्केत दिन्छ भने मध्ययुगको उत्तरकाल अर्थात् मुसलमानी शासनकालमा पनि रसेश्वर सम्प्रदायको सम्बन्ध मुख्यतः यी योगीका साथै जोडिन्छ। यस कुरालाई डा. रांगेय राघवले आफ्नो शोधकार्यमा प्रस्तुत गरेका छन्।

रसलाई धातुवाद र अध्यात्मवाद दुवैतिर उपयोगमा ल्याएको कुरा माथिका प्रसङ्गबाट हामीले केही अंश बुझ्ने चेष्टा गर्‍यौं। पारद जस्तो एक भौतिक तत्त्वलाई गोरक्षले देहवेध र लोहवेधमा प्रयोग गराई सिद्धिको चमत्कारमा दौडने समाजलाई आफूतर्फ मोडेर चमत्कारपूर्ण आविष्कार गरेर रसायन विद्याको मात्र होइन, देहभित्रमा देवतात्मक चक्रविद्याको हठयोगद्वारा प्रतिपादन गरे। यो ज्ञान-विज्ञानको एउटा नयाँ समन्वय थियो। त्यसैले रसेश्वर-सम्प्रदायमा योगीहरूको पछिसम्म पनि सम्बन्ध रहिरहेको कुरामा ऐतिहासिक तथ्य फेला पर्छ।

गोरखपन्थ ब्राह्मण धर्म तथा व्यवस्थाबाहिर रहेका सम्प्रदायको विराट् एकीकृत रूप हुँदा नेपालमा मान्यता पायो, जस्तो विभिन्न मतमतान्तरको सम्मेलन हिन्दुधर्म छ। गोरखपन्थले अनादिकालदेखिन् छरिएका विश्वास संगटेर एक प्रबल धारामा समाजको आवश्यकतालाई आप्लावित गरी दुई सय वर्षसम्म तीव्र गतिले बग्यो। सांस्कृतिक अखण्डतालाई कायम गर्न यसको अस्तित्व अन्तर्मुखी प्रवृत्तिले अद्यावधि हामीमा अमिट छाप भेट्न दिँदैन। हामी गोरखालीहरूका गोरखनाथ यस्ता सिद्ध छन्, जसले हाम्रो शक्तिमा स्वतन्त्रताको मौलिकता कायम गरेको छ। श्री ५ पृथ्वीनारायण शाहको गोरखनाथमा यति ठुलो आस्था थियो, जसले उनलाई शिवरूप दिएर आफ्नो टकमा उनको नाम राखे। शिवत्व उनमा शास्त्रसम्मत पनि छ। आज नेपाल एक मात्र हिन्दु राज्य छ र गोरखनाथलाई आफ्ना मुद्रामा अङ्कित गरेर गोरखाली भई विश्ववीर भनी कहलिएको छ। अस्तु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रत्यभिज्ञा-परिदर्शन

यो नयाँ दर्शनको उत्पत्तिमा पुराना मतप्रति असन्तुष्टि नै मुख्य कारण हुन गएको छ। यस लोकमा घटप्रति कारणत्व सिद्ध गर्दा मृत्तिका दण्डचक्रादिलाई जुन प्रमुखता दिइन्छ, त्यसैमा प्रत्यभिज्ञावादी असन्तुष्ट छन्। उनीहरूको भनाइमा मृत्तिकाले घट बनाउँदैन। दण्डचक्रादि पनि घट निर्माण गर्दैनन्। मृदादिको परस्परमा रहेको सापेक्षत्वले घटनिर्मातृत्व हुन्छ भन्ने हो भने कसको अपेक्षा हुन्छ त त्यसमा ? मृत्तिकाको अपेक्षा हुन्छ भनौँ भने अपेक्षा त चेतनको धर्म हो, मृतिका जड छ। दण्डचक्र पनि सापेक्ष हुन सक्तैनन् जड भएकाले। कुलालको मृदादि अपेक्ष मान्छौँ भन्ने भए, लौ मान, कुलालको सापेक्ष घटप्रति कारण। तर यस मानेमा जगत्को कारण त कर्मै हुन जाने भो। कर्म जगत्को कारण हुनै सक्तैन, कर्ममा त अचेतनत्व छ। कर्मसापेक्ष ईश्वरलाई जगत्को कारणत्व स्विकार्न पनि यिनीहरू मन्जुर गर्दैनन्। ईश्वर भएपछि उसलाई पूर्ण स्वतन्त्रता प्रदान गर्न अकमकाएर परमुखापेक्षी किन पार्ने कुरा गर्नु भन्ने यिनीहरूको भनाइ। ईश्वर कर्मावलम्बी छैन, ऊ निरपेक्ष भएर स्वेच्छाले नै खाली आकाशादिभावान्वित जगत् निर्माण गर्छ। ईश्वरको स्वतन्त्रताको व्याख्या शैवदर्शनभित्र पनि गरिएको छ। कोही कर्मनिरपेक्षतालाई स्वातन्त्र्य मान्छन्, कोही कर्मसापेक्ष भएर पनि स्वतन्त्रता स्विकार्छन्। यसमा निरपेक्षवादी हुन्।

सबै संसार कालको आश्रित मान्ने वैशेषिकको "जन्यानां जनकः कालो जगतामाश्रयो मतः" यस सिद्धान्तमा जन्यपदार्थको जनक भएको काल जगत्को आश्रय छ भनी कालसापेक्ष जगत् मान्दा श्री आइन्स्टाइनको सापेक्ष भएको कालनिष्ठता पदार्थप्रति कुनै समन्वय छ, छैन यो म यहाँ भन्न सक्तैनँ। मैले जाने-सुनेअनुसार कुनै वैज्ञानिकले पदार्थलाई चेतनमा र चेतनलाई पदार्थमा परिवर्तन गर्ने प्रक्रिया प्रारम्भ भएर सफल भएझैँ लाग्दैन। पदशक्तिझैँ चेतनता भनेर त जडवादीले चेतनतालाई भौतिक परिणति मानेको वैदिक कालदेखि नै पाइन्छ। त्यसभन्दा नयाँ कुरा अहिलेका भौतिकवादोले के भनेका छन् भने शक्ति र पदार्थ एक हुन्। परमाणुलाई शक्तिमा परिणत गर्न सकिन्छ भनी यो सिद्ध रूपमा प्रयोग गरेर प्रमाणित गरे। यसबाट मूलतत्त्व जड र चेतनको एक नै हो भन्ने विज्ञानले समर्थन गर्दा त्यस प्रक्रियाले वैज्ञानिक अद्वैतवादको जग बन्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गएको छ। अद्वैतवादी त धेरै छन्। जड मात्र तत्त्व मान्ने विज्ञानवाद पनि अद्वैतवादमा आस्था राख्तछ। जगत् मिथ्या र मायिक मानी मायामा विश्वलाई अध्यासित गर्ने मायावादी पनि अद्वैतवादमा निष्ठा राख्तछन्। यी प्रत्यभिज्ञावादी पनि अद्वैतवादी हुन्। यिनीहरू आकाशादि भावहरू परमेश्वर स्वात्मामा नै अपभासित गर्छन्, दर्पणमा प्रतिबिम्ब भनेर मान्छन्। चेतन र जडात्मक सबै यो जगत् परमेश्वरको अपेक्षाले पृथक् हुँदैन र उसमै अन्तर्गत हुन्छ। जस्तो जीवहरू परस्परमा भिन्न छन्, त्यस्तै नाना थरीका प्रमाण-प्रमेयादि भिन्न जगद् पनि परमेश्वरको अपेक्षाले केही भिन्न छैन। वृक्ष भन्दा एक हुन्छ, शाखा भन्दा नानात्व रहन्छ, यस्तै परमेश्वर भेदाभेदशाली छ। परमेश्वरको जीवदात्म्य स्वसंवेदनले, उपपत्तिले र आगमद्वारा सिद्ध हुन्छ। म ईश्वर नै हुँ अर्को होइन भन्ने यस्तो किसिमको जुन साक्षात्कार छ, त्यही प्रत्यभिज्ञा हो। त्यही प्रत्यभिज्ञाले परात्मसिद्धि हुन्छ। त्यसका लागि चर्यादि ल्केशको प्रयास अपेक्षित छैन।

शैवसम्प्रदायका धार्मिक प्रयासलाई छाडेर आध्यात्मिकस्वरूप चिन्तनमा अद्वैतभाव जाग्रत पारी आफूलाई चिन्ने प्रवृत्तिकै मूल रूपको विचार गरेर यहाँ पुगेपछि शैव मत चोखो अध्यात्मवादमा परिणत भएको देखिन्छ। यसलाई प्रत्यभिज्ञा स्पन्दायात्रिक दर्शन पनि भन्छन्। प्रति अभिक्षा अर्थात् कसैले आफ्नो परम प्रियलाई आफैसँग रहँदा नचिनेकोमा चिनाइदिँदा हुने नयाँ ज्ञान। स्पन्द परमेश्वरको स्पन्दबाट नै यस सारा विश्वको आविर्भाव हुनु। त्रिक पशु, पति, पाश यी तीन थोकको विचार-विमर्श गर्ने दर्शन। यसरी यसको तीन कामले प्रसिद्धि भएको छ। सो काश्मीरमा धेरै फैलिन गएकाले काश्मीरी दर्शनको मुख्य स्वरूपमा मानिन्छ।

परम शिवले आफूबाट उत्पन्न शिवागम द्वैतपरक व्याख्या भएको देखि अद्वैत सिद्धान्तरूप दिन यस दर्शनको आविर्भाव गरी दुर्वासा ऋषिलाई यसको प्रचार गर्न आदेश दिए भन्ने कुरा तन्त्रालोकको टीकामा उल्लेख गरेको पाइन्छ। दुर्वासाका मानस पुत्र त्र्यम्बकले अद्वैत मतको प्रचार गरे। यस दर्शनलाई त्र्यम्बक दर्शन पनि भनिन्छ। वि.सं. ९०७ मा जन्मेको सोमानन्दपाद आचार्यले आफूलाई त्र्यम्बकभन्दा १९ पिँढी मुनिका मानेका छन्। एक पिँढी २५ वर्षको अनुपातमा मान्दा चारौँ शतीतिर त्र्यम्बक भएको देखिन्छ।

मूल प्रवर्तक आचार्य वसु गुप्त १८५७ वि.सं. तिरका हुन्। साक्षात् भगवान् श्रीकण्ठ (शिव) ले नै वसु गुप्तलाई स्वप्नमा निर्देशन दिएकाले उनले महादेव गिरिको एउटा विशाल शिलाखण्डमा लेखिएको शिवसूत्रको उद्धार र प्रचार गरी त्यही ७७ सूत्र यस दर्शनको मूल आधार मानेर वसु गुप्तले स्पन्दकारिका लेखी विशदीकरण गरे। त्यो शिलालाई शिकेपलका नामले अद्यावधि पुकारिन्छ भनेर यी सबै कुरा शिवसूत्र-विमर्शिणीको आरम्भमा आचार्य क्षेमराजले भनेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वसु गुप्तका दुई शिष्य भए । महामाहेश्वराचार्य कल्लट र सोमानन्द कल्लटको सर्वश्रेष्ठ कृति स्पन्दकारिकाको वृत्ति स्पन्दसर्वस्व सोमानन्दको विशदृष्टि र परात्रिंशिका- विवृत्ति छ । सोमानन्दका शिष्य उत्पलाचार्यले ईश्वरप्रत्यभिज्ञा कारिका लेखी परपक्ष खण्डन गरी प्रत्यभिज्ञा दर्शनलाई मण्डन गरे । यस दर्शनमा प्रकाण्ड पाण्डित्यपूर्ण ग्रन्थ लेखेर वास्तवमा यसको गौरवान्वित महिमा कायम गर्न उत्पलाचार्यका प्रशिष्य लक्ष्मण गुप्तका शिष्य परममाहेश्वर अभिनवगुप्ताचार्य नै भए ।

अभिनवगुप्त (१००७ देखि १०५७ वि.सं. मा) लाई काश्मीरका महामाहेश्वराचार्यका रूपमा हामी पाउँछौँ । यिनको दर्शन र साहित्यमा प्रसाद पण्डित देखिन्छ । साहित्यमा अभिनष्ठमारही र लोचनले यिनलाई चिनाउँछ भने प्रत्यभिज्ञा दर्शन र शैव तन्त्रमा यिनको स्थान अलौकिक मानिन्छ । ईश्वर प्रत्यभिज्ञा विमर्शिणी, ईश्वर प्रत्यभिज्ञा विवृत्ति विमर्शिणी, तन्त्रालोक, तन्त्रसार, मालिनी विजय वार्तिक, परमार्थसार, परात्रिंशिका विवृत्ति आदिले यिनी संस्कृत वाङ्मयमा अमर भएका छन् । तन्त्रालोक तन्त्रशास्त्रको विश्वकोष भन्नुमा अत्युक्ति हुँदैन । साहित्य र दर्शनलाई समानाधिकार राखी लिपिबद्ध गर्न सशक्त यिनी वास्तवमा सर्वतन्त्रस्वतन्त्र सिद्ध अलौकिक महामाहेश्वराचार्य भएको मान्नुपर्छ । यिनलाई मत्स्येन्द्रनाथसम्प्रदायका एक सिद्ध कौल पनि भन्छन् । यिनका शिष्यमा क्षेमराज (१०१२ देखि १०३२ वि.सं.) सुयोग्य गुरुका सुयोग्य शिष्य भए । यिनले पनि शिवसूत्र विमर्शिणी, स्वच्छन्द तन्त्र, विज्ञान भैरव तथा नेत्रतन्त्रमा उद्योत टीका, प्रत्यभिज्ञा हृदय, स्पन्दसन्दोह आदि ग्रन्थ लेखे । यसरी प्रत्यभिज्ञा दर्शन विशाल रूपले झाँगिएर फैलिएको छ । यी पछि पनि धेरै टीकाटिप्पणी यस दर्शनमा थपिँदै गएको ऐतिहासिक गवेषणा गर्दा देखिन्छ । जयरथले तन्त्रालोकको टीका लेखी त्यसको व्याख्या गरेर संस्कृत जगत्को ठुलो उपकार गरेका छन् । अब ऐतिहासिक विद्वान्को सानो टिपोट टिपेर यस अगाडि यस दर्शनबारे केही प्रस्तुत गर्छ ।

श्री उत्पलदेवाचार्यबाट सूत्रात्मिका जुन कारिका ईश्वर प्रत्यभिज्ञामाथि लेखिएको छ, त्यसको विमर्शिणी नामक टीका लेख्दा स्वयं अभिनवगुप्तले आफूलाई उत्पलदेवको प्रशिष्य भनी लेखेका छन् । यिनले सोभानन्दनाथलाई यस दर्शनको प्रमुख स्थान दिएको पनि त्यहीँ पाइन्छ । तीन ओटा यी श्लोकले मेरा माथिका कुरालाई प्रमाणित गर्छन् -

श्रीत्रैयम्बकसद्वंशमध्यमुक्तामयस्थितेः ।
श्रीसोमानन्दनाथस्य विज्ञानप्रतिबिम्बकम् ॥ २
अनुत्तरानन्यसाक्षिपुमर्थोपायमभ्यधात् ।
ईश्वरप्रत्यभिज्ञाख्यं यः (उत्पलदेव.) शास्त्रं यत्सुनिर्मलम् ॥ ३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तत्प्रशिष्यः करोम्येतां तत्सूत्रविवृत्तिं लघुम् ।
बुद्ध्वाभिनवगुप्तोऽहं श्रीमल्लक्ष्मणगुप्ततः ॥ ४ (विमर्शिनी)

यसरी उत्पलदेवका प्रशिष्य श्री लक्ष्मणगुप्तका शिष्य अभिनवगुप्तले बुझेर नै प्रत्यभिज्ञा दर्शनको विवृत्ति तयार पारे। उनी आफूलाई यसरी चिनाउँछन्-

पूर्णव्याकरणावगाहनशुचिः सत्तर्कमूलोन्मिष-
त्प्रज्ञाकल्पलताविवेककुसुमैरभ्यर्च्य हृद्देवताम् ।
पीयूषासवसारसुन्दरमहासाहित्यसौहित्यभाग्
विश्राम्यामहमीश्वरद्वयकथा कान्तासखः साम्प्रतम् ॥ (वि. विमर्शिनी)

यिनको मङ्गलाचरणबाट यो अद्वैतवादी शैवदर्शनको स्वरूपको निर्वाह हुन्छ। उनी यस सिद्धान्तको केन्द्रबिन्दुलाई यसरी निर्देशन गरी लेख्दछन् -

निराशंसात् पूर्णादहमिति पुराभासयति यद्-
द्विशाखामाशास्ते तदनु च विभङ्क्तुं निजकलाम् ।
स्वरूपादुन्मेषप्रसरणनिमेषस्थितिजुषस्-
तदद्वैतं वन्दे परमशिवशक्त्यात्मनिखिलम् ॥ १ (विमर्शिनी)

यस पद्यको विशद व्याख्या यसरी गरिन्छ। चिन्मात्र स्वभाव परम शिव नै पूर्णत्व भएकाले निराकाङ्क्ष छ तापनि आफ्नो स्वातन्त्र्यको माहात्म्यले बाहिर देखापर्ने चाहनाले परानन्द चमत्कारको तारतम्यले प्रथम अहम् यस्तो परामर्शताले शक्ति दशामा अधिशयान भएर प्रस्फुरण हुन्छ। त्यसपछि अहम् र इदम् यस्तो परामर्शरूप शाखाद्वयको अवभासण हुन्छ। त्यसमा पनि चिन्मात्रको अधिकरण नै अहम् यस अंशमा जब परमेश्वर इदम् अंशलाई उल्लास गराउँछन्, तब त्यसको प्रोन्मीलित मात्र चित्रकल्प भावराशि विषयत्वले अस्फुटत्व हुँदा इच्छाप्रधान सदाशिवतत्त्व, अहमिहम् यस्तो भावराशिमा फेरि स्फुटीभूत त्यस अधिकरणमा नै इदम् अंशमा जब अहम् अंश अभिनिवेश हुन्छ, त्यसपछि ज्ञानशक्तिप्रधान ईश्वरतत्त्व इदमहम् यस्तो ज्ञान हुन्छ। यसै हुँदा अहम् विमर्शको अविशेष हुँदा पनि यहाँ इदम् अंशको अस्फुटत्व र स्फुटताद्वारा यो विशेष हुन्छ। जब फेरि प्ररूढ भेद भावराशिमा रहेको इदम् अंशको स्फुरणमा चिन्मात्रमा रहेको अहम् अंश उल्लसित हुन्छ, त्यस वेला द्वैतवादीको झैं ईश्वरको जुन "समधृततुलापुटन्याय"ले अहम् भन्ने यस्तो परामर्श त्यो क्रियाशक्तिप्रधान विद्यातत्त्व भनी विभाग गरिएको हुन्छ।

यद्यपि परमशिवको नै यो एकधन ऐश्वर्य हो तथापि त्यसको जब बाहिर उन्मुखतारूपी व्यापार हुँदा शक्तितत्त्व। त्यस्तै सदाशिव र ईश्वरको त्यसो हुँदा विद्यातत्त्व। यस्तै प्रकारले निरंशताले अहन्ता इदन्ताको प्रतिभास

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नरहँदा पनि विसर्गशक्तिको औन्मुख्यले उन्मेष र निमेषात्माका प्रसरस्थितिलाई अवस्थातारतम्यले उद्भासन गरी चमत्कार गर्छ। त्यसमा उन्मेषले स्वान्तर्गत शक्तिभागको शिवभागबाट पृथग् भासनले प्रसरण अर्थात् शिवादि क्षित्यन्त तत्त्वभावले सञ्चार हुन्छ। निमेष हुँदा फेरि शक्तिभागको स्वान्तः संयोजनले अवस्थिति हुन्छ।

यस्तो किसिमको चिदानन्दमय स्वरूपबाट अव्यतिरिक्त हुँदा पूर्ण अहन्तोद्भावनपूर्व अवभास्य भएको निज कलालाई स्वस्वातन्त्र्यशक्ति विच्छेद गरी भासमान गर्न जो शक्तिसामरस्य यामलस्वरूप भएको सदाशिवेश्वरादि तत्त्वदशामा रहन्छ। अर्थात् स्वस्वातन्त्र्य महिमाले नै उपादानादि सामग्री निरपेक्ष प्रकाश मात्र सारताले आफूभन्दा अभिन्न भएर पनि भिन्नझैँ दर्पणनगर झैँ विश्वको वैचित्र्यलाई उन्मीलन गर्छ। त्यो परमाशिवशत्यात्मक परिपूर्ण अद्वैततत्त्वलाई नमस्कार गर्छु।

यहाँको स्वातन्त्र्यवादी उन्मीलनरूप शक्तितत्त्वले गर्दा विवर्तपरिणाम प्रभृति पक्षहरू खण्डित हुन्छन्। नहुन् पनि कसरी ? विवर्त भनेको असत्य रूप निर्भासात्मा मानिएको छ। असत्य पनि र निर्भासित पनि भन्नु कसरी ? परिणाममा रूपान्तरको आविर्भाव र तिरोभाव हुन्छ। प्रकाशको रूपान्तर हुँदैन। त्यसको तिरोधान मान्दा आन्ध्य हुने छ। अप्रकाश प्रादुर्भाव भए पनि प्रकाशित हुँदैन। तिम्रो प्रतिबिम्बवादले संवेदनको स्वच्छता मात्र प्रकट गर्छ, स्वातन्त्र्य होइन। अविद्याभन्दा पनि त्यसलाई अनिर्वाच्य र वैचित्र्यभन्दा कुरा बाभ्भदछ। त्यसै हुँदा प्रकाश विमर्शात्मा, संवित्स्वभाव, परमशिव भगवान् स्वातन्त्र्यले रुद्रादि स्थावरान्त प्रमातृरूपले नीलसुखादि प्रमेयरूपले अतिरिक्त भएर पनि अतिरिक्त झैँ स्वरूपलाई अनाच्छादन गरी संविद् रूप स्वातन्त्र्य महिमाले प्रकाश हुन्छ। यसरी यिनको अद्वैतवाद स्वातन्त्र्यवादको रूपले उन्मीलित भएको छ।

यसले वसु गुप्तले भने -

निरूपादानसंभारमभित्तावेव तन्वते।
जगच्चित्रं नमस्तस्मै कलानाथाय शूलिने।

परमेश्वरको स्वरूपको विमर्श गर्दा प्रकाश, आनन्द र स्वातन्त्र्य यी तीन नै परमार्थता भनेर प्रत्यभिज्ञाशास्त्रले प्रतिपादन गर्छ। प्रत्यभिज्ञाको विमर्श गर्न प्रकरणपञ्चक हुन् - सूत्र, वृत्ति, विवृत्ति, विमर्शिनी र बृहद् विमर्शिनी। सूत्रमा सङ्क्षेपले अर्थावबोधित गरिन्छ, वृत्तिमा त्यसको अन्वयार्थ कथन हुन्छ, विवृत्तिमा पदान्तरबाट अर्थबोधन गरेको पाइन्छ भने विमर्शिनी द्वयले अधिक विचार गरी विमर्श गर्छ। मुख्य उपायभूत हेतु प्रत्यभिज्ञालाई मानिएको छ। 'ज्ञा' धातुको अवबोधन अर्थ छ। त्यसका अगाडि 'अभि' र 'प्रति' दुई उपसर्ग लागेका छन्। संस्कृत जगत्मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उपसर्गले धातुको अर्थ आनका तान फरक पारिदिन्छ। यही पनि 'ज्ञा' का अगाडि 'प्र' उपसर्गले प्रज्ञाको अर्थ प्रकर्षज्ञान हुन्छ भने संज्ञाले नाम भन्ने अर्थ दिन्छ। आज्ञा+अनुज्ञा+अवज्ञा, अभिज्ञा, प्रतिज्ञा आदिका बेग्लाबेग्लै अर्थ छन्। यहाँ प्रतिअभिज्ञामा 'ज्ञा' का अगाडि दुईटा उपसर्ग लागेका छन् 'प्रति' र 'अभि'। यसको अर्थ गर्दै सायणाचार्यले लेखेका छन् - "प्रतिसंधानेनाभिमुखीभूते वस्तुनि ज्ञानं प्रत्यभिज्ञेति व्यवह्रियते।" अर्थात् पहिले चैत्र गाउँघरको केटो थियो, राजधानीमा आई पढे गुनेर ठुलो पदवीमा पुगिसकेपछि उसको गाउँघरको जस्तो लवाइखवाइ थिएन। कहाँ भोटो र कछाड लाउने चैत्र आज अन्तर्राष्ट्रिय क्षेत्रमा नाम कमाएर डाक्टर चैत्र भई राष्ट्रको ठुलो पदवीमा पुगी छातीभर तक्मा लाएर राष्ट्रिय पोसाकमा मोटरमा हिँडेका वेला एउटा चिन्ने मान्छेले तमासा हेर्न आउने त्यही गाउँको अर्को मान्छेलाई यो उही तल्लाघरे साना कान्छाको छोरो चैत्र त हो नि भन्दा त्यो आफ्नो अभिमुखमा रहेको त्यो मान्छेलाई त्यो उही चैत्र हो यस्तो आकारप्रतिसंधानरूप जुन ज्ञान हुन्छ, त्यसले गर्दा त्यो अघि देखेको मान्छे अब यति सुनेर थाहा पाएर देखिँदाको उहीको मान्छेमा जुन प्रतिसंधान गरी हुने ज्ञान हो, त्यही ज्ञान यहाँ प्रत्यभिज्ञा भनिएको हो।

यस दृष्टान्तले हाम्रो प्रसङ्गमा प्रत्यभिज्ञालाई उपयोगमा ल्याउनुपर्छ, यसरी परिपूर्ण शक्तिशाली परमेश्वर छन् भन्ने कुरा शास्त्र, अनुभव, अनुमानले सिद्ध भइसकेपछि आफ्नो अभिमुखीभूत जीवात्मामा ईश्वरको शक्ति प्रतिसंधान गरेर त्यही ईश्वर नै म हुँ "स एवेश्वरोह" भन्ने ज्ञान उदाउँछ। यसो गर्नालाई प्रत्यभिज्ञा परम आवश्यक हुन्छ। हुन त आत्मा ईश्वर स्वभावले प्रकाशित छ। स्वप्रकाशताले सतत अवभासित पनि छ। तथापि जीवात्मा मायावशले गर्दा पूर्ण चैतन्यरूपले प्रकाशित छैन। ईश्वररूप चैतन्यको पूर्णताले अवभासित भएमा त्यसदेखि अपृथकत्वले जीवात्माको स्वको प्रकाशन हुन्छ। यसै हुँदा प्रत्यभिज्ञाको आवश्यकत्व रहन्छ।

जुन वस्तु जुन रूपको छ, त्यसलाई प्रत्यभिज्ञान र अप्रत्यभिज्ञानले खास केही फरक पार्दैन। यो मकै, यो गहुँ, यो तोरी, यो तिल भनी नजान्ने बालकले कुनै बीज मलजल भएको खेतमा छरिदियो भने उम्रँदैन र ? अवश्य उम्रन्छ। बीजलाई सहकारी साकल्य भए अङ्कुर पैदा हुन पुग्छ। त्यहाँ प्रत्यभिज्ञानको कुनै आवश्यकता पर्दैन। त्यस्तै आत्मा शिवस्वरूप छ। त्यसमा प्रत्यभिज्ञानको के निर्बन्ध मान्नुपर्छ भन्ने शङ्का उठ्न नसक्ने होइन तर यो शङ्का गर्नुअघि हामीले अर्थ, क्रियाशक्ति दुईटा छन् भन्ने बुझ्नुपर्छ। एउटा बाह्य क्रियाशक्ति वस्तुनिष्ठ छ, त्यसमा प्रत्यभिज्ञा अपेक्षित हुँदैन। दोस्रो विश्रान्ति, चमत्कार, सार आन्तरक्रियाशक्ति हुन्छ। प्रीत्यादिरूपं त्यसमा प्रमात भने प्रत्यभिज्ञाको आवश्यकता हुन्छ। शिवोऽहम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्ने चमत्कारपूर्ण, परापरसिद्धि, लक्षण, जीवन्मुक्ति, विभूतियोगमयी अर्थक्रियामा ईश्वर प्रत्यभिज्ञा अवश्य चाहिन्छ ।

हुन पनि नायकको गुण सुनेर अनुरागले रातोदिन तड्पेर बसेकी, उसको दर्शनलाई पलपल कल्पेर बसेकी युवतीका अगाडि उनका साथीले बोलाएर प्रेमीलाई खडा गराएर यिनै हुन् तिम्रा प्रियतम भन्दा जति हृदयमा आनन्दको उद्रेक हुन्छ, त्यति त्यो युवक तिनले राम्ररी नचिन्दा आफ्ना अगाडिबाट हिँडेर जाँदा त्यो औत्यसुक्यपूर्ण हुँदैन । प्रत्यभिज्ञान त्यहाँ प्रीति जगत्मा परम आवश्यक छ। त्यस्तै गुरुवचनद्वारा अनुभव र तर्कद्वारा आत्मामा पारमेश्वर्योत्कर्ष हृदयङ्गम हुन्छ। त्यस क्षणमा नै पूर्णतात्मिका जीवन्मुक्ति हुन्छ। सभाभ्यास रसावस्थामा भने विभूति लाभ गर्छ। त्यसो हुँदा प्रत्यभिज्ञा नै परापरसिद्धिप्रदायिनी भनेर यस दर्शनले प्रत्यभिज्ञालाई प्रमुखता दिएको हो ।

यसमा सोमानन्दपादले शिवदृष्टि भन्ने कृतिमा त्यसै हुँदा प्रत्यभिज्ञाको सार्थकतालाई लिएर यसो भने -

एकवारं प्रमाणेन शास्त्राद् वा गुरुवाक्यतः ।
ज्ञाते शिवत्वे सर्वस्थे प्रतिपत्या दृढात्मना ॥
करणेन नास्ति कृत्यं क्वापि भावनयाऽपि वा ।
ज्ञाते सुवर्णे करणं भावनां वा परित्यजेत् ॥

अर्थात् प्रमाणले, शास्त्रले वा गुरु वाक्यले दृढस्वरूप साक्षात्कारले सर्वगत शिवलाई एकै बाजि राम्ररी ज्ञान गरेमा त्यसपछि प्रमाणादि करणको कुनै काम छैन, भावनाको पनि दरकार रहँदैन । रोगमुक्त भएपछि न त वैद्य चाहिन्छ न त औषधि नै चाहिन्छ। जबसम्म सुवर्णलाई थाहा पाइँदैन, तबसम्म सुवर्ण जाँच्न कसी, स्वर्णकार आदिको आवश्यकता रहन्छ र सुवर्ण भनी फ्याँकिएला भनेर सुवर्णको भावना पीत द्रव्यप्रति राखिन्छ। सुवर्ण यो दागको रहेछ भनेर सुनारले कसीमा घोटेर ज्ञात गराएपछि अनि कसी पनि चाहिएन, त्यसमा दाग घोटेर बताइदिने स्वर्णकार पनि चाहिएन र सुन भन्ने भावना गरेर बस्न पनि परेन । यसरी प्रत्यभिज्ञाको प्रकर्षतालाई देखाइएको छ ।

यसैलाई उनका चेला उदयाकरका छोरा उत्पलदेवले भने -

कर्तरि ज्ञातरि स्वात्मन्यादि सिद्धे महेश्वरे ।
अजडात्मा निषेधं वा सिद्धिं वा विदधीत कः ।
किन्तु मोहवशादस्मिन्दृष्टेऽप्यनपलक्षिते ।
शक्तयाविष्करणेनेयं प्रत्यभिज्ञोपदिश्यते ॥

प्रत्यभिज्ञा- परिदर्शनलाई निहालेर विचार गर्दा यसले जडवस्तुको प्रतिष्ठान जीवाश्रित मानेको छ किनभने जडलाई यत्नपूर्वक चित्तत्त्वमा अन्तर्भाव गर्नुपर्छ। आखिर यो परिदर्शन पनि त अद्वैतवादमा निष्ठा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राख्तछ । जीवको परिभाषा पनि यस दर्शनका आचार्यले ज्ञान र क्रियालाई जीवन भनी स्विकारेका छन् । जीवन त्यही हुन्छ, जो थाहा पाउँछ, केही गर्न सक्तछ र स्पन्द गर्न समर्थ हुन्छ । जीवितको जीवनक्रिया कर्तृत्व रूप नै हुन्छ । यही कुरालाई महामाहेश्वराचार्य उत्पलदेवले आफ्नो कारिकामा यसरी उल्लेख गरे -

तथा हि जडभूतानां प्रतिष्ठा जीवदाश्रया ।
ज्ञानं क्रिया च भूतानां जीवतां जीवनं मतम् ॥

यो विशाल विश्वको विमर्श गर्दा सङ्क्षेपमा दुई रूपमा हामी यसलाई पाउँछौं - जड र जीव । त्यसमध्ये जडको फेरि विमर्श गर्ने हो भने जड कदापि स्वतन्त्र हुँदैनन् र आफैमा विश्रान्त तिनमा कुनै धर्म पनि छैनन् । मलाई नील भन्ने प्रतीत हुन्छ, मैले नील जानिन्छ भन्ने भान हुन्छ । जडमा रहेको प्रकाश आत्मनिष्ठ शक्तिको परिचायक हुने हुनाले आत्मामा असत्कल्प प्रकाश नै यी जड हुन् । हुन पनि प्रकाशले अनुत्पादित जड भन्ने कुनै कुरा छैन । यो त भो अस्तित्वरूपले प्रकाशित तत्त्वलाई आत्मरूपले व्याख्या गर्दा जडतत्त्वको जीवदाश्रयत्व । जीवन कर्तृत्व जीवन ज्ञान क्रियात्मक नै हुन्छ । जो जान्दछ र गर्दछ, त्यही जीवित छ भनिन्छ । त्यसै हुँदा यो प्रमाता ज्ञान क्रियाशक्तिका योगले ईश्वर भनी पुराणागमादिमा प्रसिद्ध ईश्वरतुल्य हुन्छ । ईश्वरलाई सिङ समातेर साँढे झैं देखाउन नसकिए पनि सबै विषय ज्ञानक्रियाशक्तिमत्त्व स्वभाव नै ऐश्वर्य हुने र त्यससँग अनुबन्धी जो छ, त्यो ईश्वर भन्ने सिद्ध हुन्छ । जो जति ज्ञाता र कर्ता हुन्छ, त्यो त्यति अंशमा बढ्ता ऐश्वर्यशाली हुन्छ । यस व्याप्तिद्वारा राजालाई उदाहरणमा प्रस्तुत गरी अनुमानद्वारा सिद्ध हुन्छ । ईश्वर-अनीश्वरमा ज्ञातृत्व र कर्तृत्व स्वभाव विरुद्ध हुन्छन् । आत्मामा विश्वको ज्ञाता र कर्ता भएकाले प्रत्यभिज्ञाको परिदर्शन सिद्ध भएको हो ।

जीवमा इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति हुन्छन् - चाहन्छु, जान्दछु र गर्दछु । पहिले इच्छा चाहियो अनि ज्ञान, त्यसपछि क्रिया गरिन्छ । सृष्टिको प्रक्रियामा नै "एकोऽहं बहुस्याम्" यस्तो इच्छा शक्ति परमात्मामा प्रकट भएको हामी शास्त्रमा पाउँछौं । साधारण व्यावहारिक कार्यमा पनि जबसम्म इच्छा नै हुन्न अनि जान्ने, सुन्ने चासै रहन्न, नजानी कुनै काम गर्न पनि सकिन्न । यो त सर्वविदित कुरा नै हो । जीव जगत्मा नै यी तीन शक्ति रहन्छन् । यही कुरालाई यसरी शास्त्रकारले प्रष्ट पारेका छन् -

इच्छा-ज्ञान-क्रियापूर्वा यस्मात् सर्वाः प्रवृत्तयः ।
सर्वेऽपि जन्तवस्तस्मादीश्वरा इति निश्चिताः ॥

यसको भनाइको तात्पर्य के हो भने सारा प्राणीको प्रवृत्ति इच्छा, ज्ञान, क्रियापूर्वक नै हुन्छ । चेतनको धर्म नै ज्ञान क्रिया हो भनेपछि सबै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जन्तु मात्रमा यी धर्म छन्। त्यसै हुँदा सबै जन्तु ईश्वर हुन् भन्ने निश्चित हुन्छ।

ज्ञानशक्ति र क्रियाशक्तिको लक्षण पनि शास्त्रकारको आफ्नो विषयभित्र नै उनले यसरी लक्षण गरेको पाइन्छ -

स्वप्रकाशे निजे धाम्नि भासयेद् भावविभ्रमान्।
भासना च क्रियाशक्तिरिति शास्त्रेषु कथ्यते।

अर्थात् स्वप्रकाश आफ्नो धाममा भाव जगत्को विभ्रहमहरूलाई भासमान गराउँछ, त्यही भासना क्रियाशक्ति भनेर शास्त्रमा भनिन्छ। जहिले विचित्र सूक्ष्म फलनाहरूलाई प्रविभाग गरिन्छ, भासनाले भान हुन नसक्ता कसरी नामादिकल्पना हुन्छन् भन्दा त्यसको अन्तस्थित भानलाई ज्ञानशक्ति भनिन्छ र त्यही अहं पदवाच्य ठानिन्छ। यस भावलाई तलका कारिकाले पुष्टि गर्छन् -

यया विचित्रतन्वादिकलना प्रविभज्यते।
भासनानवभाते च कथं नाम प्रकल्पनम्॥
तदस्यान्तः स्थितं भानं ज्ञानशक्तिरहं स्मृता।

यसरी यस दर्शनले स्पन्दन र जातको स्वरूपमा विशद विमर्श गरी आफ्नो मौलिक विचारले शैवमतलाई परिवर्तनको भूमिका प्रदान गरेको देखिन्छ।

दर्शनका क्षितिजमा धेरै सिद्धान्त उदाएका छन्। आफ्नो मत प्रतिपादन गर्न अरूको दर्शनका कुरालाई खण्डन नगरे सुरुक्क कसैले पत्याइदिने होइनन्। त्यसैले हाम्रो यो क्षेत्र वादप्रधान हुन्छ। जुन पक्ष आत्माको सद्भावमा नै विप्रतिपन्न छन्, ती कसरी आत्माको ऐश्वर्यलाई मान्लान् र। अहं प्रतीति नै शरीराद्यवसायिनी भन्ने छन्। त्यसो हुँदा यसबारेमा प्रत्यभिज्ञा सूत्रको एक अध्यायको दुई आह्निकमा धेरै खण्डन परपक्षको गरी स्वपक्षको मण्डन गरेको छ। त्यो यहाँ उद्धृत गर्नु सट्टा पाठकले त्यतैबाट अवगत गर्नु सहज र सरल हुने ठान्दछु। तर प्रत्यभिज्ञाशास्त्रमा स्मृतिशक्तिको खास आफ्नो मर्यादा रहन्छ। स्मृतिको विनाशमा प्रत्यभिज्ञाको स्वरूप निर्धारण गर्न असम्भवप्राय: हुन्छ।

आत्मालाई अनुमेय गर्ने र नित्य मान्ने पक्षको हेतु नै स्मृति हुन्छ। हुन त स्मृतिलाई संस्कारजन्य भनेर कुचोद्य गर्ने पक्ष नभएको होइन। तथापि स्मृतिलाई अनुभवानुरोधिनी मानेर कुरा गर्छन्। संस्कारबाट स्मृति सिद्ध भए पनि संस्कारको आश्रयरूप आत्मा नित्य सिद्ध हुनुपर्छ। अनुमानले, बौद्ध दर्शनले नित्य आत्मालाई खण्डन गर्छ। यसको धर्मलाई त्यही कारणले नित्यत्व प्रतिपादन गर्न दिँदैन। तर ईश्वर यही नित्य आत्मा मान्ने दर्शनले संसारको स्थितिलाई र पुनर्जन्मको प्रक्रियालाई लिएर "न हन्यते हन्यमाने शरीरे" भनी सिद्ध गर्छन्। ती विवाद परम्परागत छँदै छन्। दुवैको पक्षमा जोडतोड गर्ने क्षमता छ। त्यतापट्टि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नगई म यहाँ यस दर्शनले मानेको स्वतन्त्र तीन शक्तिको उल्लेख गर्छु। ती तीन हुन् - स्मृतिशक्ति, ज्ञानशक्ति र अपोहनशक्ति। अन्त्य अपोहनशक्तिको केही व्याख्या नगरे पाठकलाई बुझ्न गाह्रो पर्छ। जसरी तसरी भगवान्को स्वातन्त्र्य शक्तिले मायीय प्रमाताको विकल्परूप जुन विज्ञान हो, त्यही अपोहनशक्ति भनी छोटकरीमा बुझ्नुपर्छ। स्मृति र ज्ञानशक्तिबारे यहाँ त्यत्ति उल्लेख नगरे पनि पुग्ला ठान्छु।

यस परिदर्शन फेरि महेश्वरलाई सर्वशक्तियुक्त मानेर कारण सापेक्ष मान्दैन। शैवमतमा यही कुरा परस्परमा विवादग्रस्त रहेको पाइन्छ। चितिदेखि अलग पदार्थ कहीँ पनि हेतु हुँदैनन्। चिति नै स्वतन्त्र विश्व सिद्धिको हेतु मानिएको छ।। माया प्रकृत्यादि चित्प्रकाश भिन्न होइनन्। अप्रकाशमान वस्तु असत् हुन्छ। असत् वस्तु कहीँ पनि कारण भनी स्वीकार गर्न सकिन्न। चिति अर्थात् चैतन्य प्रकाशरूप भएकाले हेतु हुन्छ। यसबाट सृष्ट, देशकाल यसमा नै अनुप्राणित हुँदा यसलाई छाडेर आफ्नो अस्तित्व कायम गर्ने कुरा नै हुँदैन। त्यसै हुँदा यो भनाइ यहाँ बडो सुसङ्गत हुन्छ -

देशकालाकार भेदः संविदो न हि युज्यते।
तस्मादेकेन पूर्णाहं-विशुद्धात्मा चिदुच्यते॥

अर्थात् संविद् देशकाल र आकारदेखि भेद छ भन्न सुहाउँदैन। त्यसै हुँदा पूर्ण एक विमर्शात्मा चित् छ भनिन्छ।

चित् देखि जगत्लाई अभेद मान्ने भए यहाँ कसरी हेतु हेतु-मद्भाव भनिन्छन् त भन्ने शङ्कामा स्वच्छ स्वतन्त्ररूप चित् तत्तत्, अनन्त जगत् रूपले स्फुर्दछ। परमार्थमा यही कार्यकारण भाव भनिएको मान्नुपर्छ। प्रमाता, प्रमाण र प्रमेय भन्नु त्यही भित्रको परिकल्पना मात्र हो। चेतन नै स्वात्मदर्पणमा भाव पदार्थहरूलाई प्रतिबिम्ब झैँ अवभासन गर्छ। पूर्वाचार्यहरूले यही कुरा यसरी भने -

निरूपादन संभारमभित्तावेव तन्वते
जगच्चित्रं नमस्तस्मै कलानाथाय शूलिने॥

उपादान कारणविना नै अभित्तिमै जगत्रूपी चित्र फैलाउने भएका कालश्लाघ्य शिवभट्टारकलाई नमस्कार छ। यो सिद्धान्त मान्दा सबभन्दा ठुलो पहिरो जान्छ नियमिततामा। "तत्सत्ते तत् सत्ता तदभावे तदभावः" भनेर हामीले समानाधिकरण्य हेतुद्वारा व्याप्ति सिद्ध गरी लिङ्गपरामर्शबाट अनुमानलाई ठुलो आड मानेका थियौँ प्रमाणमा त्यो त यस कुरा स्विकारेमा भस्मावशेष हुन्छ अनुमानकथा। धूम र अग्निको जुन व्याप्तिद्वारा हामी अनुमान गर्न नियम पाउँथ्यौँ, त्यो उल्लङ्घन गरिँदा कार्यकारणभावको सबै नियम विघटन हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस किसिमको यिनीहरूको तर्कलाई प्रत्यभिज्ञावादी के भनेर खण्डन गर्छन् भने यो भएपछि यो हुन्छ भन्ने कार्यकारणता सापेक्ष हुन्छ। अर्थात् पूर्वता भनेको प्रयोजक सत्तावत्त्व, परता भनेको प्रयोज्य सत्तावत्त्व हुन्। यी पूर्वता र परता भावद्वय भए। त्यसो भएपछि त्यहाँ तिनमा पनि अपेक्षारूपत्व रहनुपर्छ तर जड वस्तुमा अपेक्षा हुँदैन। यही कुरा ईश्वर प्रत्यभिज्ञामा उत्पलदेवले कारिकाबद्ध गरे -

अस्मिन् सतीदमस्तीति कार्यकारणतापि या।
साप्यपेक्षाविहीनानां जडानां नोपपद्यते।

विना उपादानले कार्य सम्पादन गर्ने कुरालाई इच्छामात्रले योगीले गर्न सकेको कुरालाई अगाडि उभ्याएर यसअघि अर्को कारिका पनि त्यहीं उल्लेख गरिएको छ।

योगिनामपि मृद्बीजे विनैवेच्छावशेन तत्।
घटादि जायते तत्तत् स्थिरस्वार्थक्रियाकरम्॥

यस कारिकाको व्याख्या गर्दै अभिनवगुप्ताचार्यले लेखेका छन् - जुन चेतन प्रेरित कारण पनि प्रसिद्ध मृदादिद्वारा घट बन्छ, जुन चेतनको अपेक्षा नगरी बीजले अङ्कुर पैदा गर्छ, यदि वास्तविक यिनै मात्र कारण भए मृदादि र वीजादिको अभावमा योगीच्छा मात्रले घट र अङ्कुरको जन्म कसरी हुन्छ त ? ऊ अकारणत्व भयो योगीच्छा। मृद्बीजादिजन्य घट, अङ्कुर अन्य र योगीच्छाजन्य घटाङकुर बेग्लै भन्न सकिन्न पनि केही तिनमा फरक नपाइएकाले। योगी अप्रतिहतेच्छ भएपछि जलाहरण, अर्थक्रिया, सम्पादक घट, र पुष्प फलोत्पादक अङ्कुर नै पैदा गर्छ। योगीको योगद्वारा भएको घटाङ्कुरमा विश्वास नगर्ने त कुरै भएन। उपादान कारण चाहिन्छ चाहिन्छ कार्यका लागि। योगी इच्छाले परमाणुहरू सङ्घटन गरी वस्तु उत्पादन गर्छन् भन्नेहरू पनि छन्।

तिनलाई एउटै कुरो सम्झाउनु छ। त्यो के भने अन्वयव्यतिरेकी कार्यकारणभावलाई लिई योगीले परमाणुको सङ्घटन गर्दा एक तिल र एक रौँ पनि तलमाथि नगरी कार्य सम्पादन गर्नुपर्छ। लौकिक रीति अँगालेर मृद्दण्डचक्रादिद्वारा कपालादि बनाई घट र स्त्री-पुरुष संयोग सबै अपेक्षा गर्दा देह निर्माणमा लाग्ने देखिएको दीर्घतर कालपरिवाश हुनुपर्छ। योगीच्छाले त तत्कालमै घटदेहादि सम्भव गराउँछ नि। एक भक्त योगीमा त यो चमत्कार पाइन्छ भने भगवान् परमशिवभट्टारकले नियतिलाई नाघेर आफ्नो स्वातन्त्र्यले जग निर्माण गर्नमा पनि सामर्थ्य हुने हुँदा कुनै विरोध छैन भन्ने यिनीहरूले प्रमाणित गरेको पाइन्छ।

यिनीहरूले छत्तीस तत्त्व मानेका छन्। ती हुन् - १ शिव, २ शक्ति, ३ सदाशिव, ४ ईश्वर, ५ शुद्धविद्या, ६ माया, ७ कला, ८ विद्या, ९ राग, १०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काल, ११ नियति, १२ पुरुष, १३ प्रकृति, १४ बुद्धि, १५ अहङ्कार, १६ मन, १७ श्रोत्र, १८ त्वक्, १९ चक्षु, २० जिह्वा, २१ प्राप्न (प्राण), २२ वाक्, २३ पाणि, २४ पाद, २५ पायु, २६ उपस्थ, २७ शब्द, २८ स्पर्श, २९ रूप, ३० रस, ३१ गन्ध, ३२ आकाश, ३३ वायु, ३४ बह्नी, ३५ सलिल, र ३६ भूमि। मुख्य करण यीमध्ये पुरुषको ज्ञानमा विद्या र क्रियामा कला रहेको छ। भनेको पनि पाइन्छ -

विद्यां विना हि नान्येषां कारणानां निजा स्थितिः।
कलां विना न तस्याश्च कर्तृत्वं ज्ञातृता यतः॥
कलाविधे ततः पुंसां मुख्यं तत्करणं विदुः।

विद्या र कलापदको अर्थलाई शास्त्रद्वारा विमर्श गर्दा विद्या भनेको उन्मनाशक्ति या सङ्कुचिता सर्वज्ञत्वशक्ति र कला भनेको सङ्कुचिता कर्तुत्वशक्ति भन्ने देखिन्छ।

अरू शास्त्रमा सृष्टि, स्थिति, संहारको प्रक्रियाअनुरूप तदधिष्ठातृ देवतामा ब्रह्मा, विष्णु, शिवको नामको क्रमरूपता पाइन्छ भने शैवको रहस्य यस परिदर्शनमा रुद्रलाई प्रमुखता दिएर ब्रह्मा विष्णुको व्यवस्था गरिएको पाइन्छ। यही कुरा प्रमाणित गर्न म उत्पलदेवको यो कारिका उद्धृत गर्छु।

तत्रैतन्मातृतामात्रस्थितौ रुद्रोऽधिदैवतम्।
भिन्नप्रमेयप्रसरे ब्रह्मविष्णू व्यवस्थितौ॥

यसको व्याख्या गर्दा अभिनवगुप्तले भनेको यस्तो छ - प्रमेयहरू आफ्ना उपसंहृत भएको दशामा अर्थात् संहार अवस्थामा त्यसको अधिष्ठातृ देवतात्व लिंदा अर्थात् भगवान परमशिवभट्टारक नै भगवान् रुद्ररूपमा प्रकट हुन्छन्। मायायुक्त प्राण-अपान, धर्म-अधर्म, सूर्य-चन्द्र, दिन-रात्री आदि विभागरहित प्रपञ्च विगलन हुंदा पनि तृतीय नेत्र उन्मीलित गरेर रहिरहन्छन्। प्रमेयको सम्पादन गरी सृष्टि गर्दा ब्रह्मा र त्यस प्रमेयको सन्तान प्रवहण गर्छ अर्थात् स्थिति रूप कायम रहुन्जेल त्यसको अधिष्ठाताका रूपमा विष्णुको रूप हुन्छ। प्रमेय नै यो भनी प्रकाशात्माले प्रधानता गर्ने प्रमातृता स्वरूपलाई त्यति अपेक्षा नराख्ने ब्रह्मा र विष्णु हुन्छन् र यसै हुँदा ब्रह्मा र विष्णुको बुद्धि र गुणद्वारा नै ऐश्वर्य र ज्ञानसँग योग हुन्छ। रुद्रको शुद्ध ऐश्वर्य ज्ञान हुने हुँदा तेस्रो नेत्रको उन्मीलन हुन्छ। ब्रह्मा विष्णुको तेस्रो नेत्र उन्मीलित हुँदैन। यहाँ आएर हामी शिवको तेस्रो नेत्रको अर्थ बुझ्न समर्थ हुन्छौँ। वास्तवमा शून्यभूमिमा यस विश्वको विश्रान्ति हुन्छ। शून्यभूमिको अर्थ हो प्रलयकालावस्था। अर्थात् कलातत्त्वोपलक्षित करण कार्यरहित अबोधरूप कर्ताहरू प्रलयाकल हुने र त्यही अवस्था हाम्रो शून्यभूमि हुन्छ। सदाशिवतत्त्व यहाँ तृतीय तत्त्व हो। महाशून्यातिशून्य नामक शक्तिमा महेश्वरको अहम् र इदम् भन्ने भेद नरहने पूर्ण अहन्ता चमत्कारमयावस्था विशेष सदाशिवतत्त्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भएकाले उनको तेस्रो नेत्र हुनु यहाँ सङ्गत हुन्छ। शिवको पञ्चकृत्यभित्र सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह मानिएको र यसको अर्को परिभाषा गर्दा आभासन रक्ति-विमर्शन-वीजावस्थापन र विलायन भन्ने पनि देखिन्छ। यसैले यस दर्शनमा पतिको स्वतन्त्रतामा कर्मादि निरपेक्षता रहन उसको वास्तविक स्वामित्व पनि भन्नुपर्छ। पशु अज्ञानी, अविद्यास्मितादिहरूले पाशित जीव हुन्छ र ऊ सदा पतिको अनुग्रहबाट आफू उन्मुक्त हुन चेष्टा गर्छ।

हामीले शिवको तृतीय नेत्रलाई अग्निस्वरूपको मानेका छौँ, त्यो अग्नि पनि कालाग्नि अर्थात् संहाराग्नि हो। भाल नेत्रले काम भस्मावशेष भएको कथा पनि छ। यसको तात्पर्य प्रत्यभिज्ञा हृदयको चौधौँ सूत्रको अध्ययन गर्दा मतलब बुझ्न सहयोगी बन्छ। त्यहाँ राजानकक्षेमराजाचार्यले-

"चितिवह्निरवरोहपदे छन्नोऽपि मात्रया मेयेन्धनं प्लुष्यति"।

चिति नै विश्वलाई ग्रसनशील भएकाले अग्नि हो। यही नै अवरोहपदमा अर्थात् माया प्रभातृतामा छन्न भएर पनि अर्थात् स्वातन्त्र्यबाट आच्छादित स्वभाव भएर पनि खरानीले ढाकिएको अग्निले झैँ मात्राले नै अर्थात् केही अंशले पनि प्रमेय पदार्थरूपी इन्धनलाई प्लुष्यति=स्वात्मसात् गर्छ। अब यताबाट प्रज्ञानेत्र शिवको तेस्रो नेत्र हो, जो चैतन्यमय ज्ञान ज्योतिले यो विश्वलाई सल्काएर भष्मावशेष पार्छ। यो गुण शिवमा रहेकाले उत्पलदेवले आफ्नो स्तुतिमा यसो भनेको यहाँ मेरो कुराको पुष्टिमा प्रमाणित गर्न बन्छ झैँ लाग्छ। उत्पलदेवाचार्यः -

वर्तन्ते जन्तवो शेषा अपि ब्रह्मेन्द्रविष्णवः।
ग्रसमानास्ततो वन्दे देवविश्वं भवन्मयम् ॥

क्रमसूत्रकारले यस अघि पनि यस कुरालाई प्रतिपादित गरेको पाइन्छ। जस्तै -

यथा बन्हि रुद्बोधितो दाह्यं दहति तथा विषयपाशान् भक्षयेत्।

अर्थात् जस्तो अग्नि जगाएपछि दाहा (डढाउने वस्तु) डढाउँछ, त्यस्तै विषयपाश भक्षण गर्छ। पृथिवीदेखि सदाशिवसम्मको विश्वलाई चितिले आत्मसात् गरिदिन्छ। यतिमै यहाँ कुरा टुङ्ग्याएर छोटकरीमा यो दर्शन पनि पाशुपत दर्शन झैँ पति, पशु, पाश त्रिपदार्थवादी भएकोमा र त्यसका बारेमा गरिएको लक्षणकारिका यहाँ उल्लेख गर्दै यस दर्शनको सारतत्त्वलाई लेख्ने तर्फ मोडिन्छु। पति र पशुको भेद यसरी यहाँ स्पष्ट पार्दछ कारिकाले -

स्वाङ्गरूपेषु भावेषु प्रमाता कथ्यते पतिः
मायातो भेदिषु क्लेश-कर्मादिकलुषः पशुः ॥

जो युक्त छ र भाव पदार्थ आफ्नै अङ्गरूपमा ज्ञान गर्छ, त्यो पति भनिन्छ। माया शक्तिकृत भेदहरूलाई जुन व्यतिरिक्त तत्त्व हुन्, तिनलाई जब ज्ञान गरी तिनै माया, पाशरूप, क्लेश, कर्मवासना र विपाकरूप पाशले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आफू जेलिन्छ अर्थात् पाशित हुन्छ, तव त्यो पशु हुन्छ। पशुका भेद यस अघिका शैव मतमा भनिसकिएका छन्।

यसरी पतिपशुरूप प्रमातृतत्त्वलाई यहाँ प्रस्तुत गरियो। अब श्री सदाशिवेश्वर पददेखिन् लिएर क्रिमिपर्यन्त प्रमातृवर्गाधिष्ठातृ जुन अहम् हो, यस्तो रूप त्यही नै आत्मत्वले ठम्याउँछ मुक्तले। त्यसो हुँदा विश्वको पनि प्रमेय मेरो पनि प्रमेय हो र मेरो प्रमेय विश्वको पनि प्रमेय हो। यो प्रमेय मेरै अङ्ग भूत हो, प्रमेयान्तर पनि त्यस्तै हो। यही क्रमले प्रमेय परस्परमा र प्रमातृ वर्गदेखिन् अभ्यावृत छन् भनी एकरस अभेद विश्रान्ति तत्त्व मुक्तको सबै परामर्श पदमा प्राप्त हुन्छ। बुद्धको चाहिँ ठिक यसको विपरीत भेदमा विश्रान्त हुन्छ।

जीवन्मुक्तको लक्षण गर्दै क्षेमराजले लेखे -

चिदानन्दलाभो देहादिषु चैत्यमानेष्वपि चिदैकात्म्यप्रतिपत्तिदार्ढ्यं जीवन्मुक्तिः।

योगद्वारा ब्रह्मनाडीको विकास गरेपछि चिदानन्द लाभ हुन्छ। चिदानन्द लाभपछि व्युत्थान दशामा पनि अर्थात् जगत्को आभास हुँदा पनि समावेश संस्कार बलद्वारा चिदैकात्म्यप्रतिपत्तिमा जब दृढता रही चिदेकत्व प्रथा विचलित हुँदैन, जीवित भए पनि प्रत्यभिजात निजस्वरूप भएको र अशेष पाशराशि सबै छिन्नभिन्न भइसकेकाले मुक्ति हुन्छ। यही हो जीवन्मुक्ति भनेको। यसलाई स्पन्दशास्त्रमा यसरी भनिएको छ -

इति वा यस्य संवित्तिः क्रीडात्वेनाखिलं जगत्।
स पश्यन् सततं युक्तो जीवन्मुक्तो न संशयः॥

फेरि फर्केर राम्ररी जान्नु अर्थात् पहिचान्न यो अर्थ प्रत्यभिज्ञा शब्दको वाच्यार्थ भनिसकियो प्रति+अभि+ज्ञा+अङ्+टाप्) प्रत्यभिज्ञा भनेर। आफूले परिचित भइरहेको व्यक्तिको पनि गुणहरू थाहा नभई पछि अर्काको कुराबाट त्यसको वैशिष्टच थाहा पाएपछि उसमा जुन श्रद्धा, भक्तिभाव जाग्रत हुन्छ, त्यही नै यस दर्शनले मुख्य ज्ञानको विन्दु ठम्यायो। यस केन्द्रविन्दुको प्रेमकारक तत्त्व नै प्रत्यभिज्ञा हुनाले 'प्रत्यभिज्ञा' एक चरमतत्त्व प्रतिपादित भएको छ। यसै कारणले साहित्य सागरको यो कौस्तुभमणि भन्न पनि अत्युक्ति हुन्न र यस दर्शनले साहित्य विधामा एक नयाँ क्षितिज उघारेको पनि छ। दर्शनका यी महामाहेश्वराचार्य अभिनवगुप्तपाद ध्वनिवादका एक प्रमुख प्रवक्ता मानिन्छन्। प्रत्यभिज्ञाको दृष्टान्त नै प्रेम परिपाकमा उपसंहृत गरिएर उदाहरण बनी प्रस्तुतीकरण भएको छ कारिकामा, जुन यस प्रकार छ-

तैस्तैरप्युपयाचितैरुपनतः स्तन्व्याः स्थितोऽप्यन्तिके
कान्तो लोकसमान एवमपरिज्ञातो न रन्तुं यथा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लोकस्यैष तथानवेक्षितगुणः स्वात्माऽपि विश्वेश्वरो
नैवालं निज वैभवाय तदियं तत्प्रत्यभिज्ञोदिता ॥

जुन वेला नायकको गुण सुनेर अनुराग बढेकी कामिनी ती प्रियतमको दर्शन नै परम उपादेय ठानेर रातदिन मन रोक्न नसकी देवता भाकी दूतीलाई पठाएर प्रेमपत्र लेखी आफ्नो बेहाल बताएर दुब्ली-पातली भएर रहेकी हुन्छिन्, त्यही वेला उनको त्यो याचनामा अपरझट नचिताईकनै आफ्नै नजिकमा प्रियतम देखेर परामर्श नगरिँदा साधारण कोही पुरुष होला भनेर सम्पन्न प्रियतमको अवलोकनले हृदय पूर्णतामा पुग्दैन। जुन बखत दूतीको वचनद्वारा अथवा तिनको लक्षण अभिज्ञान गरेर यद्वा उपायान्तरले तिनका उत्कर्षहरू हृदयङ्गम गरेर पहिचान्छिन्, त्यही क्षणमा नै अद्भुत पूर्णता प्राप्त गर्छिन्। परिभोग-आनन्द-रससागरमा निमग्न हुँदा विश्रान्ति पनि पाउँछिन्। यस्तै आफ्नो आत्मामा विश्वेश्वर हरघडी भासमान हुँदा पनि त्यस निर्भासनले हृदयले पूर्णता लिँदैन। किनभने भासमान आत्मालाई विश्वज्ञत्व कर्तृत्वादि अप्रतिहत स्वशक्ति लक्षण पारमेश्वर्य उत्कर्षद्वारा परामर्श नगरी साधारण भासमान घटपटतुल्य ठानिएको छ। जब गुरुवचनद्वारा या ज्ञान, क्रिया, लक्षण शक्तिको अभिज्ञानादिबाट पारमेश्वर्योत्कर्ष हृदयङ्गम हुन्छ, तत्क्षणमै पूर्णतात्मिका जीवन्मुक्ति हुन्छ। समावेशाम्यासरस भएमा ता विभूति लाभ हुन्छ। यसै हुँदा यस लोक र परलोक हुँदैमा प्रत्यभिज्ञा नै परसिद्धि र अमरसिद्धि प्रदायिनी हुन्छ।

उदयाकरका सुपुत्र उत्पलदेवाचार्यले यो कारिका लेखेको र यसको अर्थ अभिनय गुप्ताचार्यले गरेअनुसार यहाँ भाषान्तर गरी मैले यहाँ प्रस्तुतसम्म गरेको हुँ।

जीवन्मुक्ति भनेको चिदानन्दलाभ हो, मध्यविकासबाट हुन्छ भनी अघि पनि भनिसकिएको छ। यहाँ मध्यको व्याख्या गर्दा संविद्लाई नै मानिएको छ। पहिले संवित् प्राणमा परिणत हुन्छ। प्राणशक्तिले देहादि भूमि स्विकारेको देखिन्छ। अवरोहक्रमले बुद्धि देहादिमा अधिशयान गरी नाडी सहस्रसरणि अनुसरण गर्छ। त्यसलाई पनि ब्रह्मरन्ध्रबाट अधोवक्रभागपर्यन्त प्राणशक्ति ब्रह्माश्रयमध्यम नाडीरूपले प्राधान्य भइरहेको छ। सबै वृत्तिको उदय त्यतैबाट त्यसैले भएको छ। विश्रान्ति पनि त्यही नै हुन्छ। अभिज्ञात परतत्त्व भएका संसारी पशुका निम्ति त्यस्तो प्राणशक्ति निमीलित रूपमा नै रहन्छ। जब भनिएका युक्तिक्रमद्वारा सर्व पशु अन्तर्तमत्वमा मध्य भएको संविद् तत्त्व विकसित हुन्छ अथवा योगमार्गद्वारा ब्रह्मनाडी विकसित हुन्छ, त्यसपछि त्यसको विकाशले चिदानन्द प्राप्ति हुन्छ अनि जीवन्मुक्ति हुन्छ भन्ने कुराको व्याख्या प्रत्यभिज्ञा हृदयमा क्षेमराजले लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसबाट हामीले एउटा नयाँ कुरा के पाउँछौ भने "प्राक संवित् प्राणे परिणता" अर्थात् पहिले संवित् प्राणमा परिणत भयो। जब संवित् प्राणको रूपमा परिणत भयो अनि प्राणायाममुद्रावन्धादिसमस्त-यन्त्रणा तन्त्र त्रोटनले सुखोपाय हुन्छ भन्ने कुरामा सङ्गति आउँछ। प्राणायामादिबाट प्राप्त हुने चिदानन्दलाभ जो छ, त्यही नै परमयोगीको समाधिको स्वरूप हो। परमयोगीहरू व्युत्थानावस्थामा पनि भावराशिलाई शरद्कालको बादलको टुक्रा झैं चिद्गगनमा नै लीयमान देखेर फेरि पनि अन्तर्मुखी हुँदै चिदैक्य नै विमर्श गरेर समाधिमा नै एक रस भएको भान गर्छन्।

यसको फलमा आफ्नो सूत्रलाई अन्तिम रूप दिन क्षेमराजले लेखे- "तदा प्रकाशानन्दसार महामन्त्र वीर्यात्मक पूर्णाहन्तावेशात् सदा सर्वसर्गसंहारकारिनिजसंविद्देवताचक्रेश्वरता प्राप्तिर्भवतीति शिवम् ॥"

सर्वमन्त्र जीवितभूत पूर्ण पराभट्टारिका रूपमा अहन्तालाई मानेर आगम विद्याको शक्ति प्राप्त गर्छ। भैरवीमुद्रा अर्थात् खेचरीमुद्राको लक्षण गर्दा भनेको छ यस प्रसङ्गमा-

मनः स्थिरं यस्य विनावलम्बनं
वायुः स्थिरो यस्य विनावरोधनम्।
दृष्टिः स्थिरा यस्य विनावलोकनं
स्यात् सैव मुद्रा विमला च खेचरी ॥

यसमा मुद्राक्रम आदि पनि जुन कारण रूपले प्रस्तुत गरिँदै गए, ती तान्त्रिक प्रक्रियाका समावेशका कारणमा परिणत भएका छन्। आगमको दार्शनिक स्थिति यो मेरो अर्को विषयमा पर्ने हुँदा यति मात्र यहाँ सङ्केत गर्छु। शिवतत्त्वको अभिन्नता जगत्सँग गर्दै शिवस्वरूपदेखि आफू पनि अभिन्नत्व प्रतिपादन गरेर यो दर्शन अद्वैतवादी भएको छ। अन्त्यमा-

देहप्राणसुखादिभिः प्रतिफलं संरुध्यमानो जनः
पूर्णानन्दघनामिमां न चिनुते माहेश्वरीं स्वां चितिम्।
मध्ये बोधसुधाब्धिविश्वमभितस्तत्फेन पिण्डोपमम्।
यः पश्येदुपदेशतस्तु कथितः साक्षात् स एकः शिवः ॥

इति शिवं भूयात्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्बद्ध चित्रहरू



देवपत्तनमा रहेको पशुपतिनाथको मन्दिर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पशुपतिनिर चौँसट्ठी लिङ्गको तलतिर रहेको चतुष्कोणाकार जलहरी भएको प्राचीन शिवलिङ्ग । यसले खालि योन्याकारमा रहेको लिङ्ग शिवको प्रतीक भन्ने वादको प्रतिवाद गर्छ । यो वेदीमध्यमा रहेको अग्निरूपलाई प्रमाणित पनि गर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भक्तपुरमा रहेको पशुपति मन्दिर । पशुपति मन्दिरलाई मल्ल राजाले आफ्नो राज्यमा पनि राखेको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



भक्तपुरमा रहेको मन्दिरभित्रको पशुपतिको पञ्चमुखी लिङ्ग

CC-0. Nepal Sanskrit Academy, Kathmandu



पशुपतिको मन्दिर हनुमानढोका दरबारनिर पनि छ। पशुपतिलाई काठमाडौँ मखनटोलमा पनि स्थापना पछि गरिएको देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



महादेव चउर बालुवाटारमा मन्दिर भत्की बाहिर रहेको पञ्चमुखी शिवलिङ्ग । यो पशुपति नाथको झैँ पञ्चमुखी भएर पनि सानो आकारमा रहेको छ । यसको जलहरी वर्तुलाकारको छ ।

काष्ठमण्डप नामक मन्दिर, जो नाथसम्प्रदायको एक अडा भएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



वनकालीनिर रहेको शिवगोरक्षको प्रतिमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu



मृगस्थलीमा रहेको गोरखनाथको मूर्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काष्ठमण्डपभित्र रहेका नाथसम्प्रदायका एक सिद्धको प्रतिमा ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाल प्रज्ञा-प्रतिष्ठान

9789937761109